# लेखापरीक्षण प्रतिवेदन

# उर्लाबारी नगरपालिका, मोरङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## उर्लाबारी नगरपालिका, मोरङ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/445

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुख ज्यू,
उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरङ्ग ।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २८ करोड १० लाख ३ हजार, पर्यटन पुर्वाधार विकास आयोजनाको रु. २९ लाख ४१ हजार, राष्ट्रपति महिला शसक्तिकरण परियोजनाको रु. १० लाख ९९ हजार,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.५९ लाख ९० हजार समेत गरी रु. २९ करोड १० लाख ३४ हजार समावेश गरेको छैन।

२. यस नगरपालिकाको रु.२ अर्ब ६३ करोड ५४ लाख ४४ हजारको लेखापरीक्षण गरिएकोमा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा ९० सैद्दान्तिक दफा सहित रू.५ करोड ५७ लाख २ हजार बेरुजू देखिएको छ। प्रारम्भिक प्रतिवेदन जारी भए पश्चात प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भई रु.४ करोड १६ लाख ६६ हजार फर्यौट भई प्रतिक्रिया मार्फत थप रु.२४ लाख ७५ हजार बेरुजु थप भई असुल गर्नुपर्ने रू.२३ लाख २ हजार,प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६६ लाख ४१ हजार, नियमित गर्नुपर्ने रु. ७५ लाख ६७ हजार बेरुजु बाँकी रहेको छ। गत वर्षसम्म रु.३२ करोड ९१ लाख ३१ हजार बेरुजू बाँकी रहेकोमा यस वर्षको बेरुजु समेत अद्यावधिक बेरुजू रु.२२ करोड ६८ लाख ७७ हजार देखिएको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने उर्लाबारी नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **उर्लाबारी नगरपालिका**को व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९० | १२६ | ५,५७,०१,६९६ | ० | ५० | ४,१६,६५,५५४ | २४,७४,६३५ | ९० | ७६ | १,६५,१०,७७७ | २३,०२,१२३ | ७५,६७,३०१ | ६६,४१,३५३ | ० | ० | १,४२,०८,६५४ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ्ग | ३२,९१,३१,००८ | ० | ११,९२,४७,६३४.३१ | २०,९८,८३,३७३.६९ | ४,८३,३५२ | १,६५,१०,७७७ | २२,६८,७७,५०२.६९ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | १२० | ह्युप पाईप खरिद :- | ९,०१,७०० |
| २ | २०८०/८१ | ९१ | स्यानिटरी प्याड- | ४२,६८६ |
| ३ | २०८०/८१ | ९८.१ | सामाजिक सुरक्षा भत्ता वितरण - | ५२,५३४ |
| ४ | २०८०/८१ | ८८.३/८८.६/८८.८ | शैक्षिक गुणस्तर तथा साक्षरता परियोजना | २३,७६,६९८ |
| ५ | २०८०/८१ | ६५ | व्यवसाय करः | ६३,५०० |
| ६ | २०८०/८१ | ११८ | विपद पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माण :- | १,३५,८१५ |
| ७ | २०८०/८१ | १०९ | लघ्यु उद्यम विकास कार्यक्रम | २६,१४१ |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ८५ | भत्ता रकम - | ७५,४८० |
| ९ | २०८०/८१ | ७७/१०५/११७.४ | प्रमाण पेश :- | २१,०८,३७६ |
| १० | २०८०/८१ | ८३ | पुस्तक प्रकाशन खर्च :- | ६०,९०० |
| ११ | २०८०/८१ | ७६.२ | नर्म्सभन्दा बढी भुक्तानी - | ५,१०० |
| १२ | २०८०/८१ | ९५ | नमुना विद्यालयः | ४५,००,००० |
| १३ | २०८०/८१ | ८१ | दोहोरो खर्च :- | १९,९७२ |
| १४ | २०८०/८१ | ५८.२ र ५८.३ | ठेक्का नलगाएको :- | २७,८३,५७६ |
| १५ | २०८०/८१ | ११३ | झोलुङ्गे पुल परामर्श | १२,८६,४८० |
| १६ | २०८०/८१ | ४० | खेल मैदान निर्माण | ८४,१११ |
| १७ | २०८०/८१ | ७३ | खर्चको पुष्ट्याईं :- | ६,७६,८३३ |
| १८ | २०८०/८१ | १०४.३/१०४.४ | कृष्णचोक सुनझोडा सडक स्तरोन्नती कार्य | १,३९,८१,५९१ |
| १९ | २०८०/८१ | ५५ | करार कर्मचारी सञ्चयकोष :- | १४,०१,८९३ |
| २० | २०८०/८१ | ११७.४ | आयोजना परामर्श सेवा(DUDBC-216002-CS-QCBS) | १,०६,४८० |
| २१ | २०८०/८१ | ८६ | आन्तरिक लेखापरीक्षणको बेरुजूः | २४,४०,३५० |
| २२ | २०७९/८० | ११२.२ | स्यानिटरी प्याड खरीद | १२,३९,९८० |
| २३ | २०७९/८० | ९३ | सामाग्री वितरण | ७७,८०० |
| २४ | २०७९/८० | ११० | शिक्षक तलब बढी निकासा | १०,२६५ |
| २५ | २०७९/८० | ७८ | वढि भुक्तानी | १,१७,७४० |
| २६ | २०७९/८० | १४२ | मध्यकालिन खर्च संरचना | २०,००० |
| २७ | २०७९/८० | ६६ | बस खरिद अनुदान | ३०,००,००० |
| २८ | २०७९/८० | ९२ | प्रविधि हस्तान्तरण | २,२८,४९० |
| २९ | २०७९/८० | ७२ | पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च | १९,३१,३१२ |
| ३० | २०७९/८० | ६७ | नामनामेसी नखुलेको धरौटी | १०,९७,६६७ |
| ३१ | २०७९/८० | १२३ | नाफामूलक संस्थालाई अनुदान | १३,५६,१४४ |
| ३२ | २०७९/८० | ७६ | ट्याक कोट | ६२,७७५ |
| ३३ | २०७९/८० | ८० | जिल्ला दररेट भन्दा वढि दररेटमा लागत अनुमान | २८,६४,७१३ |
| ३४ | २०७९/८० | १४३ | ग्राभेल कार्य | १०,९१८ |

| | | | | |
|---|---|---|---|---|
| ३५ | २०७९/८० | ७१.२ | खानेपानी पाइप खरिद | २४,१८,९७६ |
| ३६ | २०७९/८० | १३८ | अन्य संस्था सहयोग | १०,००,००० |
| ३७ | २०७८/७९ | ८६ | स्यानिटरी प्याड | ३,६८,००० |
| ३८ | २०७८/७९ | ७२/८१ | सोझै खरिद | ६२,१६,९३५ |
| ३९ | २०७८/७९ | ६४ | रोजगार प्रोफाईल तयारी तथा तरकारी खेती तालिम | ८,४३,४८९ |
| ४० | २०७८/७९ | ७८ | बाटो ग्राभेल कार्यको दररेट | १७,२१,०४७ |
| ४१ | २०७८/७९ | ८० | फरक नर्म्स प्रयोग | ३,५६,४३६ |
| ४२ | २०७८/७९ | ७१ | पावर ट्रिलर खरिद | १४,५१,२५० |
| ४३ | २०७८/७९ | ७३ | टुक्रे खरिद | ४२,५३,१३३ |
| ४४ | २०७८/७९ | ७७ | घटी लागत सहभागिता | ३,८१,३८८ |
| ४५ | २०७८/७९ | ६५ | कर्मचारी स्तरवृद्धि | ३,५५,९०७ |
| ४६ | २०७८/७९ | ५२ | कर कट्टी | ४,०४२ |
| ४७ | २०७७/७८ | ३८ | सोझैखरिद | ४९,३६,२९१ |
| ४८ | २०७७/७८ | ६५ | सोझै खरिद | १९,५०,००० |
| ४९ | २०७७/७८ | ४७ | सफ्टवयेरहरु खरिद | २,५९,२२० |
| ५० | २०७७/७८ | ६१ | बढी ग्रेड भुक्तानी | ३५,७०६ |
| ५१ | २०७७/७८ | ७४ | कर्मचारीलाई अनुगमन खर्च | ४८,६०० |
| ५२ | २०७७/७८ | ७३ | करार कर्मचारीलाई महँगी भत्ता | १६,९०,००० |
| ५३ | २०७७/७८ | ७० | अनुगमन मुल्याङ्कन भन्दा बढी भुक्तानी | १,४२० |
| ५४ | २०८०/८१ | १४ | विद्यालय सञ्चालन धरौटी | ७,००,००० |
| ५५ | २०८०/८१ | ३ | पेश्की बाँकी | ५,०३,२७७ |
| ५६ | २०८०/८१ | ११ | पूर्वाधार लगानीमा स्वामित्व | ९,४८,३७४ |
| ५७ | २०८०/८१ | २२ | धरौटी सदरस्याहा :- | ४०,८१,१२६ |
| ५८ | २०७९/८० | ४५ | लागत अनुमान | ३,७८,०३० |
| ५९ | २०७९/८० | ३१ | महंगि भत्ता | १४,७०,००० |
| ६० | २०७९/८० | ५७ | पदाधिकारी वैदेशिक भ्रमण | २,००,००० |
| ६१ | २०७९/८० | ३२ | खाजा भत्ता | ५६,३६,००० |

| | | | | |
|---|---|---|---|---|
| ६२ | २०७९/८० | ३५ | कर्मचारी कल्याण कोष | २०,००,००० |
| ६३ | २०७९/८० | २९ | कर्मचारी करार | ९५,२८,५७२ |
| ६४ | २०७९/८० | ३३ | करार कर्मचारी सञ्चयकोष | ११,६४,९८८ |
| ६५ | २०७९/८० | ५३ | कर छुट | ३,७०,५१३ |
| ६६ | २०७८/७९ | ३८ | पेश्की बाँकी | ४,७७,००० |
| ६७ | २०७८/७९ | १० | नामनामेसी नखुलेको धरौटी | २३,१५,७९५ |
| ६८ | २०७८/७९ | ३३ | कर्मचारी खाजा भत्ता | ५८,३५,५६५ |
| ६९ | २०७८/७९ | २२ | करार कर्मचारी व्यवस्थापन | २४,६८,८५५ |
| ७० | २०७८/७९ | ११ | कर कट्टी दाखिला बाँकी | ९६२ |
| ७१ | २०७७/७८ | २६ | स्थानिय भत्ता | १४,२८,००० |
| ७२ | २०७७/७८ | २५ | कर्मचारी करार | ९६,५०,१८० |
| ७३ | २०७७/७८ | ३० | असुल गर्ने बाँकी रकम | २४,००० |
| ७४ | २०७६/७७ | दफा ८ | कर्मचारी करार | २५१६८०० |
| ७५ | २०७६/७७ | दफा ९ | कर्मचारी प्रोत्साहन भत्ता | २९५७२७९ |
| ७६ | २०७६/७७ | दफा २७ | भेरिएसन स्वीकृती वेगर भुक्तानी | १५३३६८७६.३१ |
| ७७ | २०७६/७७ | दफा ३४ | यातायात गुरुयोजना | ३४४१६९ |
| ७८ | २०७६/७७ | दफा ४१.२ | प्रतिस्पर्धा वेगर खरिद गरेको | ६५०००० |
| ७९ | २०७६/७७ | दफा ५२ | कोरोना खर्च | ४८००९० |
| ८० | २०७६/७७ | दफा ६० | स्पेशिफिकेशन विपरीत भुक्तानी | ३२०००० |
| ८१ | २०७६/७७ | दफा ६६ | बिस्तृत ड्रइिङ्ग डिजाइन स्वीकृती वेगरको खर्च | १५६४४७१ |
| ८२ | २०७६/७७ | दफा ८९ | फरक शिर्षकबाट भुक्तानी गरेको | ११८१९८४५ |
| जम्मा | | | | १६०९१३१८८.३१ |

# (८०११३४०१३०० - उर्लाबारी नगरपालिका, मोरङ )

## परिचय

१ **परिचय**

**(क) परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । कोशी प्रदेशमा अवस्थित यस पालिकामा ९ वडा र ४९ सभा सदस्य रहेका छन् । पालिकाको क्षेत्रफल ७४.६२ वर्ग किलोमिटर तथा १७६५० घरधुरी, ८४.८ प्रतिशत साक्षरता दर र ७०९०८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।१२ देखि २०८१।८।२१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा पालिका प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोरा यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार लिई सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीको कार्यसम्पादन रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमा लेखापरीक्षणमा रहेका छन् । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु थप सीमाको रुपमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** यस नगरपालिकाको आय-व्ययतर्फ रु.२ अर्ब ६३ करोड ५४ लाख ४४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसार असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामादायिक विकास मन्च उर्लावारीलाइ कम कर कट्टी भएको रकम असुल भइ दाखिला . | ४९९४२ |
| २ | कम कर कट्टी भएको आर्थिक वर्ष २०७८।७९ को दाखिला प्रमाण पेश | ४०४२ |
| ३ | उप प्रमुखलाइ बढी अनुगमन भत्ता भुक्तानी भएको रकम असुल दाखिलाा | ८५०० |
| ४ | सचिवालय सहयोगिलाइ बढी भुक्तानी भएको असुल दाखिला | ३२४० |
| ५ | भत्तामा खाजा वापतको रकम उपलब्ध गराएको देखिदा दोहोरो पर्न गएको रकम सम्बन्धित कर्मचारीबाट असुल भइ दाखिला भएको । | ४०००० |
| ६ | फेश्की जमानतको रकम धरौटी दाखिला । | २७०५८६६९ |
| ७ | बढी निकाशा भुक्तानी रकम असुल । | १८९२८ |
| ८ | माध्यामिक विद्यालय वडा नं ९ लाई बढी भुक्तान भएको रकम विद्यालयबाट असुल । | ५००० |
| ९ | विभिन्न १० विद्यालयबाट EMIS भन्दा बढी भुक्तानी भएको निशुल्क पाठ्यपुस्तक रु छात्रवृत्ती वितरण रकम असुल । | २६४४७१ |
| १० | आर्थिक वर्ष २०७९।८० को मेडपा कार्यक्रमको जनसहभागिता कम कट्टी भएको रकम असुल | २९१५७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

**(रु.हजारमा)**

| बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| **जम्मा खर्च** | **४४६५०७** | **४०६७२** | **२०५२६** | **१२२०९०** | **२६३२१९** | **११०१७१** |
| **खर्च प्रतिशत** | **१००** | **९.११** | **४.६** | **२७.३४** | **५८.९५** | **२४.६७** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.४४ करोड ६५ लाख ७ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.४ करोड ६ लाख ७२ हजार (९.११ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२ करोड ५ लाख २६ हजार (४.६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१२ करोड २० लाख ९० हजार (२७.३४ प्रतिशत) र चौथो त्रैमासिकमा रु.२६ करोड ३२ लाख १९ हजार (५८.९५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.११ करोड १ लाख ७१ हजार (२४.६७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च

हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । साथै, खरिद सम्झौता अनुसार आपूर्तक, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई पेश्की भुक्तानी गर्दाको बैंक जमानत, सम्झौतामा तोकिएको शर्त, तरीका र अवधीमा पेश्की फछर्यौट अवस्था, ढिलो फछर्यौटमा नियम ५१ बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्षसम्म निम्न कार्यक्रम/योजनामा विभिन्न निर्माण व्यवसायी/निकाय/व्यक्ति तथा संस्थालाई रु २९०६१२७६ पेश्की दिएकोमा सोको नियमानुसार फछर्यौट गर्नुपर्दछ ।

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | |
|---|---|---|---|---|---|---|
| | | | | | म्याद ननाघेको | जम्मा |
| १ | २०८०/०४/०१ | ४० | Urban Development Grant अन्तर्गत कृष्णाचोक देखि सामुदायिक बन कार्सयालयसम्म सडक स्तरोउन्नति गर्ने कार्य | सिपेल इन्फ्रा | ४०७३३६६. | ४०७३३६६. |
| २ | २०८०/०६/१६ | २ | Urban Development Grant अन्तर्गत कृष्णाचोक देखि सामुदायिक बन कार्सयालयसम्म सडक स्तरोउन्नति गर्ने कार्य | सिपेल इन्फ्रा | २२९८४६३३. | २२९८४६३३. |
| ३ | २०८१/०३/०७ | ४८३ | भौतिक पूर्वाधारका कार्यक्रम | सतासी निर्माण सेवा प्रा.लि. | १५०००००. | १५०००००. |
| | | | जम्मा | | २८५५७९९९ | २८५५७९९९ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१८९,३६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **२४१,१७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **७२,७३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ० |

४ **व्यवस्थापन सहयोगका कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले संलग्न अनुसूची बमोजिमका १८ मन्दिर, समाज वा पर्वको व्यवस्थापन कार्यमा रु १३ लाख ४४ हजार विनियोजन गरी रु १३ लाख ७ हजार खर्च गरेको छ । यसप्रकारका योजना छनौट र विनियोजन गर्दा सेवा समाज लगायतको व्यवस्थापन उल्लेख भएतापनि भुक्तानी दिँदा विभिन्न समुह वा वर्गको समिति वा संस्थालाई भुक्तान गरिएको तथा मर्मत सम्भार वा सामाग्री सहयोग गर्दा भवन वा जग्गाको स्वामित्व समेत यकिन गरिएको छैन । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी

विभिन्न संघसंस्था र सो सम्बद्ध व्यक्तिहरुलाई सहयोग वा अनुदानकै स्वरुपमा भुक्तान गरेको, पालिकाको आन्तरिक आय तथा दिर्घकालिन दायित्व मुल्यांकन र कार्यविधि वेगर खर्च गरेको उपयुक्त नदेखिएको रु

**(विस्तृत विवरण बेरूजु दफा ४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | १३,०७,२३० |

५ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्न सक्ने तथा आन्तरिक श्रोतको क्षमता विश्लेषण गरी मितव्ययी तवरले सहायता र सहयोगका कार्यक्रम सञ्चालन गर्नुपर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई निम्नानुसारका १३ क्रियाकलाप/शिर्षकमा रु. १ करोड २७ लाख ८९ हजार आर्थिक सहायता वा सहयोग वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु ६ करोड ९१ लाख ५२ हजारको १८.४९ प्रतिशत हुन आउँछ । यस मध्येमा विपन्न नागरिकहरुको आधिकारीक तथ्याङ्क पालिकाले तयार नगरेको र यस प्रकारका आर्थिक सहायता प्राप्त गर्नेको सूची वेवसाइट मार्फत सार्वजनिकिकरण समेत गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर वितरणमुखी तवरले पटके निर्णयका आधारमा आर्थिक सहायता वितरण गर्ने प्रवृत्तिमा नियन्त्रण गरी सहायता प्राप्त गर्नेको सूची सार्वजनिकीकरण हुनुर्दछ ।

| क्र.सं. | सहायता वा सहयोगका शिर्षक | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | अति विपन्नर गरीव वर्गलाई आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी सहायता | १०००००० | ७४२६०४ |
| २ | अन्य सस्था सहायता | ५७०००० | ५०८८३३ |
| ३ | अन्य सामाजिक सहायता | १५००००० | १२९९६८२ |
| ४ | अपाङ्गता तथा ज्येष्ठ व्यक्तिहरुलाई सहायता सामाग्री वितरण | १००००० | ९९१६५ |
| ५ | उर्लाबारी नमूना बाल गृहमा खाद्यान्न सहयोग | ५००००० | ५००००० |
| ६ | उर्लाबारी परोपकार सेवा केन्द्र खाद्यान्न सहयोग | ५००००० | ५००००० |
| ७ | गुरु गोरक्षनाथमा पुजा तथा सलामी खर्च सहयोग | १००००० | १००००० |
| ८ | जिवन बचाउ उपचार सेवा गृह खाद्यान्न सहयोग | ७००००० | ७००००० |
| ९ | वडा भरिका गरिब तथा विपन्न नागरिकका लागि स्वास्थ्य विमा कार्यक्रम | १००००० | ९३५३४ |
| १० | विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम | ९०००००० | ७८६०००० |
| ११ | सहयोगीसामाग्री सहयोग | १५०००० | १५०००० |
| १२ | सौगात चौलागाइलाइ आर्थिक सहायता | १००००० | १००००० |
| १३ | स्वास्थ्य उपचार सहयोग | १३५००० | १३५००० |
| | जम्मा | १४४५५००० | १२७८८८१८ |

६ **मिडिया/सञ्चार सम्बद्ध खर्च**

नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । सञ्चारसँग सम्बन्धित अनुसूचीमा संलग्न विवरण बमोजिम मुख्य ४१ मिडिया सम्बद्ध फर्म वा कम्पनीलाई वर्षभर रु ३१ लाख ४८ हजार भन्दा बढी खर्च भएको देखिएको छ । यसप्रकारको खर्चको मात्रा अत्यधिक रहेको तथा गत विगतदेखी नै यो बढदो दरमा रहेको देखिएकोले मितव्ययिता कायम गर्ने निर्देशिकाको अधिनमा रहि आवश्यकता, उपलब्धी, औचित्य र निरन्तरताका सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ७ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले संलग्न अनुसूची बमोजिमका ६० शिर्षकमा कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनका लागि रु २२ करोड १३ लाख बजेट विनियोजन भई रु १९ करोड ९९ लाख अनुदान खर्च लेखेको छ । पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन नगरेको र अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरिएको छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी श्रोतको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । साथै अनुदान सम्बन्धि विवरण पालिकाको वेभसाइट मार्फत सार्वजनिकीकरण गर्नु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ८ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा रु १ करोड ७९ लाख बराबर बजेट विनियोजन गरी सञ्चालन गरेका संलग्न अनुसूची बमोजिमका बमोजिमका ६० कार्य जिन्सी, कृषि सामाग्री खरिद, खरिद लगायतका वितरणमुखी कार्यक्रममा रु १ करोड ५७ लाख भन्दा बढी खर्च गरेको छ । वितरणमुखी प्रकृतिका खर्च शिर्षक फरक गरि भुक्तान भएका प्रशासनिक खर्च, आर्थिक सहायता, अनुदान सहायता लगायतमा समेत समावेश भएकोले थप मात्रामा समेत रहेका छन् । पालिकामा उपलब्ध सिमित श्रोतलाई माग, वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । साथै उक्त सामग्री सम्वन्धित लाभग्राही व्यक्ति वा समुहलाई दोहोरो नपर्ने गरि वितरण भएको यकिन गर्न कठिन रहेको तथा गत विगतदेखी यसै प्रकृतिका कार्य सञ्चालनमा पालिकाको अत्यधिक बजेट र समय व्यतित भएको देखिएको छ । पूँजी निर्माण नहुने र उपलब्धी मुल्यांकन सहित लाभग्राही समुदायको स्तरोनन्ती भएको मापन गर्न नसकिने यसप्रकारका वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ । साथै वितरणमुखि खर्चको विवरण पालिकाको वेभसाइट मार्फत सार्वजनिकीकरण गर्नु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ९ एकमुष्ट बजेट विनियोजन -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा एकमुष्ट नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष रु ४ करोड ४४ लाख ५६ हजार एकमुष्ट बजेट व्यवस्था गरी संलग्न विवरण बमोजिमका १७ शिर्षकअन्तर्गत कार्यपालिकाको निर्णयबाट समय समयमा छुट्टै निर्णय गरी रु. २ करोड ६२ लाख ६३ हजार खर्च गरेको छ । बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | मर्मत संभारकोष अन्तर्गत विभिन्न संरचना मर्मत संभारको काम | १७६४६००८.८ | १०२०८५३९.८ |
| २ | विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम | ४५०००००. | ३९३००००. |
| ३ | विपन्न धारा जडान कार्यक्रम | ४००००००. | ३८६२३९५. |
| ४ | धार्मिक संघ संस्थाको पूर्वाधार निर्माण | २५०००००. | २१९४६२३. |
| ५ | भौतिक पूर्वाधारका कार्यक्रम | ९५१४०६१. | १८४४२५३. |
| ६ | अन्य सामाजिक सहायता | १५०००००. | १०८९६८२. |
| ७ | होमपाइप खरिद | १५०००००. | ९९८५४२. |
| ८ | वडा भरिका आवश्यक स्थानमा मर्मत सम्भारका कार्य गर्ने | ५०००००. | ४४७२९९. |
| ९ | वडाका आवश्यक स्थानमा मर्मत सम्भारका कार्य गर्न | ५०००००. | ३०१७८२. |
| १० | वडाका विभिन्न स्थानमा स्लाव निर्माण (वडा स्तरीय) | ३०००००. | ३०००००. |
| ११ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १०५००००. | १८३७०५. |
| १२ | वडा भरिका विभिन्न आवश्यक स्थानमा मर्मत सम्भारको कार्य | २०००००. | १८३५४८. |
| १३ | वडाभरी स्लाब निर्माण | १७५०००. | १७०५२०. |
| १४ | विभिन्न धर्म संस्कृति सम्बर्धनका लागी | १५००००. | १५००००. |
| १५ | वडा भरिका पैनी ब्यवस्थापन | १५००००. | १३९३२७. |
| १६ | वडा नं. ७ वडा भरीका सडकमा ग्राभेल मर्मत | १३३९१२. | १३३९१२. |
| १७ | वडाभरिका आवश्यक स्थानमा सडक मर्मत | १३७०००. | १२५१०२. |
| | जम्मा | ४४४५५९८१.८ | २६२६३२२९.८ |

## १० विपन्न लक्षित कार्यक्रम

स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, र लागत सहभागिता लगायतलाई उल्लेख गरेको र सोही अनुसार प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा संलग्न अनुसूची बमोजिमका विपन्न लक्षित विभिन्न २७ क्रियाकलाप वा योजना अन्तर्गत रु २ करोड ३५ लाख बजेट विनियोजन गरी रु १ करोड ५२ लाख खर्च गरेको छ । पालिकासँग विपन्न नागरिकको अभिलेख नरहेको, कार्यक्रमहरु साना र वितरणमुखी योजनाका रुपमा सञ्चालन हुने गरेको छ । पालिकाले विपन्न लक्षित कार्यक्रम सञ्चालन गर्दा वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ११ पूर्वाधार लगानीमा स्वामित्व

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३)मा सार्वजनिक निकायले निर्माण स्थलको व्यस्था नभई निर्माण कार्य गर्न नहुने तथा पालिकाले निर्माण गर्ने योजनाको जग्गा स्वामित्व आफ्नो नाममा ल्याएर मात्र निर्माण सम्वन्धी कार्य गर्नुपर्ने व्यवस्था छ । साथै उर्लाबारी नगरपालिकाले २०८०।१।१९ मा स्वीकृत गरेको बजेट तर्जुमा मार्गदर्शनमा सार्वजनिक/ऐलानी जग्गामा मात्र भौतिक पुर्वाधार निर्माण गर्नेगरी योजना छनौट गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले यस आर्थिक वर्षमा सञ्चालन गरेका संलग्न विवरण बमोजिमका २७

पूर्वाधार योजनासँग सम्बन्धित जग्गाको स्वामित्व यकिन बेगर गैरसरकारी संस्था, प्रतिनिधिमुलक सामाजिक संस्था तथा मु.अ.करमा दर्ता भएका नभएका संस्थामार्फत कार्य गराएको छ । पालिकाले गरेको पूर्वाधार क्षेत्रको लगानी सरकारी जग्गा वा स्वामित्वमा नै रहे नरहेको यकिन गर्न विवरण माग गरिएकोमा स्वामित्वको अवस्था खुलाई पेश गर्ने गरी विवरण माग गरिएकोमा सम्बन्धित संस्थाको नाममा र व्यक्तिको नाममा नै स्वामित्व रहेको समेत देखिएको छ । सो मध्ये ९ योजनासँग सम्बन्धित जग्गाको स्वामित्व सम्बन्धित संस्था र व्यक्तिको नाममा रहेको देखिएको र निम्नानुसारका योजना व्यक्तिको जग्गामा निर्माण भएको देखिएकोले जग्गाको स्वामित्व सार्वजनिक कायम गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ११.१ | धिमाल जातिको धिमाल क्लव भवन घेरावारा | ९७,५०० |
| ११.२ | पर्यटन प्रर्वधनका लागि ख्रिष्टीय नमूना मण्डली चर्च व्यवस्थापन | ८०,२९४ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **९४८,३७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ११ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७७,७९४ |

## १२ जिन्सी व्यवस्थापन :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाबाट तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा स्कुटर, साईकल, ल्यापटप, मोनिटर, यु.पि.एस. र मोवाइल लगाएतका मालसामान लिलाम गर्नुपर्ने भनि उल्लेख छ तर नियमावलीमा व्यवस्था भए बमोजिम प्रयोगमा नरहेको मालसामान मर्मत वा लिलाम प्रक्रिया अगाडि बढाएको देखिएन । ऐन, नियमावलीमा व्यवस्था भएबमोजिम मर्मत वा लिलाम गर्नु पर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

### १२.१ PAMS दाखिला :

महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले खरिद मालसामानहरु (PAMS) मा प्रविष्ट गर्ने गरेतापनि वडा कार्यालयहरुबाट खरिद भएका मालसामानहरु (PAMS) मा दाखिला गरेको देखिएन। ऐन नियमावलीमा व्यवस्था भए बमोजिम (PAMS) प्रणाली लागु गर्नु पर्दछ ।

### १२.२ सरकारी सम्पत्ती अभिलेख :

स्थानीय सरकार संचालन ऐन ९७(४) मा नगरपालिकाले आफ्नो चल तथा अचल सम्पत्तिको उपयोग सम्बन्धमा अभिलेख अध्यावधिक राख्नु पर्दछ । पालिकाले आफ्नो मातहतको सार्वजनिक जग्गा, भवन लगाएतका सार्वजनिक सम्पत्तिको विवरण (PAMS) प्रणालिमा पूर्ण रुपमा अध्यावधिक गरेको देखिएन। पालिका अन्तर्गतका सम्पुर्ण भवन तथा सरकारी जग्गाको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा पुर्ण रुपमा विवरण अध्यावधिक गर्नु पर्दछ।

## १३ आन्तरिक नियन्त्रण प्रणाली -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा त्यस्तो प्रणाली तयार गरी लागू गरेको छैन ।यस सम्बन्धमा देखिएका व्यहोरा तपशिल बमोजिम रहेका छन् :

**वजेट व्यवस्थापनतर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको छैन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरेको छैन ।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरे छैन ।

**खरिद व्यवस्थापन तर्फ**

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको छैन ।

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना योजनागत र कार्यक्रमगत रुपमा तयार गरेको छैन।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको छैन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार भएको पुष्ट्याई हुने अवस्था छैन ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरेको छैन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अवस्था अद्यावधिक गरेको छैन ।

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था छैन ।

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन।

• मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको छैन।

• कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत

विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन भएको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको छैन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट गरेतापनि तथ्यांकमा एकरुपता रहेको छैन ।

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको वा त्यसको अभिलेख राखेको छैन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको छैन ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको छैन ।

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी खर्च गर्ने परिपाटी रहेको छै न।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फारामको प्रयोग पुर्णरुपमा र उद्देश्यअनुरुप प्रयोग र अभिलेख राखेको छैन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा साविक नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण कारोबार समाविष्ट नभै एकिकृत आर्थिक विवरणमा म्यानुअली बजेट र खर्चको एकमुष्ट विवरण मात्र प्रविष्ट गर्न सक्ने व्यवस्था भएबाट शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले सारांश दिएतापनि हरेक क्रियाकलाप सहितको विस्तृत विवरण सहितको अवस्था चित्रण हुन सकेको छैन ।

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।

• पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ । पदपूर्ती सम्बन्धमा सम्बन्धित निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

• पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले मातहत कर्मचारीलाई कार्यविवरण/कार्यादिश दिई कार्यसम्पादनमा गराउनुपर्नेमा सो भएको छैन ।

• एकीकृत आर्थिक तथा वर्गीकरण र ब्याख्या २०७४ (दोस्रो संस्करण) बमोजिम शिर्षकगत खर्च भन्दा फरक शिर्षकबाट खर्च गरेको छ ।

**सामाजिक सुरक्षातर्फ** -

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ अनुसार बैक तथा वित्तिय संस्थाहरुले सामाजिक सुरक्षा बिशेष बचत खाताहरु मध्ये निष्कृय खाताको विबरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै केन्द्रिय पञ्जिकरण विभागलाई दिनु पर्ने व्यबस्था रहेको छ । कार्यालयले बैकबाट निष्कृय खाताको विबरण प्राप्त गरी सो खातामा बाँकी रहेको रकम संघिय संचित खातामा दाखिला गर्नु पर्दछ । यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।

• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दो दफा १२ अनुसार कुनै लाभग्राहीको मृत्य भएमा, बसाइ सरी गएमा वा अन्य कुनै कारणले लगत कट्टा गर्नु परेमा लगत कट्ट गरीएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडा सचिव वा निजले तोकेको जिम्मेवार वदाधिकारीले प्रमाणित गर्नु पर्ने व्यवस्था भएकोमा सो बमोजिम गरेको पाईएन । पालिकाले यसतर्फ ध्यान दिने पर्दछ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्वन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने स्थानीय तहले संचालन गरेको चौमासिक वा बार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा पालिकाले सो बमोजिम गरेको पाईएन ।

उपरोक्त व्यहोरामा सुधार गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छ यसको पूर्ण कार्यान्वयन कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१४ **विद्यालय सञ्चालन धरौटी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **७००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१५ **क्षेत्रगत बजेट र खर्चको स्थिति** -

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७५९७७६२५. | ५४७२८३२९.८ | ६. |
| २ | सामाजिक विकास | ४०८९९९८५०. | ३३२४८२५४१.७५ | ३६.४२ |
| ३ | पूर्वाधार विकास | ५२७०९८३०८. | ३४६८४८५०१. | ३८. |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६३५६८०९६. | ४७४८५८७२.८ | ५.२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५७६५५१२३. | १३१३०४७६५.३८ | १४.३८ |
| कुल जम्मा | | १२३३२९९००२. | ९१२८५००१०.७३ | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी पूर्वाधार विकास क्षेत्रमा प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सवैभन्दा कम ५.२ प्रतिशत रहेको छ ।

१६ **एकिकृत वित्तिय प्रतिवेदन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । सुत्र प्रणालीमा स्थानीय कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसूचीमा समावेश गरिएको तथा पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको एकिकृत आय व्ययको समष्टिगत विवरण निम्नानुसार रहेको छ :

| आ.ब. २०८०/०८१ को एकिकृत आर्थिक विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | २००८९९५००.८ | १ | चालु खर्च | | ४५९११६७२८.३ |
| | क) संचित कोष | १६५१७२०८७.५ | | | नगरपालिका चालु तर्फ | २३१४५७१६३.३ | |
| | ख) धरौटी खाता | २३१४५१७४.७ | | | संघीय सशर्त चालु तर्फ | २२५०४७७३९.० | |
| | ग) विविध खर्च खाता/मर्मत संभारकोष | ५१४६००८.० | | | प्रदेश चालु तर्फ | २६११८२६.० | |
| | घ) कर्मचारी कल्याण कोष | २००००००.० | | 2 | पुँजिगत खर्च | | ४४६५०७९९८.६ |
| | घ) प्रकोप व्यावस्थापन कोष | ५४३६२३०.६ | | | नगरपालिका पुँजिगत तर्फ | २३१३८९७५२.६ | |
| २ | राजस्व ( आन्तरिक आय) | | २३०६३७८७३.० | | संघीय सशर्त पुँजिगत तर्फ | २१२२९८५८९.० | |
| | क) आन्तरिक राजस्व | ६९१५२३४६.९ | | | प्रदेश पुँजिगत तर्फ | २८१९६५७.० | |
| | ख) संघीय राजस्व बाँडफाँड | ९६०००८९९.६ | | ३ | अन्तर स्थानीय तहबाट प्राप्त | | २९१०३४२४७.४ |
| | ग) प्रदेश सवारीसाधन कर | ९५६४६४८.९ | | | क सामाजिक सुरक्षा | २८१००३६९०.४ | |
| | राजश्व बाँडफाँड स्थानीय | ५५९१९९७७.६ | | | ख) पर्यटन पुर्वाधार विकास आयोजना | २९४१४४७.० | |
| | घ) अन्य आय | | | | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५९९००००.० | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ६८७८४७०८०.० | | घ) राष्ट्रपति महिला शसक्तिकरण परियोजना | १०९९११०.० | |
| | क) वित्तिय समानीकरण अनुदान | १४५५४५०००.० | | | | | |
| | ख) सशर्त अनुदान | ५१२३०२०८०.० | | ४ | विभिन्न कोषतर्फको खर्च | | २८९४२५१५.६ |
| | ग) समपूरक अनुदान | १००००००००.० | | | क) मर्मत संभारकोष खाता/कोष | १०२०८५३९.० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) विशेष अनुदान | २००००००0.० | | | ख) प्रकोप व्यावस्थापन कोष | ६२५६४०५.६ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २८९७४०००.० | | ग) कर्मचारी कल्याण कोष | ३०६१६१.० | |
| | क) वित्तिय समानीकरण अनुदान | १००९९०००.० | | | ख) धरौटी फिर्ता | १२१७१४१०.० | |
| | ख) सशर्त अनुदान | ५८७५०००.० | | ९ | जनश्रमदान फिर्ता | ७७५५८५६.० | ७७५५८५६.० |
| | ग) समपुरक अनुदान | १३००००००.० | | | | | |
| | | | | १० | अनुदान फिर्ता | | १११८४३३२०.० |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | २९१०३४२४७.४ | | क) संघीय सरकार तर्फ फिर्ता | १०४९८५८९४.० | |
| | क सामाजिक सुरक्षा | २८१००३६९०.४ | | | ख) प्रदेश सरकार तर्फ फिर्ता | ६८५७४२६.० | |
| | ख) पर्यटन पुर्वाधार विकास आयोजना | २९४१४४७.० | | ११ | मौज्दात | | १४५९४२१६९.१ |
| | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५९९००००.० | | | क) सञ्चित कोष खाता | ९५६९३५६५.८ | |
| | घ) राष्ट्रपति महिला शसक्तिकरण परियोजना | १०९९११०.० | | | ख) जनसहभागिता(संचित कोष) | १५१६४१३.० | |
| ६ | अन्य | | | | ग) धरौटी खाता | २७८४७६०१.३ | |
| ७ | विभिन्न कोषतर्फको आय | | ४१८७३८३६.६ | | घ) प्रकोप व्यावस्थापन कोष | ११७७४५१३.० | |
| | क) विविध खर्च खाता/ मर्मत संभार कोष | १२५००००0.० | | | ङ) विविध खर्च खाता/ मर्मत संभार कोष | ७४१६२३७.० | |
| | ख) प्रकोप व्यावस्थापन कोष | १२५०००००.० | | | च) कर्मचारी कल्याण कोष | १६९३८३९.० | |
| | ग) धरौटी आय | १६८७३८३६.६ | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | |
| १० | जनसहभागिता (नगद) | ९२७२२६९.० | ९२७२२६९.० | | | | |
| ११ | मुलसंचितकोषमा समायोजन भौचर | ६०४०२८.१ | ६०४०२८.१ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मार्फत फरक परेको रकम | | | | | |
| | जम्मा | | १४९११४२८३५.० | | जम्मा | | १४९११४२८३५.० |

१७ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री मिना कुमारी खतिवडाले मिति २०८०।०३।०९ गते रु.१ अर्व ३० करोड ४० लाख ७६ हजार ६ सय ३८ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुख गंगा प्रसाद खरेलले मिति २०८१।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।

१८ **योजना प्राथमिकीकरण –**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ३८८ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ५७ | १५ | २४ | १८ |
| २ | वडास्तरीय | ३३१ | ३ | ६६ | २६२ |

१९ **कर्मचारी व्यवस्थापन -**

पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गर्नु पर्दछ । पालिकाले संघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी संरचन अनुसारको पदपुर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन। व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी १८ दरबन्दी थप गरी १८९ जना कर्मचारीको दरबन्दी सभाबाट स्वीकृत गरेको देखियो । यसरी थप दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरेको देखिएन। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १६३ जना पदपूर्ती भएको देखिन्छ भने पदपूर्ती मध्ये ७० जना कर्मचारीहरू करारमा पदपूर्ती गरेको छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

साथै, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसारपसार, सरसफाई, टेलिफोन, विद्युत र धाराको सञ्चालन तथा रेखदेख,पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख टाइपिङ वा क्प्युटरटाईप जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपर्नेमा सार्वजनिक निकायको व्यक्ति फर्म संस्था वा

कम्पनिसँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिँदा त्यस्तो सेवाको आवश्यकता किसिम समयावधि गुणस्तर सेवा सञ्चालन विधि लाग्ने मोटामोटी खर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरवन्दी कायम गरी पालिकाले यो वर्ष करार सेवा शुल्कमा रु.२ करोड २८ लाख ८६ हजार ५ सय ७९ खर्च गरेको देखिएको छ । करार नियुक्ती गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ । पालिकाले स्वीकृत दरवन्दीमा लोकसेवा आयोग मार्फत पदपूर्तीका लागि माग पठाए नपठाएको सम्बन्धमा जानकारी माग गरिएकोमा माग गरिएको र पदपूर्ती हुने क्रममा रहेको जनाएको छ । दरवन्दी र पदपूर्तिको अवस्था अनुसूचीमा समावेश गरिएको छ।

**(विस्तृत विवरण बेरूजु दफा १९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२० **कानून र सञ्चालन स्थिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले निर्देशिका ३५ वटा ऐन, १० वटा नियमावली, ४८ वटा कार्यविधी, ११ निर्देशिका र ४ वटा नर्म्स पास गरेको विवरण पेश गरेको छ । स्वीकृत कानूनलाई पालिकाले व्यवहारमा कार्यान्वयन गर्नुपर्दछ ।

| विवरण | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | नर्म्स | जम्मा |
|---|---|---|---|---|---|---|
| लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या | ३५ | १० | ४८ | ११ | ४ | १०८ |

२१ **न्यायीक समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत आर्थिक वर्षको ३ वटा समेत यस वर्ष कुल ५० विवाद दर्ता भएकोमा २२ वटा मुद्दाको समाधान भएको, २२ वटा तामेलिमा रहेको र ६ वटा मुद्दा वाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२२ **धरौटी सदरस्याहा :-**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **४,०८१,१२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२३ **धरौटी फिर्ता -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ उपनियम (२) बमोजिम धरौटी फिर्ताको लागि प्रचलित कानून बमोजिम तोकिएको अवधिमा जुन कामको लागि धरौटी राखिएको हो सोही काम समाप्त भएको मितिले एक वर्षभित्र रकम जम्मा गरेको प्रमाणसहित निवेदन दिनुपर्ने र उपनियम (३) बमोजिम कार्यालयले प्राप्त निवेदन उपर जाँचबुझ गरी निवेदनको व्यहोरा रुजु भएमा धरौटी रकम सम्बन्धित व्यक्तिलाइ फिर्ता दिन सकिने व्यवस्था रहेको छ। पालिकाले धरौटीतर्फ गो.भौ.नं. ९४ र ९६ बाट वडा नं. १, २ र ३ कार्यालयको भवन निर्माणमा कट्टि धरौटी पाथिभारा कन्ट्रक्सनलाइ रु.१२७३९८०।- फिर्ता दिएको छ।यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ:

•निर्माण व्यवसायी पाथिभरा कन्ट्रक्सनले भवन निर्माणको DLP (Defect Liability Period) को समय समाप्त भइसकेको हुनाले

धरौटी फिर्ता पाउँ भनि २०८०।०७।०१ मा दिएको निवेदन उपर कार्यालयबाट वडा नं. १,२ र ३ कार्यालयलाई भवन के कस्तो अवस्थामा छ भनि राय माग गरेको देखिन्छ । सो सम्बन्धमा वडा नं. १ र ३ कार्यालयले नवनिर्मित भवन विभिन्न समस्याग्रस्त रहेकोले मर्मत गर्नुपर्ने अवस्थामा रहेको भनि राय पेश भएकोमा कार्यालयले ती भवनहरु मर्मत गरेको पुष्टयाइ गर्ने प्रमाण संलग्न नगरी धरौटी रकम फिर्ता दिएको देखिन्छ। यसरी नवनिर्मित भवनहरु मर्मत गर्नुपर्ने अवस्थामा रहेको भनि राय प्राप्त हुँदाहुँदै धरौटी फिर्ता दिनु उचित देखिएन।

२४ **आन्तरिक लेखापरीक्षण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ उर्लावारी नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण कार्य गराएतापनि अन्तिम लेखापरीक्षण अवधिसम्म उक्त प्रतिवेदनमा औल्याएका व्यहोरा कार्यान्वयन गरेको छैन । आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणमा औल्याएका व्यहोरा कार्यान्वयन गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

२५ **शिक्षक दरवन्दी र पदपूर्ति** -

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या अनुसूचीमा समावेश गरिएको छ । शिक्षक दरवन्दीलाई विद्यार्थी संख्याको अनुपातमा व्यवस्थापन गरी शिक्षक पदपूर्तीको व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२६ **सेवा प्रवाह**-

कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । कार्यायबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ।

| सि.नं | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँ नागरिकता सिफारिस | १४०१ | १४०१ | |
| २ | अंगीकृत नागरिकता सिफारिस | २१ | २१ | |
| ३ | प्रतिलिपी नागरिकता सिफारिस | १३६६ | १३६६ | |
| ४ | अन्य नागरिकता सिफारिस | ३ | ३ | |
| ५ | नाता प्रमाणित | १७६० | १७६० | |
| ६ | चार किल्ला सिफारिस | २०६१ | २०६१ | |
| ७ | घर बाटो सिफारिस | २९२४ | २९२४ | |
| ८ | जग्गा नामसारी सिफारिस | १८३ | १८३ | |
| ९ | अंग्रेजी भाषामा सिफारिस | २४८८ | २४८८ | |
| १० | बाटो कायम सिफारिस | १२४७ | १२४७ | |
| ११ | पूर्जा हराएको वा नयाँ धनी पूर्जा सिफारिस | ५१५ | ५१५ | |
| १२ | विपन्न नागरिक उपचार सिफारिस | ५०२ | ५०२ | |
| १३ | सर्जमिन मुचुल्का | ९७० | ९७० | |
| १४ | अन्य सिफारिस | ८१४३ | ८१४३ | |
| १५ | जन्म दर्ता | १२१९ | १२१९ | |
| १६ | मृत्यु दर्ता | ४५१ | ४५१ | |
| १७ | विवाह दर्ता | ५८९ | ५८९ | |
| १८ | सम्बन्ध विच्छेद दर्ता | ९८ | ९८ | |
| १९ | बसाई सरी आउने दर्ता | ६२० | ६२० | |
| २० | बसाई सरी जाने दर्ता | ३४६ | ३४६ | |

२७ **छुट रकम सोधभर्ना**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित र यकिन हुनुपर्ने तथा नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यवधि सम्बन्धमा परिपालना सम्बन्धित विभिन्न व्यवस्था छन् । पालिकाले भौ न १६१२(२०८१।३।२४) बाट मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरले १४२ जनाको रु ३८५९५५ बराबरको उपचार ५० प्रतिशतदेखी शत प्रतिशत छुटमा गराएको व्यहोराका आधारमा रु ३ लाख भुक्तानी दिएको छ । उक्त भुक्तानीसाथ संलग्न कागजातमा पालिका बाहिरका नागरिक समेत समावेश रहेको, स्वास्थ्य विमा वोर्डमा सहभागी समेतलाई छुट दिईएको, पालिकाले बिमा गरिदिएका नागरिक रहे नरहेको यकिन नभएको तथा विपन्न वा असहाय वा वेवारिसे रहेको पुष्ट्याई हुने कागजात सबै बिरामको समावेश छैन । निशुल्क उपचार वा अनुदान सम्बन्धमा कार्यविधिबेगर सामाजिक सुरक्षा भत्ता, औषधोपचार खर्च, स्वास्थ्य विमा र यसप्रकारको भुक्तानी लगायतको भुक्तानी हुँदा एकै व्यक्तिलाई दोहोरो तेहेरो भुक्तानी वा सुविधा भुक्तान भए नभएको यकिन गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

२८ **मसलन्द तथा कार्यालय सामाग्री –**

कार्यालय सञ्चालनको लागि पालिकालाई वर्ष भरमा आवश्यक पर्ने सामनाको वर्गिकरणको विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटकपटक सोझै बजारबाट खरिद गरी रु.६७ लाख ९६ हजार २ सय ३१ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शूरुमा नै निश्चित नगरी सोझै खरिद गर्दा न्यून लागतमा सामान प्राप्त नहुने र गुणस्तरमा समेत प्रभाव पर्ने हुँदा प्रतिस्पर्धात्मक रुपले आपुर्तिकर्ता छनौट गरी खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ।

## २९ **इन्धन खर्चको मापदण्ड** -

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लिखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ लगबुक समेत संलग्न नराखी पालिकाले इन्धनमा कुल रु ३१ लाख ९७ हजार ७ सय खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

## ३० **गत विगतको भुक्तानी**:-

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को दफा ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई बमोजिम अघिल्लो वर्षको भुक्तानी स्विकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी प्रमाणित गरी राख्नुपर्ने व्यवस्था रहेको छ । गत आ.ब.मा खर्च भएका तपसिलका खर्चको कच्चावारी प्रमाणित नभएको एवं पालिकाको सभाबाट स्वीकृती नभई खर्च लेखेको रकमलाई नियमित गर्नुपर्ने व्यहोरा औँल्याईएकोमा पालिकाले गत वर्षको सभाबाट भुक्तानी सम्बन्धि व्यहोरा समर्थन भएको तर सुत्र प्रणालीमा समावेश गर्न छुट भएको व्यहोरा छलफलमा जनाएको छ । अत : गत विगतका भुक्तानीलाइ व्यवस्थित अभिलेख गर्नुपर्ने देखिएको रु.

| भौ.न./मिति | विवरण | रकम |
|---|---|---|
| ४-२०८०।५।१२ | शारदा मा.वि.को शैक्षिक सुधार र पूर्वाधार निर्माण | ३८६००० |
| ५-२०८०।५।१२ | ज्यालादारी कर्मचारीको २०८० असार महिनाको ज्याला भुक्तानी | १८७३२३ |
| ११८-२०८०।६।१४ | विभिन्न कर्मचारीको बैठकभत्ता | ८२००० |
| कुल जम्मा | | ६५५३२३ |

| | |
|---|---|
| अनियमित भएको | ६,५५,३२३ |

## ३१ **चालु/प्रशासनिक खर्च नियन्त्रण** -

नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ देखि २०८०।८१ सम्मको विभिन्न चालु प्रकृतिका खर्चमा गरेको खर्च विवरणलाई देहायको चार्टमा प्रस्तुत गरिएको छ :




पालिकामा मुख्य रुपमा उल्लेख भएका उपरोक्तबमोजिमका खर्च शिर्षकमा पालिकाले खुल्ला प्रतिस्पर्धात्मक खरिद व्यवहार गर्नुपर्नेमा सो नगरेको तथा तत् तत् शिर्षक बाहेक अन्य कार्यक्रम र योजनाबाट कार्यपालिकाका विभिन्न बैठकबाट पूँजीगत खर्च शिर्षकबाट रकमान्तर गरी चालु प्रकृतिका खर्च गरेको छ । त्यसप्रकारका रकमान्तरलाई बजेट संशोधन नाम दिईएतापनि सोही शिर्षकमा खर्च लेखेकोले चालु एवं प्रशासनिक खर्चको रकम यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले प्रशासनिक एवं चालु खर्च नियन्त्रण सम्बन्धमा मापदण्ड तयार गरेको नदेखिएको वा लागु गरेको नदेखिएकोले ईन्धन, औषधी खरिद, अनुगमन मुल्यांकन र करार सेवा शुल्क लगायतका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३२ **खाजा भत्ता :-**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । नगर कार्यपालिकाले स्वीकृत संगठन संरचना भित्रका कर्मचारीहरुलाई अतिरिक्त कार्यालय समय कार्य बापत पोत्साहन रकम वापत बार्षिक रु.१६,०५,७७१.९७ खर्च गरेको छ । पालिकाले अतिरिक्त समयमा गरेको कार्यहरुको कार्यविवरण तथा अतिरिक्त समय कार्य गरेको प्रमाणित हाजीर समेत पेश नगरी संगठन भित्रका सबै कर्मचारीलाई भत्ता वितरण गरेको सम्बन्धमा भत्ता वितरणको मापदण्ड बारे पालिकाले कार्यालयमा उपस्थित हुने समायावधि र कर्मचारीको कार्यप्रकृतीका आधारमा यस प्रकारको खर्च लेखिएको उल्लेख गरेको छ । कार्य सम्पादन सूचकका आधारमा भत्ता वितरण तथा पालिकाको आय अवस्था समेत मूल्याँकन गरी यस प्रकारका खर्च सम्बन्धमा निर्णय लिने गर्नु पर्दछ।

३३ **कर्मचारी बिमा :-**

पालिकाले विमा तथा नविकरण शिर्षकबाट नगर प्रहरी, दमकल शाखाका कर्मचारी,हल्का सवारी चालक र विद्युत कर्मचारीहरुको बिमा बापत रु. १३४५४१ भुक्तानी गरेको छ । पालिकाले कुनै कार्यविधी नबनाई कार्यपालिकाबाट निर्णय गरी खर्च गरेको देखिन्छ।पालिकाले

खर्च गर्दा प्रचलित कानूनी आधार राजश्व क्षमता लगायतलाई ध्यान दिएरमात्र खर्च गर्नुपर्ने देखिन्छ ।

| पद | संख्या | विमाकं रकम |
|---|---|---|
| नगर प्रहरी | ९ जना | ७ लाख |
| दमकल शाखा | ९ जना | १० लाख |
| हल्का सवारी चालक | ५ जना | ७ लाख |
| विद्युत कर्मचारी | २ | ७ लाख |

३४ **अन्य निकाय खर्च**-:-

सार्वजनिक निकायले खर्च लेख्दा आवश्यकता तथा औचित्यताको आधारमा खर्च लेख्नुपर्ने तथा सम्बन्धित कार्य प्रयोजनको लागि मात्र खर्च लेख्नुपर्दछ ।पालिकाले खर्च रकम लेख्दा निजी तथा सामुदायिक रुपमा सञ्चालन रहेका संस्थाहरुले थप रकम आश्रीत सँग लिए नलिएको यकिन नगरी भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ । यसरी भएको खर्च रकमलाई नियमित मान्न नसकिएको रु.

| गौ.भौ.न. | सहयोग प्राप्त गर्ने निकाय | अवस्थिती | भुक्तानी रु. |
|---|---|---|---|
| १५९६-२०८०।३।२४ | नमुना बाल गृह | उर्लाबारी नगरपालिका | ५०००00 |
| | जिवन बचाउ उपचार सेवा केन्द्र | उर्लाबारी नगरपालिका | ७०००00 |
| १२७१-२०८०।२।३० | इलाका प्रहरी कार्यालय मर्मत खर्च | उर्लाबारी | ५००00 |

३५ **अनुत्पादक खर्च** -

पालिकाले आप्नो क्षेत्राधिकार भित्र वजेट वनाई खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पूर्वाधार विकास मार्फत रोजगारी सृर्जना गर्ने गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्नेमा पालिकाले वितरणमुखी खेलकुद सामाग्रि तथा वडागत बजेटमा समेत वितरणमुखी कार्यक्रममा वजेट विनियोजन गरी खर्च गरेको छ ।वितरणमुखी कार्यक्रमको निश्चित मापदण्ड तयार नगरेको, युवा तथा खेलकुद कार्यक्रमतर्फ खेलकुदका समुह तथा क्लवहरु नभई व्यक्तिलाई खेलकुद सामाग्री प्रदान गरेको देखियो । अत: यस्ता अनुत्पादक कार्यक्रममा खर्च गर्दा सोबाट प्रतिफल प्राप्त हुने नदेखिएकोले यस्तो प्रकृतिको खर्चलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| **भौ.नं. र मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| ७७३।२०८०-११-१४ | ल्होसार पर्व महोत्सव व्यवस्थापन | १५०००० |
| ९१८।२०८०-१२-१८ | महाशिवरात्री उ.स.लाइ पुजा तथा संचालन खर्च | १००००० |
| ९००।२०८०-१२-१५ | नारि दिवस मनाउन खर्च वडा नं ७ | २०००० |
| ८७९।२०८०-१२-१४ | तामाङ घदुङ संघलाइ ल्होसार पर्व मनाउन | ४०००० |
| ७७३।२०८०-११-१४ | सोनाम ल्होसार पर्व उसलाइ ल्होसार खर्च | १३०००० |
| १०३२।२०८०-१-१० | जेष्ठ नागरिक अवलोकन भ्रमण वडा नं ७ | १००००० |
| ९२८।२०८०-१२-१८ | जेष्ठ नागरिक अवलोकन भ्रमण वडा नं ६ | ९०००० |

३६ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा

सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष विविध खर्चतर्फ पालिकाले कुल आन्तरिक आय रु.६ करोड ६५ लाख ७ हजारको तुलनामा करिव ४.७६ प्रतिशत अर्थात रू. ३१ लाख २४ हजार २ सय १९ खाना,खाजा, पानी, चिया, विभिन्न कार्यक्रम खर्च लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको विल भरपाई पेश भए भएतापनि कतिपय खर्चका विलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन । विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत खर्च साथ राखेर खर्च गर्ने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ।

३७ **पाठा बितरण कार्यक्रम :-**

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिकाले निम्न वडामा बाख्राका पाठा तथा सुगुरका ४५ दिन देखी ६० दिन सम्मका बंगुरका पाठापाठी बितरण गरेको देखिन्छ । जसमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ।

| भौ.न./मिति | विवरण | भुक्तानी रकम | |
|---|---|---|---|
| १५१९-२०८०।३। २१ | विपन्नलाई सुगरका पाठा तथा बाख्राका पाठा वितरण वडा नं. ९ | २५०००० | बाख्राका पाठा पाठी १३ थान,बंगुरका पाठापाठी १९ वटा |
| १४९५-२०८०।३। १९ | पाठापाठी बितरण वडा नं. ४ | १००००० | बाख्राका पाठा पाठी ५ थान,बंगुरका पाठापाठी ५ वटा |
| १३६४-२०८०।३। १० | उन्नत जातका बाख्राका पाठा वितरण वडा नं. ७ | २००००० | बाख्राका पाठा २० वटा |
| १२८९-२०८०।३।२ | बंगुर तथा बाख्राको पाठा वितरण वडा नं. ८ | २६०००० | बाख्राका पाठा २६ थान वितरण |
| जम्मा | | ८१०००० | |

• कति समयसम्म पालनपोषठ गर्नुपर्ने अनिवार्य नगर्दा तत्कालै बिक्रीबितरण हुन सक्ने देखिदा सो तर्फसमेत पालिकाले ध्यान दिनुपर्दछ ।

• पशुको स्वास्थ्य चेकजाँच गरेको देखिएन ।जसबाट पुशको स्वास्थ्य अवस्था के कस्तो रहेको खुलेको देखिएन । साथै तोकीए बमोजिम उमेर भए नभएको यकिन हुन सक्ने अवस्था छैन ।

अत: विगतमा वितरण भएका लाभग्राही नदोहोरिने गरी विपन्न वर्गको पहिचान गरी वितरण गर्ने तथा नियमित अनुगमन समेत गर्नुपर्दछ ।

३८ **कृषी अनुदान**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट विभिन्न व्यक्ति समुह तथा फर्महरुको लागि रु.३७,५७,१५८.०० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्र.स | कार्यक्रमको नाम | जम्मा रु | लाभान्वीत संख्या | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | कृ.स. | कृषक | फर्म | कृ. सहकारी | |
| १ | फुल खेती प्रबर्द्धन कार्यक्रम | १४५६२० | २ | ९ | | १ | १२ |
| २ | माटो परिक्षणको लागि सचेतना गोष्ठी (सबै वडामा) | १४९८०० | | ३१५ | | | ३१५ |
| ३ | च्याउखेतीको लागि पराल बफाउने ड्रम ७५% अनुदानमा वितरण | १७०००० | | | २ | | २ |
| ४ | ५०% अनुदानमा तरकारीको विउ सहयोग कार्यक्रम (५ कट्ठाभन्दा माथिको जग्गामा) | ९५३१८५ | ७ | १८ | ६ | | ३१ |
| ५ | मकै रोप्ने मेशिन वितरण (७५%अनुदानमा) | ६०८००० | ५३ | ४२ | ५ | १ | १०१ |
| ९ | ब्याबसायिक तरकारी खेती गर्ने कृषकलाई ५०% अनुदानमा प्लाष्टिक मल्चिङ्ग वितरण | ४२८००० | १ | ९ | ५ | १ | १६ |
| १० | आकस्मिक बालि संरक्षण सेवा | ४७०००० | ३९ | १०८८ | | १ | ११२८ |
| १२ | विषादी प्रयोगमा सचेतना गोष्ठी (सबै वडामा) | १४९९९५ | | ३८३ | | | ३८३ |
| १३ | अर्गानिक कृषि उत्पादनका लागि फेरोमेन ट्र्याप (मोहिनी पासो) ५०% अनुदानमा वितरण | ५४४००० | ८ | २१५ | १ | १ | २२५ |
| १४ | बगरखेती विकास कार्यक्रम संचालन (७५% अनुदानमा) | ५९१३०० | ४ | ३९ | ४ | १ | ४८ |
| १५ | सामुदायिक वनको खालि जग्गामा अदुवा/बसार/जडिबुटी खेती प्रबर्द्धन | ४५९१०० | १ | १२ | २ | ३ | १८ |
| १६ | कृषि चुन ७५% अनुदानमा वितरण कार्यक्रम | २१९५५८९ | ५ | १८० | ३ | | १८८ |
| १७ | २ एच पि को मोटर/ बोरिङ जडान सहयोग कार्यक्रम (गडान र जडान खर्च कृषकको हुन | ४०५५७११ | | | | | ० |
| १८ | ७५% अनुदानमा मकैको बिज बृद्धि कार्यक्रम संचालन (विउ र विउ उत्पादनमा आवश्यक सामाग्री दिन सकिने) | ३७४२५२ | | | १ | | १ |
| १९ | क्रप कटिङ्ग (बालि कटानी) | ७५००० | | २५० | | | २५० |
| २० | ब्याबसायिक बगैचा स्थापन निर्माणको लागि ५०% अनुदानमा बर्षे फलफुलको विरुवा वितरण | ७५०००० | ८ | १६४ | २ | ४ | १७८ |
| २१ | मकै छोडाउने मेशिन वितरण ७५% अनुदानमा | ६३०००० | ३५ | | १ | | ३६ |
| २२ | तरकारी खेतीमा प्राङ्गारिक मल वितरण कार्यक्रम (५०% अनुदानमा | ९२५३०० | ७ | ७४ | १ | | ८२ |
| २३ | ७५% अनुदानमा ड्याङ बनाउने (बेड मेकर) मेशिन वितरण | ५१०००० | | | २ | | २ |
| २४ | ब्यावसायिक उत्कृष्ट कृषक पुरस्कार सम्मान कार्यक्रम (कृषि तथा पशुपन्छी) | १९९१५० | | १२ | | | १२ |
| २६ | विभिन्न दिवसहरु मनाउने (राष्ट्रिय धान दिवस ) | २६५५० | | १२० | | | १२० |
| **जम्मा रु** | | **१४४१०५५२** | **१७०** | **२९३०** | **३५** | **१३** | **३१४८** |
| संघिय पकेट तथा अन्य कार्यक्रम हरु | | | | | | | |
| १ | गहुँको विउ वितरण | ४९०००० | १२ | ४२ | | | ५४ |
| | उन्नत धानको विउ वितरण | १२७८२१० | १७ | २७७ | २ | १ | २९७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | मकै बालि पकेट विकास कार्यक्रम निरन्तरत | ८२१५३६ | ७६ | | | | ७६ |
| ३ | तेलहन बालि पकेट विकास कार्यक्रम निरन्तरता | ९१२६१८ | ९३ | | | | ९३ |
| **जम्मा रु** | | **३५०२३६४** | **१९८** | **३१९** | **२** | **१** | **५२०** |
| **कुल जम्मा** | | **१७९१२९१६** | **३६८** | **३२४९** | **३७** | **१४** | **३६६८** |

३९ **उन्नत जातको मकैको बिउ बितरण :-**

पालिकाले वडामा वितरण गर्नका लागि पाईनियर ३३९६ जातको मकै २१९२ के.जी. टि एक्स ३६९ जातको मकै १२७२ खरिदका लागि विभिन्न एग्रो फर्महरुसँग दरभाउपत्र माग गरी लागत अनुमान तयार गरी मिति २०८०।६।५ मा विद्युतिय बोलपत्रका लागि सूचना प्रकशन भएको छ ।बोलपत्रदाताले लागत अनुमान भन्दा बढी रकम पेश गरेकोले दुबै बोलपत्र अस्विकृत भई पुन मिति २०८०।७।१४ मा पून सूचना प्रकाशन भएको छ । यस सूचनाबमोजिम कुनै पनि बोलपत्र पेश नभएको र मकै लगाउने समय भईसकेकोले सोझै खरिद गर्ने भनी २०८०।८।१ मा निर्णय गरेको देखिन्छ ।कोटेशन खरिदबाट अधिकारी एग्रोभेट सप्लायर्स झापाबाट पायनियर मकै प्रति के.जी.६४८ का दरले रु.१४२०४१६ मा र गड्सन भेट फर्माबाट टि एक्स मकै प्रति के.जी.६२७ का दरले रु.७९७५४४ गरी कुल रु.२२१७९६० को खरिद भई विभिन्न वडामा वितरण समेत भएको छ । जसमा देखिएका व्यहोरा निम्न बमोजिम रहेको छ ।

• शर्तनामा बमोजिम जग्गा जमिन भएको सम्बन्धमा यथेष्ट प्रमाण पेश भएन ।

• बोलपत्रको प्रभावकारी पचार प्रसार भएको देखिएन ।

• मकैको उमारशक्ती परिक्षण गरेको तथा कृषक छनौटको आधार पेश भएन । गत विगतमा अनुदान लिने र नलिने लाभग्राही के कतिले पाए सो को अभिलेख देखिएन । अत वितरणमुखी कार्यक्रमलाई प्रभावकारी बनाउनेतर्फ पालिकाले थप ध्यान दिनु पर्दछ ।

४० **खेल मैदान निर्माण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **८४,१११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४१ **उपभोक्ता समिति मार्फत कार्य -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । पालिकामा उपभोक्ता समिति मार्फत भएका कार्य मध्ये केही कार्यहरुको नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

• पालिकाले योजना सञ्चालन एवं कार्यान्वियनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

• हेभी मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।

• योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र पालिकाबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

• कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

• पालिकाले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी आंशिक योजनामा मात्र गरेको छ । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

• उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

• उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको देखिएपनि उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

• उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न पालिकाले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ पालिकाले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ ।घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४२ **लागत अनुमान तथा दर बिष्लेषण** -

सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यबस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन गरेका योजनाहरुको लागत अनुमान तयार गर्दा सडकका लागि सडक विभागको र भवनको लागि भवन विभागबाट जारी भएको नर्म्सको प्रयोग गरी निर्माण सामाग्री लगायत स्थानीय श्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत बिश्लेषण गरी किफायती नर्म्सको प्रयोग गर्नुपर्दछ ।

४३ **नापी किताब प्रबिष्टी एवं अभिलेख** -

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ विलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भाबना रहेन देखिन्छ। क्रमागत तथा बहुबर्षिय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कती भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख ब्यबस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ ।

४४ **स्थलगत निरीक्षण** -

पालिकाले यसवर्ष अधिकांश निर्माण कार्य उपभोक्तासमितबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ । पालिकाले भुक्तानी श्रेस्तासाथ संलग्न गरेको योजना अनुगमन समितिको सिफारिस फारममा केवल संलग्न पदाधिकारी र योजनाको नाम लेख्ने गरेको, लागत अनुमान, सम्झौता मिति, सम्पन्न मिति लगायतका विवरणहरु खाली राखेर नै संलग्न गरिने गरेको देखियो । अनुगमन पश्चात दिएको योजनाको प्रतिबेदनमा योजनाको कार्यान्वयनको पुष्टयाई गर्ने तस्वीर, अनुगमनका क्रममा देखिने त्रुटी लगायतको कुराहरु उल्लेख भएको देखिएन। उपरोक्त विवरणहरु नदेखिनाले वास्तबिक लागत अनुमान तथा उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन तथा सम्पन्न भएको तथा अनुगमनको वास्तविक उदेश्य अनुरुप भन्दा प्रकृयामूखी मात्र भएको छैन भन्न सकिएन । भौतिक पुर्बाधार तर्फका योजनाहरुको अनुगमन प्रतिवेदन भएकोले पालिका स्तरबाट हुने सम्पूर्ण पुर्वाधारका योजना,तालिम कार्यक्रम, बितरणमुखी कार्यक्रम तथा क्षमता बिकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा बिश्लेशण गर्नुपर्दछ ।

४५ **कन्टेन्जेन्सी खर्च** -

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको बर्कचार्ज स्टाप खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कट्टा गर्ने गरेको देखिएतापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन । सो अनुसारको अभिलेख नराखी खर्च गर्नाले उद्देश्य अनुरुप खर्च भएको सम्बन्धमा बिश्वस्त हुने आधार देखिएन । पालिकाले यस वर्ष कन्टेन्जेन्सी वापत खर्च रकमको २.५ प्रतिशत कट्टीगर्ने गरेको जनाएकोमा योजनागत रूपमा अभिलेख राखेको देखिएन । यसरी अभिलेख नराखी खर्च लेखेकोले वास्तविक पुंजीगत खर्चको अनुपातमा कन्टिन्जेन्सी खर्चको सीमा नाघे ननाघेको सम्बन्धमा यकिन गर्ने आधार भएन।

४६ **डोर हाजिरी** -

पालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता म.ले.प.फा नं १७५ राख्ने गरेको छैन भने डोर हाजिरी फारममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा योजनाहरुमा के कति डोर हाजिरी फारमहरु को कसकोनाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन । पेश भएका सबै डोर हाजिरमा सहि छाप गरेको देखिदैन । त्यस्तै कुन अवधिको डोर हाजिर हो मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण खाता राखी मागफारमको आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

४७ **क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति** -

स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानिय निकायले समयमा नै योजना सम्झौता गरि सम्पन्न गर्नुपर्दछ । पालिकाले यस आ.ब अन्तर्गत योजना छनौट गरि समयमै सम्झौता तथा सम्पन्न गर्नुपर्नेमा आ.ब २०८०।०८१ मा छनौट गरिएका योजना कति सम्पन्न भए, कतिको रनिङ बिल मात्र भुक्तानी भए , अद्यावधिक कार्य कति छ सोको अभिलेख पालिकाले राखेको छैन । नगरपालिकाले बडा भबन मर्मत । निर्माण, सडक निर्माण , सिचाइ लगायतका योजनाहरु एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्वन्धित आर्थिक वर्षसम्म कुन अबस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले आगामि वर्षहरुमा पुन क्रमागत बजेटमार्फत योजना बनाउँदा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भाबना देखिन्छ । परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढी परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम हुन्छ । पालिकाले तर्जुमा गरेको योजना कार्यान्वयन , सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको बिवरण अद्याधिक राखी तथा यकिन गरी अभिलेख व्यबस्थापन गर्नुपर्दछ ।

४८ **नापी अनुसार लाग्ने बढी बिल भरपाइको यकिनको स्थिति :-**

उपभोक्ता समितिहरुले योजना सम्पन्न पश्चात पेश गरेको बिल भरपाई लागत अनुमान तथा नम्स अनुसार लाग्नेभन्दा घटीबढी वा वास्तविक छ/छैन सो सम्वन्धमा यकिन गर्ने गरेको देखिएन । केही सामग्रीको (सिमेन्ट,छड लगायतको ) अस्वभाविक रुपमा बढी विल भरपाई समेत पेश गरेको देखियो । नमूना छनोट गरी परीक्षण गर्दा पालकाले आ.ब.०७९/८० मा कार्यसम्पन्न गरी यस आ.ब.मा भुक्तानी दिएको राजघाट दुर्गापुरी मुल सडकको सुवेदीको घर र सेक्टरको ड्रेन निर्माण कार्यका लागि उपभोक्ता समितिलाई रु.१२९१४८७.१२ भुक्तानी दिएको देखिन्छ । जसमा कन्क्रिट निर्माण कार्यवापत कुल २०३.५५ घनमिटरको काम भएको छ ।नर्म्समा ओ.पि.सी.सिमेन्ट प्रयोग गर्ने भनेकोमा पि.पि.सि.सिमेन्टको प्रयोग भएको र स्विकृत नर्म्स अनुसार २०३.५५ घनमिटरको काम गर्न ६९२ बोरा सिमेन्ट प्रयोग हुनेमा १४२० बोरा सिमेन्टको रु.४६० प्रति बोराको दरले बिल भरपाई पेश भएको देखिन्छ ।जसबाट निर्माण कार्यमा उपभोक्ता समितिलाई दिएको दर र उपभोक्ता समितिले पेश गर्ने दरबिच देहाय रकम बढी भुक्तानी भएको देखिदा बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.

| कार्यको वितरण | रकम |
|---|---|
| स्विकृत नर्म्स अनुसार लाग्ने सिमेन्टको बोरा | ६९२ बोरा |
| दररेट विश्लेषणमा दिएको प्रति बोरा सिमेन्टको मुल्य रु. | ६०० |
| बिल अनुसार प्रति बोरा सिमेन्टको मुल्य रु. | ४६० |
| प्रति बोरा बढी भुक्तानी रु. | १४० |
| बढी भुक्तानी रकम | ९६८८० |
| भ्याट १३ प्रतिशत | १२५९५ |
| कुल जम्मा रकम | १०९४७५ |
| उपभोक्ताको लाग सहभागिता रकम रु | १४२३२ |
| असुल हुनुपर्ने रु. | ९५२४३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९५,२४३ |

४९ **अपाङ्ग मैत्री भवन निर्माण :-**

सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यबस्था रहेको छ । उर्लावारी नगरपालिका वडा नं. ३ रामनगर चौक दक्षिण पूर्व सोल्टी खोलाको उकास जग्गामा अपाङ्गमैत्री भवन निर्माणको लागि कुल लागत रु.११७०८०४१.१३ मा एस. जे. फोर्टी बिल्डर्स प्रा.लि.सँग सम्झौता भएको देखिन्छ । सम्झौता पश्चात निर्माण गर्ने स्थल सामुदायीक बनको क्षेत्रभित्र परेकोले हालको निर्माण स्थलबाट करिव ७०० मिटर दक्षिण क्षेत्रमा निर्माण गर्ने गर्ने र लागत अनुमान तयार गर्दा सेफ्टी टंयाङ्की नराखेकोले भेरिएसनका लागि प्राविधिक प्रतिवेदन पेश भएकोमा पालिकाले मिति २०८०।९।१३ मा भेरिएसन गर्दा शुरु लागतभन्दा रु.७९२३६७ थप व्ययभार परेको देखिन्छ । दोस्रो रनिङ्ग बिलमार्फत हाल सम्म रु. ५६,८४,५८७ भुक्तानी भएको छ ।समयमा नै कार्यसम्पन्न नगर्दा समेत पालिकाले काम समयमा नै सम्पन्न गर्न कुनै ताकेता नगरी पटक पटक गरी मिति २०८१।९।३० सम्म म्याद थप गरेको छ । निर्माण गर्नुभन्दा पहिला निर्माणस्थलको माटो परिक्षण गरेकोको, निर्माण स्थलको यकिन नहुदै ठेक्का लगाएको र लागत अनुमान तयार गर्दा नै त्रुटीपूर्ण गरेकोले शुरु लागत भन्दा थप व्ययभार तथा समय लागेको देखिदा सार्वजनिक निर्माणको लागि आवश्यक स्थलको सुनिश्चित गरी पूर्वानुमान गर्न सक्ने आइटमको लागत अनुमानमा नै समावेश गरी समयमा नै निर्माण कार्य गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५० **नर्म्स अनुसारको बिल भरपाई :-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारको निर्माण कार्यको भुक्तानी

दिँदा परीक्षण नगरेको तथा नापी किताव र नर्म्स अनुसार भन्दा बढी दररेट राखी रकम भुक्तानी गरेको देखियो । अत नर्म्स अनुसार भुक्तानी गरेको नदेखिएकोले निम्नानुसार असुल गर्नुपर्ने देखिएको रु.

| भौ.न. | योजनाको नाम | परिमाण | प्रतिघनमिटर रु | | बढी | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| | | | दिएको | दिनुपर्ने | | |
| १५३-२०८०। ९।१७ | छापान हुँदै आसामे टोल खोपीडाँडा सडक ग्राभेल वडा नं. ९ | ३४०.२८ | १३४२.९६ | १२८७.५३ | ५५.४३ | १८८६२. |
| १९२-२०८०। १०।२१ | शान्ति मार्गमा लुज गांभेल (कुवेर धिमालको घर हुदै पुष्प श्रेष्ठको घर जाने बाटो | ५३२.९४ | ७२४.२८ | ७१७.५९ | ६.६९ | ३५६५. |
| ४८१-२०८०। ३।४ | दोगडे शान्ती मार्ग ग्राभेल वडा नं. ३ | ४०५.५४ | ११२६ | १११७.४४ | ८.५६ | ३४७१. |
| कुल | | | | | | २५८९९ |

| असुल गर्नुपर्ने | २५,८९८ |
|---|---|

५१ **परामर्श सेवा खरिद -**

सार्वजनिक खरिन नियमावलीको परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरेको छ । परामर्श सेवाबाट वेतनी बासेचौरी र लामपाते सिमसारको विस्तृत परियोजना प्रतिवेदन तयारी वापत रु.१६९६१३० स्मार्ट इन्जिनियरिङ्ग एण्ढ डिजाईन सोलुसन प्रा.ली.लाई भुक्तानी भएको छ । विस्तृत परियोजना प्रतिवेदनबाट सो योजना कार्यान्वय गर्न रु.४४ करोड २६ लाख लागत अनुमान लाग्ने देखिएको छ । हालको पालिकाको बार्षिक राजश्व संकलन रु.६९१५२०४६ रहेको आधारमा ८ बर्ष लाग्ने देखिन्छ ।पालिकाले आफ्नो आवधिक योजना तर्जुमा गर्दा यस्ता कार्यलाई प्राथामिकता नराख्दा समेत स्रोत तथा आवश्यकता पहिचान नगरी परामर्श सेवामा ठुलो रकम खर्च गर्ने पालिकाको प्रवृतीमा सुधार हुनुपर्दछ ।

५२ **मोटर बोरिङ्ग जडान :-**

पालिकाले नगरस्तरीय तथा बडा स्तरीय बजेटबाट विभिन्न वडाहरुमा २ एच पि को पानी तान्ने मोटर वितरण गरी रु.५०४०००० खर्च गरेको छ । अधिकांश मोटर कृषक समुहले बुझेको, कृषकले सो को उपयोग के कसरी गरेका छन सोको अनुगमन गरी संचालनको सुनिश्चितता‌मा ध्यान दिनुपर्ने देखिएको, विगतका वर्षमा समेत वितरण भएको विभिन्न प्रतिवेदनबाट देखिएकोमा सो को संख्यागत लगत सम्बन्धित शाखाबाट विवरण माग गरिएकोमा प्राप्त नभएकोले लाभग्राही दोहोरो परे नपरेको यकिन गर्न सकिएन । वडाले सूचना बमोजिम पेश भएका निवेदनको संकलन गरी पठाएकोमा पालिकाले समेत छनौट गर्ने गरेकोमा छनौटको आधार मागमात्र हो कि विपन्नता हो वा कृषकको खेतीयोग्य जग्गाको क्षेत्रफल के हो ? यकिन गरेर मात्र कार्यक्रम संचालन गर्नुपर्दछ । साथै, खरिद गरेको सामाग्रीको वारेन्टी ग्यारेन्टी के हुने स्पष्ट नखुलेकोले खरिद सामाग्री स्पेशिफिकेश बमोजिम रहे नरहेको प्राविधिक मुल्याङ्कन संलग्न गरी लागत सहभागिता बापतको रु.१८३०८५१ रकम कृषकले डोर हाजिरीबाट गरेको व्यहोरा समावेश गरी भुक्तानी भएको देखिएकोले लागत सहभागिताको अंश स्पष्ट अभिलेख हुने गरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

| क्र.स | कार्यक्रमको नाम | वडा | संख्या | कृषकको लागत रु | नगरको लागत रु | जम्मा रु |
|---|---|---|---|---|---|---|
| १ | 2 एच पि को मोटर/ बोरिङ जडान | वार्ड १ | २० | २५४२८५ | ७००००० | ९५४२८५ |
| २ | 2 एच पि को मोटर/ बोरिङ जडान | वार्ड २ | १५ | १९०७१४ | ५२५००० | ७१५७१४ |
| ३ | 2 एच पि को मोटर/ बोरिङ जडान | वार्ड ३ | १५ | १९०७१४ | ५२५००० | ७१५७१४ |
| ४ | 2 एच पि को मोटर/ बोरिङ जडान | वार्ड ५ | १४ | १७८००० | ४९०००० | ६६८००० |
| ५ | 2 एच पि को मोटर/ बोरिङ जडान | वार्ड ९ | ३० | ३८१४२८ | १०५०००० | १४३१४२८ |
| ६ | 2 एच पि को मोटर/ बोरिङ जडान | वार्ड 6 | २० | २५४२८५ | ७००००० | ९५४२८५ |
| ७ | 2 एच पि को मोटर/ बोरिङ जडान | वार्ड ७ | ४ | ५०८५७ | १४०००० | १९०८५७ |
| ८ | 2 एच पि को मोटर/ बोरिङ जडान | वार्ड 4 | ६ | ७६२८५ | २१०००० | २८६२८५ |
| ९ | 2 एच पि को मोटर/ बोरिङ जडान | वार्ड 8 | २० | २५४२८५ | ७००००० | ९५४२८५ |
| कुल जम्मा | | | १४४ | १८३०८५१ | ५०४०००० | ६८७०८५१ |

५३ **निजी प्रतिष्ठानमा खर्च :-**

पालिकाले वडा नं.६ मा रहेको घिमिरे प्रतिष्ठानमा पेवल लगाउने कार्य वापत उपभोक्ता समितिलाई रु.१००००० भुक्तानी भएको छ । निजी प्रतिष्ठानको परिसरमा भएको खर्च रकमलाई नियमित मान्न नसकिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

५४ **स्वकीय सचिव, प्रेस संयोजक तथा सचिवालय व्यवस्थापन सहयोगी नियुक्ती :-**

गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ को दफा ३ को ३ मा पालिकाको आन्तरिक आय, राजश्व एवं कार्यालयको कार्यबोझलाई समेतलाई बिचार गरी एक जना स्वकीय सचिव राख्न पाउने व्यवस्था गरेको छ । पालिकाले विभिन्न मितिको निर्णय बमोजिम हरि खतिवडालाई नगर प्रमुखको स्वकिय सचिवमा मासिक ३४०००, उपप्रमुखको सचिवालय व्यवस्थापन सहयोगीमा नवराज भट्टराईलाई मासिक रु.२२०००, त्यस्तै प्रेस संयोजकमा मिलन राउत क्षेत्रीलाई मासिक रु.२२००० र कानुनी सल्लाहकारमा गणेशराज लुईटेललाई १२ महिनाको रु.४०३००० भुक्तानी गर्ने गरी करार सम्झौता गरेको छ । कानूनी सल्लाहकारको कार्यक्षेत्रगत शर्तसहित अन्यको हकमा नियुक्तिको आधार र पुष्टयाइ सहितको व्यहोरा लेखापरीक्षणमा पेश हुनु पर्दछ । पालिकाको आन्तरिक आय, राजश्व एवं कार्यालयको कार्यबोझ समेतलाई ध्यान दिदै आन्तरिक श्रोतको बढोत्तरी गरेरमात्र यस्ता पदमा सम्झौता गरी खर्च लेख्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । साथै, कानुनी सल्लाहकार गणेशराज लुईटेलले नियमित पालिकामा उपस्थित भई हाजिरी गर्ने नगरी परामर्श सेवा प्रदान गरेको देखिदा निजले मासिक तलव भत्ता भुक्तानीमा आफ्नो परामर्श सेवावापतको बिल बिजक जारी गर्नुपर्नेमा नगरी करारको कर्मचारीकै हिसाबमा करकट्टी गरी नियमित तलव भुक्तानी गरेको देखिदा परामर्श सेवा वापतको बिल बिजक जारी गरी प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०३,००० |

५५ **करार कर्मचारी सञ्चयकोष :-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१,४०१,८९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५६ **तलब तथा सुविधा**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरवार काठमाण्डौंको बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको लागि पुनः एकीकरण परियोजना (ReMi) सञ्चालन सम्बन्धी वित्तीय मार्गदर्शन, २०८० अनुसार तलबमा थप सुविधा वापत सामाजिक सुरक्षा कोषको नियमानुसार कर्मचारीको तलबको २० प्रतिशत रोगजारीदाताबाट थप र कर्मचारीको तलबबाट ११ प्रतिशत गरी आधारभूत तलबको कूल ३१ प्रतिशत रकम प्रत्येक महिना सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । स्थानीय तहमा पुनः एकीकरण सम्बन्धी सेवा संचालन गर्न परियोजना अन्तर्गत करारमा नियूक्त ४ जना कर्मचारीहरुलाई तलब तथा सुविधा प्रदान गरेको छ । यस व्यवस्था अनुसार ४ जना कर्मचारीलाई रु.५८३३९२.०० थप भुक्तानी दिएकोले थप व्ययभार बढेको देखिन्छ ।

५७ **इन्धन अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहले खर्च गर्दा आफ्नो क्षेत्राधिकार तथा बजेटको सीमा भित्र रही मितव्ययी तवरले खर्च गर्नुपर्दछ। पालिकाले यो वर्ष नेपाल सरकारको छुट्टै कार्यालयको रुपमा रही बजेट व्यवस्थापन हुने तथा स्थानीय निकायको क्षेत्राधिकार भित्र नपर्ने सुरक्षा निकायका ईकाईका लागि निम्नानुसार ईन्धन उपलब्ध गराएकोले खर्च दोहोरो परे नपरेको यकिन गर्न नसकिने तथा पालिकालाई औसद दर रु १७० को दरमा रु ३३६६०० थप व्ययभार समेत परेको छ । अलग वजेट व्यवस्था भएका निकायलाई इन्धन अनुदान दिने कार्य नियम सम्मत नदेखिएको रु.

| क्र स | निकाय वा कार्यालय | मासिक ईन्धन लिटर |
|---|---|---|
| १ | इलाका प्रहरी कार्यालय, उर्लाबारी | ६० |
| २ | सशस्त्र प्रहरी बल बेस क्याम्प, उर्लाबारी | ४० |
| ३ | प्रहरी पोष्ट मंगलबारे | २५ |
| ४ | राजघाट प्रहरी पोष्ट | २५ |
| ५ | ट्राफिक प्रहरी पोष्ट उर्लाबारी | १५ |
| | जम्मा | १६५ |

| अनियमित भएको | ३,३६,६०० |
|---|---|

५८ **ठेक्का नलगाएको :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको पहिचान गरी सो अनुसारको राजस्व संकलन गर्नु पर्ने व्यवस्था छ । पालिका भित्र नदिजन्य सामाग्रीको विक्री वितरणको लागि पालिकाले प्रारम्भिक वातावरणीय मुल्याङ्कन (IEE) बमोजिम मावा खोलामा ४१९१७.५ घनमिटर र बक्राहा खोलामा ११३८६५ घनमिटर नदिजन्य सामाग्रीको ठेक्काको लागि पहिलो र दोस्रो पटक सूचना प्रकाशन गर्दा कुनै बोलपत्र पेश नभएको भनी २०८०।९।१७ मा बक्राहा खोलाको मात्र पूर्वाधार कार्यालयको पत्र बमोजिम २२००० घनमिटर निर्माण व्यवसायीलाई बिक्री गरिएकोले सो परिमाण घटाई कायम भएको ९१८६५ घनमिटर नदिजन्य पदार्थ संकलनका लागि रु.१७८८३१७५(भ्याट बाहेक) ठेक्का आह्वानको सूचना प्रकाशन गरेकोमा एकवटा मात्र सुम्निमा कन्स्ट्रक्सन प्रा.ली.झापाले रु.१८०,००,००० (भ्याट बाहेक) कबोल गरी मिति २०८०।११।२९ मा सम्झौता गरी पट्टा दिएको देखिन्छ । जसमा देखिएको व्यहोरा निम्न बमोजिम रहेको छ ।

५८.१ **ठेक्कामा परिमाण नियन्त्रण :-**

ढुङ्गा गिटी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा ७ (६) मा उत्खनन संकलन तथा ढुवानीकर्ताले उत्खनन संकलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख अनुसूची ४(क) र दैनिक पटके बिक्री वा अभिलेख तेरिज अनुसूची ४ (ख) बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । बक्राहा खोलाको ९१८६५ घनमिटर नदिजन्य पदार्थ संकलनका लागि सम्झौता गरी

मिति २०८०।११।२९ देखी २०८१ जेष्ठ मसान्तसम्म पट्टा दिएकोमा मापदण्ड बमोजिम उल्लेखित खोलाको नदीजन्य पदार्थको उत्खनन तथा संकलन, घाटगद्दी र बिक्रीको अभिलेख राखेको देखिएन। कार्यविधि बमोजिम अभिलेख नराख्दा ठेक्कामा दिएको परिमाण नियन्त्रण हुने देखिएन । मापदण्ड बमोजिम पट्टामा दिएको परिमाणमा उत्खनन तथा संकलन,घाटगद्दी र बिक्रीको अभिलेख राखी नदीजन्य पदार्थको परिमाण नियन्त्रण गर्नुपर्दछ।

५८.२ **आय ठेक्काको मुअकर :-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **२,४४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५८.३ **मुअकर दाखिला :-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **३४३,५७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८.४ **आय ठेक्का व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको पहिचान गरी सो अनुसारको राजस्व संकलन गर्नु पर्ने व्यवस्था छ । आ.ब.२०८०/८१ मा उर्लावारी नगरपालिका तथा दमक नगरपालिकाको सिमानामा पर्ने मावा खोलाको नदिजन्य पदार्थ उत्खननका लागि यस उर्लाबारी नगरपालिकाले दुई नगरपालिकाको सिमामा रहेको मावा खोलावाट ४१९१७.५० घनमिटर नदिजन्य पदार्थ उत्खननका लागि पहिलो पटक मिति २०८०।६।२५ र दोस्रोपटक मिति २०८०।८।७ मा रु.९०२९३१५ मा ठेक्का आव्हान भएको कुनै पनि ठेक्का पेश भएन ।सो पश्चात पालिकाले ठेक्का सूचना प्रकाशन नगरी अमानतबाट राजश्व संकलन गरेको देखिन्छ । जसबाट रु.३९२३३०२.६५ (मु.अ.कर बाहेक) दाखिला भएको छ । तेस्रो पटक सूचना प्रकाशनबाट बक्राहा खोलामा ठेक्का लागेकोमा मावा खोलाको सूचना प्रकाशन नै गरेको देखिदैन । प्रारम्भिक वातावरणीय मुल्याङ्कन (IEE) प्रतिवेदनले मावा खोलाबाट रु.९०२९३१५ को नदिजन्य पदार्थ बिक्री गर्न सकिने भनेकोमा ठेक्का नलाग्दा पालिकालाई प्राप्त हुने रु.५१०६०१२.३५ राजश्व कम संकलन भएको देखिदा समयमा नै ठेक्का लगाउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

५९ **मुल्य अभिवृद्वी कर दाखिला :-**

उर्लावारी नगरपालिका तथा दमक नगरपालिकाको सिमानाको मावा खोलामा आर्थिक बर्षभर र बक्राहा खोलामा २०८० फाल्गुण २१ सम्म अमानतबाट रु. ५७०२८४९।५४ संकलन भई पालिका विभाज्य खातामा दाखिला भएको देखिन्छ ।अमानतको लागि छपाई गरेको रसिदमा मुल्य अभिवृदी कर रकम समेत समावेश गरी रकम संकलन गरेको देखिदा संकलन भएको रकम संघिय सञ्चित कोषमा दाखाल गर्नुपर्ने रु.

| खोलाको नाम | संकलन भएको रकम | नदिजन्य सामाग्री शुल्क | मु.अ.कर |
|---|---|---|---|
| मावो खोला | ४४३३३३२.७ | ३९२३३०२.७ | ५१००३०.१ |
| बक्राहा खोला | १२६९५१६.८ | ११२३४६६.२ | १४६०५०.६ |
| जम्मा | ५७०२८४९.५ | ५०४६७६८.९ | ६५६०८०.७ |

| असुल गर्नुपर्ने | ६,५६,०८०.६६ |
|---|---|

६० **कवाडी कर :-**

पालिकाले नगरक्षेत्रभित्रका कवाडी कर संकलनको लागि पहिलो पटक मिति २०८०।७।१४ मा र दोस्रो पटक मिति २०८०।८।७ मा रु.१०,००,००० को प्रस्ताव माग गरी १५ दिने सूचना प्रकाशन गरेकोमा कुनै पनि प्रस्ताव पेश भएको देखिएन ।सो पश्चात पालिकाले आर्थिक वर्षको आधा समय व्यतित भईसकेको जनाई २०८०।९।४ गते खुला प्रस्ताव माग गरेकोमा ९ वटा फर्मले बढाबढमा प्रस्ताव पेश गरेकोमा सबैभन्दा बढी प्रस्ताब माग गर्ने रियल स्टेट कन्सट्रक्सन प्रा.ली.लाई भ्याट बाहेक ५५१००० मा मिति २०८०।१०।२५मा सम्झौता भएको छ । कन्सट्रक्सनले रु.४९५००० एकमुष्ट रकम बुझाएकोमा पालिकाको आर्थिक ऐन २०८० बमोजिम १० प्रतिशत रकम छुट दिएकोमा मुल्य अभिवृद्धी कर बुझाएको देखिएन ।यसरी बुझाउनु पर्ने पूर्ण विवरण नबुझाई कर छुट दिने प्रवृतीमा सुधार गर्दै मुल्य अभिवृद्धी कर दाखिला भएको प्रमाण पेश गर्नुपर्ने

| प्रमाण पेश नगरेको | ७१,६३० |
|---|---|

६१ **सटर भाडा :-**

यस पालिका अनर्गत रहेका ८ वटा सटर भाडामा लगाउनका लागि मिति २०७४ मंसिर ५ गते राजश्व परामर्श समितिको बैठकले सटर रहेको कोठाको क्षेत्रफलको आधारमा भाडादर तयार गरी २०७४।८।१२ मा सूचना प्रकाशन भई विभिन्न व्यक्तिको निवेदन मागको आधारमा सम्झौता गरी सबै सटर भाँडामा लगाएको देखिन्छ । सटर भाडाको अवधि २०७४ पौष १ देखी २०७६ मंसिर मसान्तसम्म रहेको उल्लेख रहेको छ । सो पश्चात कुनै पनि भाडावालहरुसँग सम्झौता नबिकरण भएको देखिएन । ति सटर कहिले खाली भएको हो र सो वापतको रकम बाँकी रहे नरहेको समेत यकिन हुन सकिएन । यस आ.ब.मा सो ८ वटा सटरमध्ये ६ वटा सटर कार्यालयले नै प्रयोग गरी बाँकी २ वटामात्र भाडामा रहेको जनाई २० प्रतिशत रकम बृद्धी गरेको देखिन्छ ।अत: वि.स.२०७४ सालमा तयार गरेको दररेटलाई आधार मानेर सटर भाडा लगाउने प्रवृतीमा सुधार गर्नुपर्दछ ।

६२ **राजस्व लेखा अधावधिक :-**

आर्थिक कार्यविधि तथा वित्तय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५९ बमोजिम कार्यालयले राजस्वको आम्दानी जनाउंदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भए तापनि त्यस्तो राजस्व स्वीकृत राजस्व वर्गीकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हस्बली राजस्व आम्दानी दाखिला गरि गोश्वारा भौचर तयार गरि दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अधवाधिक गर्नु पर्ने छ भनी व्यवस्था रहेको छ ।पालिकाबाट आन्तरिक आय संकलनका लागि विभिन्न आय शीर्षकहरुमा वार्षिक तथा बहुबर्षीय ठेक्का लगाई राजस्व संकलन गरिएको छ तर ठेक्काको अद्यावाधिक विवरण तयार गरि राखिएको छैन ।यसरी अद्यावधिक विवरण नहुँदा श्रेस्ता परिक्षणको क्रममा कुनै राजस्व ठेक्का सम्बन्धी कागजात परीक्षण गर्न छुट तथा अन्य निकाय पठाएको हुन सक्ने भएकोले अनिवार्य रुपमा आन्तरिक राजस्व ठेक्काको शीर्षकगत विवरण तयार गरी अधवाधिक लगत राख्नुपर्ने देखिन्छ ।

६३ **सरसफाई शुल्क :-**

नगरपालिका र निजी साझेदार पाथीभरा इन्भाइरोमेन्ट केयर प्रा.ली. बिच फोहोर मैला व्यवस्थापनको लागि २०७८।०९।७ गते मिति २०८० चैत्र मसान्त सम्मका लागि फोहोरमैला व्यवस्थापनको लागि रु.३१२००००(मुअ.कर बाहेक) र फोहोर मैला व्यवस्थापन गर्ने निजी जग्गाको लागि मासिक रु. ७५००० दिने गरी सम्झौता भएको देखिन्छ ।सम्झौताको अवधि समाप्त पश्चात लेखापरीक्षणको अवधि(२०८१।८।१७) सम्म सोहि संस्थामार्फत फोहोर व्यवस्थापनको कार्य भईरहेको देखियो । पाथीभरा इन्भाइरोमेन्ट केयर प्रा.ली. ले लेखापरीक्षणमा पेश गरेको विवरण अनुसार कार्ड वितरण ५३५४ वटा र मासिक सफाई शुल्क उठ्ने संख्या २५१० रहेको देखियो । ग्रामिण भेगमा न्यूनतम रु.५०, अस्पतालमा अधिकतम रु.२००० र बजार क्षेत्रमा सामान्यतया रु.१०० का दरले मासिक सरसफाई शुल्क संकलन गर्ने गरेको देखिन्छ । यसरी २८४४ कार्ड सदस्यले रकम नबुझाउदा समेत फोहोर मैला संकलन हुदाँ औसतमा रु.१०० का दरले गणना गर्दा समेत मासिक रु.२८४४०० संकलन हुन नसकेको देखिन्छ ।अत: ठेक्काको अवधि समाप्त भईसकेको अवस्था देखिदा फोहोरमैला संकलन तथा सेवा शुल्क सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

६४ **रसिद नियन्त्रण खाताः**

उर्लाबारी नगरपालिका र पाथीभरा इन्भाइरोमेन्ट केयर प्रा.ली. सम्झौतामा नगरपालिका उपलब्ध गराएको नगदी रसिद प्रयोग पर्ने व्यवस्था छ । साझेदारले पालिकाबाट उपलब्ध गराएको रसिदको प्रयोग गर्ने गरेकोमा राजस्व महाशाखाले रसिद नियन्त्रण खाता प्रयोग गरेको देखिएन। साझेदारले मासिक प्रतिवेदनमा प्रयोग गरेको रसिद र रकम उल्लेख गरी राजस्व महाशाखाले राजस्व रकम संकलन गरे पनि राजस्वका रसिद र संकलन रकम भिडान गरेको देखिएन । रसिद नियन्त्रण खातामा रसिदको अभिलेख राखी मासिक प्रतिवेदनमा संकलन राजस्वसँग भिडान गर्नु पर्दछ ।

६५ **व्यवसाय करः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६६ **दर्ता नविकरण :-**

६६.१ पालिकाभित्र संचालित निम्न विद्यालयलहरु पालिकाको शिक्षा शाखामा दर्तामा रहेका तर पालिकालाई सालबसाली आर्थिक ऐन बमोजिम तिर्नुपर्ने सम्पती तथा व्यवसाय कर तथा नविवकरण दस्तुर तिरेको देखिएन ।कतिपय विद्यालयले पालिकाल स्थापना कालदेखि कै सम्पती कर, व्यवसाय कर तिरेको नदेखिदा आर्थिक ऐन बमोजिम तोकेको दस्तुर तथा जरिवाना समेत असुल गर्नुपर्ने देखिएको रु.

| क्र.स. | विद्यालयको नाम | ठेगाना | वडा | सञ्चालित कक्षा | रकम |
|---|---|---|---|---|---|
| १ | मदन भण्डारी स्मृती प्रतिष्ठान नेपाल | उर्लाबारी-३ | ३ | क्याम्पस | १५००० |
| २ | झारसाँदी अंग्रेजी बोर्डिङ स्कूल | उर्लाबारी-१ | १ | ०-१० | ७००० |
| ३ | मधुमल्ला चिल्ड्रेन एकेडेमी | उर्लाबारी-१ | १ | ०-८ | ४००० |
| ४ | सुनदह इङ्लिस बोर्डिङ स्कुल | उर्लाबारी-१ | १ | ०-३ | ३००० |
| ५ | सिर्जना मन्टेस्वरी स्कूल | उर्लाबारी-१ | १ | बाल कक्षा | २००० |
| ६ | विद्याज्योति बोर्डिङ स्कुल | उर्लाबारी-३ | ३ | ०-१२ | १२००० |
| ७ | हिमालय बालसंसार अंग्रेजी बोर्डिङ स्कूल | उर्लाबारी-३ | ३ | ०-१० | ७००० |
| ८ | शुभकामना अंग्रेजी बोर्डिङ स्कूल | उर्लाबारी-३ | ३ | ०-१० | ७००० |
| ९ | सनसाइन अंग्रेजी माध्यमिक बोर्डिङ स्कूल | उर्लाबारी-३ | ३ | ०-१० | ७००० |
| १० | योङ् किडस मन्टेश्वरी स्कुल | उर्लाबारी-३ | ३ | बाल कक्षा | २००० |
| ११ | सप्तकोशी इङ्लिस बोर्डिङ सेकेन्डरी स्कूल | उर्लाबारी-४ | ४ | ०-१२ | १२००० |
| १२ | श्री हिमचुली मावि | उर्लाबारी-४ | ४ | ०-१० | ७००० |
| १३ | सेन्ट स्टेफेन्स स्कूल | उर्लाबारी-४ | ४ | ०-८ | ४००० |
| १४ | नेशनल भिजन इंग्लिश बोर्डिङ स्कुल | उर्लाबारी-४ | ४ | ०-५ | ३००० |
| १५ | सिद्धार्थ मन्टेश्वरी | उर्लाबारी-४ | ४ | बाल कक्षा | २००० |
| १६ | सुनगाभा आवासिय मा वि | उर्लाबारी-५ | ५ | ०-१२ | १२००० |
| १७ | माउन्ट जैन अंग्रेजी बोर्डिङ स्कूल | उर्लाबारी -५ | ५ | ०-५ | ३००० |
| १८ | उर्लाबारी लिटिल एन्जल्स इ. बो. स्कुल | उर्लाबारी-५ | ५ | ०-५ | ३००० |
| १९ | मनकामना विद्या सदन | उर्लाबारी-५ | ५ | ०-५ | ३००० |
| २० | होली चाइल्ड अंग्रेजी माध्यमिक विद्यालय | उर्लाबारी-६ | ६ | ०-१२ | १२००० |
| २१ | कुडोस विद्यासदन | उर्लाबारी -६ | ६ | ०-९ | ७००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | भृकुटी मोडल एकेडेमी | उर्लाबारी-७ | ७ | ०-१२ | १२००० |
| २३ | लालीगुराँस अंग्रेजी बोर्डिङ स्कूल | उर्लाबारी-७ | ७ | ०-१० | ७००० |
| २४ | नेपाल आदर्श अंग्रेजी माध्यमिक विद्यालय | उर्लाबारी-७ | ७ | ०-११ | १२००० |
| २५ | नेपाल दर्शन मावि | उर्लाबारी-७ | ७ | ११,-१२ | १२००० |
| २६ | पार्लेन्स इन्टरनेशनल एकेडेमी | उर्लाबारी-७ | ७ | ०-१० | ७००० |
| २७ | मेरिगोल्ड नेशनल एकेडेमी | उर्लाबारी-७ | ७ | ०-५ | ३००० |
| २८ | बेथेल एकेडेमी | उर्लाबारी-७ | ७ | ०-६ | ४००० |
| २९ | दिपशिखा मन्टेश्वरी | उर्लाबारी-७ | ७ | बाल कक्षा | २००० |
| ३० | संस्कार पाठशाला | उर्लाबारी-७ | ७ | बाल कक्षा | २००० |
| ३१ | नेबुला अंग्रेजी स्कूल | उर्लाबारी-८ | ८ | ०-१२ | १२००० |
| ३२ | न्यू भिजन एकेडेमी | उर्लाबारी-८ | ८ | ०-१० | ७००० |
| ३३ | प्रतिभा बोर्डिङ स्कूल | उर्लाबारी-८ | ८ | ०-१० | ७००० |
| ३४ | ओवल ल्याव्रटरी अंग्रेजी स्कूल | उर्लाबारी-९ | ९ | ०-१० | ७००० |
| ३५ | शिशु शिक्षा सदन अंग्रेजी विद्यालय | उर्लाबारी-९ | ९ | ०-१० | ७००० |
| जम्मा | | | | | २३५००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३५,००० |

६६.२ **बन पैदावार विक्री :**

वन नियमावली २०७९ को नियम २५(१) अनुसार डिभिजन वन कार्यालय अन्य सरकारी निकाय, सरकारी स्वामित्वमा रहेका यस पालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले बार्षिक वन पैदावरको विक्रीमा संकलन गरेको आम्दानीको १० प्रतिशत सम्बन्धित पालिकामा पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामुदायिक बन उपभोक्ता समितिले लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको बनपैदावर बिक्रीलाई आधार मानी ८ वटा सामुदायिक वनबाट १० प्रतिशतले हुने रु.२२२८२३९ प्राप्त गरेको देखिन्छ । सामुदायिक बन उपभोक्ता समितिहरुको अभिलेख व्यवस्थापन गरी पालिकाको आयलाई थप व्यवस्थित गर्नुपर्दछ ।

६७ **दर्ता नविकरण :-**

पालिकाले अन्तर सरकरी वित्त व्यवस्थापन ऐन,२०७४ को संसोधित समेतको दफा ५ को घ मा विज्ञापन दर नगरपालिकाले लगाउने र उठाउने अधिकार दिएको छ । सो बमोजिम आ.ब. २०७८/७९ मा ३ वर्षको लागि विज्ञापन कर संकलनको लागि सूचना प्रकाशन भएकोमा आकृती एडभरटाईजिङ्ग प्रा.ली. बिराटनगरले बार्षिक ६१७१०० (भ्याट बाहेक) सम्झौता गरी प्रत्येक वर्ष ठेक्का अंकको १०

प्रतिशत थप गरी बुझाउने व्यवस्था रहेकोमा यस बर्ष रु.६१७१०० विभाज्य खातामा र सो भ्याट ८०२२३ संचित कोषमा दाखिला गरेको देखियो । विज्ञापन करको दायरलाई विस्तार गरी थप राजश्व प्राप्तीमा ध्यान दिनुपर्दछ ।

६८ **बक्यौता आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार २ व्यवसायीबाट रु १७५७९११९ असुल गर्ने बाँकी रहेको छ ।

| क्र.सं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम ( मुअकर बाहेक ) | दाखिला रकम | बाँकी रकम(मुअकर समेत) |
|---|---|---|---|---|---|
| १ | गंगा निर्माण सेवा एण्ड ट्रेडिङ्ग प्राली, उर्लाबारी ५ | बक्राहा नुनसरी र सोल्टी खोलाबाट नदीजन्य पदार्थ संकलन | १६२५५५५५ | ८१२७७७८ | ९१८४३८९ |
| | गंगा निर्माण सेवा एण्ड ट्रेडिङ्ग प्राली, उर्लाबारी ५ | वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाणभन्दा बढी उत्खनन् गरेको | ७१४७१५०.६ | ० | ८०७६२८०.२ |
| २ | ऋतिक मिडिया प्राली कुपण्डोल ललितपुर | विज्ञापन कर | ६३६९०० | ३१८४५० | ३१८४५० |
| | | जम्मा | २४०३९६०६ | ८४४६२२८ | १७५७९११९ |

बक्राहा नुनसरी र सोल्टी खोलाबाट नदीजन्य पदार्थ संकलन तर्फको २०८०।२।२५ भित्र दाखिला भैसक्नुपर्ने आय ठेक्काको दोश्रो किस्ता बराबरको बाँकी रकममा सम्झौताको बुँदा ११ को व्यवस्थाबमोजिम ०.०२७ प्रतिशतका दरले ढिला बुझाएबापतको जरिवाना गणना हुन छुट देखिएको, बैक जमानतबाट असुल हुन बाँकी रु २१२७७७८ (प्रथम किस्ता आय पालिकामा दाखिला भएपनि मुअकर असुल र दाखिला नभएको) र बढी उत्खनन् गरेको परिमाण बराबरको रु ९२९१२९।५८ समेत जम्मा रु ३०५६९०७।५८ मुअकर असुल तथा दाखिला हुन बाँकी रहेको छ । उठ्न बाँकी रकममा सम्झौताअनुसारको व्याज तथा हर्जनासमेत यकिन गरी असुल गर्न पालिका थप क्रियाशिल बन्नुपर्दछ ।साथै, वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाणभन्दा बढी उत्खनन् गरेको यकिन भै कार्यपालिकाले निर्णय समेत गरिसकेको अवस्थामा सम्झौता र प्रतिवेदनमा उल्लेखित परिमाण भन्दा बढी उत्खनन् भएको नदिजन्य पदार्थको परिमाणमा वातावरण ऐन, २०७६ को दफा ३५ को व्यवस्था कार्यविधि अवलम्बन गरी तेब्बर जरिवाना समेत असुल गर्नुपर्दछ। यस सम्बन्धमा सम्झौताबमोजिमको रकम नबुझाएको कारण पालिका र व्यवसायी तथा जरिवाना निर्णयका विरुद्ध व्यवसायी समेत गरी ३ मुद्दा उच्च अदालत बिराटनगरमा विचाराधिन रहेको पालिकाले जनाएको छ ।

६९ **पुर्वाधार सेवा शुल्क**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा पूर्वाधार प्रयोग शुल्क संकलनको आय ठेक्काका रु ३१ लाख ५० हजारको सूचना प्रकाशन गरेतापनी ठेक्का नलागेको जनाएको छ । ठेक्का व्यवस्था हुन नसक्नुको कारण सम्बन्धमा पालिकाले गत विगतमा लागेको न्यूनत्तम रकमलाई आधार लिई पटक पटक ठेक्का आव्हान गरिएतापनी ठेक्का लाग्न नसकेको र चालु आर्थिक वर्षमा न्यूनत्तम अंक कम गरी ठेक्का आव्हान गर्दा ठेक्का लागेतापनी सम्झौता हुन नसकेको जनाएको छ । कार्यपालिकाको मिति २०८०।९।१८ को बैठकको निर्णयानुसार ठेक्का व्यवस्थापन हुन नसकेको हुँदा दैनिक ज्यालादारीमा जनशक्ति व्यवस्थापन गरी अमानतबाट रु ३३१९० असुल गरेको छ । ६० ठेली छपाई भएकोमा ३३ ठेली वितरण गरिएको र २७ मौज्दातमा रहेकोले यसप्रकार छपाईमा हुने खर्चलाई मितव्ययी र आय प्रक्षेपणलाई वास्तविकताको नजिक हुने गरी अनुमान गर्ने र आय व्यवस्थापनका लागि पालिका थप क्रियाशिल बन्नुपर्ने देखिएको छ ।

७० **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । यो आर्थिक वर्षमा पालिकाले सम्पति कर, भुमि/मालपोतकर, सिफारिस दस्तुर, व्यवसाय कर, वहाल कर, फोहोरमैला व्यवस्थापन शुल्क, हाटबजार कर लगाएतका शिर्षकबाट रु.६,५६,०७,०००।–आम्दानीप्रक्षेपण गरेकोमा रु.६,९१,५२,०४६.८८ आम्दानीगरेको देखिन्छ जुन प्रस्तावित आयको १०५.४ प्रतिशत हो। राजस्व आम्दानी, अभिलेख र प्रतिवेदनसँग सम्बन्धित थप व्यहोरा देहायबमोजिम रहेका छन् :

७०.१ **वडागत राजश्व संकलन :-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाको वडा कार्यालयगत राजश्व संकलन विवरण देहाय बमोजिम छ :




**(विस्तृत विवरण बेरुजु दफा ७०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७०.२ **तुलनात्मक परिक्षण :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाले विभिन्न शिर्षकमा राजश्वको वार्षिक अनुमान गरी राजश्व शुल्क उठाउने गरेको छ । कुनै शिर्षकमा अनुमानित रकम भन्दा धरै र कुनै शिर्षकमा शुन्य राजश्व संकलन भएको अवस्था छ। राजस्वका विभिन्न शिर्षकमा अनुमानित आयलाई व्यवस्थित गरी राजस्वलाई अनुमानयोग्य बनाउनुपर्दछ। साथै, राजश्वको यथार्थ अनुमान गरी पालिकाको आम्दानी वृद्धि गर्न तर्फ ध्यान दिनु पर्दछ ।

| आम्दानीशीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी प्रतिशत |
|---|---|---|---|
| ११३१३ सम्पती कर | ४९००००० | ५७५१४८१.३७ | ११७.३८ |
| ११३१४ भुमिकर/मालपोत | ९७००००० | ५८६२१२३.३९ | ६०.४३ |
| ११३१७ वहाल कर | ५७००००० | ६७३४५३३.०१ | ११८.१५ |
| ११३१८ वहाल विटौरी कर | १९००००० | ८८०९८५.१ | ४६.३७ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १६६००० | ११३७०० | ६८.४८ |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २७००००० | ० | ० |
| ११४७९ अन्य मनोरञ्जन कर | १९,०००.०० | ४७,५००.०० | २५० |
| ११६९१ अन्य कर | १५,०००.०० | ५२७३५५. | ३५१५.७ |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | १९०००० | ३८२४१९ | २०१.२७ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४२०००० | ० | ० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | २५,०००.०० | ० | ० |
| १४२१८ विद्युत सेवा शुल्क | ६,९९९.०० | ४,४२०.०० | ६३.१५ |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १५,०००.०० | ५०८८७११.३ | ३३९२४.७४ |
| १४२२१ न्यायिक दस्तूर | २९५००० | २४,९००.०० | ८.४४ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ७००००० | २७७६०७८.०३ | ३९६.५८ |
| १४२४२ नक्सापास दस्तुर | ४९००००० | ४३२५४२६.३९ | ८८.२७ |
| १४२४३ सिफारिश दस्तुर | ८४००००० | ११३५२५९०.३ | १३५.१५ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ६७५००० | ८०६९९६. | ११९.५५ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ४२०००० | ३८९९२०. | ९२.८४ |
| १४२४९ अन्य दस्तुर | ५५००००० | ७५१८१९६.७४ | १३६.६९ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ९९०००० | ७९४६०३. | ८०.२६ |
| १४२६५ अन्य क्षेत्रको आय | २४०००० | ० | ० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १. | १२३६७४. | १२३६७४०० |
| १४४२१ पूँजीगत हस्तान्तरण | ८००००००. | ४७५००००. | ५९.३८ |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | ७०,०००.०० | ३९००४६.९ | ५५७.२१ |
| १४५२९ अन्य राजस्व | ३५,०००.०० | १,२००.०० | ३.४३ |
| १४६११ व्यवसाय कर | ९२००००० | १०१५९१६५.४ | ११०.४३ |
| १५१११ बेरूजू | ४२५००० | ३४६०२१.९५ | ८१.४२ |
| **जम्मा** | **६५६०७०००.** | **६९१५२०४६.८८** | **१०५.४** |

७०.३ **राजश्व आयको प्रवृत्ति :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाको विगत तीन आ.व.को आन्तरिक राजश्व संकलनको तुलनात्मक विवरण देहायको चार्टमा प्रस्तुत गरिएको छ । आन्तरिक श्रोतका थप क्षेत्र पहिचान गरी आम्दानी स्तर वृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।




**(विस्तृत विवरण बेरूजु दफा ७०.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७१ **निःशुल्क उपचार सहायताः**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ । सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट ५४ जनाको लागि रु.७ लाख ४२ हजार खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

| क्र सं. | उपचारको किसिम | व्यक्ती संख्या | रकम (रु.हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | Minor ot | १ | १२ | |
| २ | Lungs problem | १ | २० | |
| ३ | Sepsis | १ | १५ | |
| ४ | Pneumonia | १ | १६ | |
| ५ | Abscess | २ | ३१ | |
| ६ | Dog bite | २ | २१ | |
| ७ | Ncd | २५ | ३१९ | |
| ८ | Prostatomegaly | १ | १५ | |
| ९ | Fracture | ५ | ६६ | |
| १० | Stroke | १ | १८ | |
| ११ | liver disease | १ | २० | |
| १२ | Eye problem | १ | १५ | |
| १३ | Hydrocele | १ | १४ | |
| १४ | Head injury | १ | १६ | |
| १५ | Developmental defect | १ | ६ | |
| १६ | Hearnia | ३ | ५० | |
| १७ | Abdominal problem | ४ | ५३ | |
| १८ | Seizure disorder | १ | १६ | |
| १९ | anaemia | १ | १९ | |
| **Total** | | **५४** | **७४२** | |

७२ **औषधि खरिद** –

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु तथा पालिका चालु बजेट उप शिर्षकबाट देहायका सप्लार्यस सँग रु.९००२६४९.८३ को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| क्र.सं. | सप्लायर्स वा विक्रेता | जम्मा भुक्तानी |
|---|---|---|
| १ | लाइफ लाइन ड्रप प्रा.लि | २६०७०३६.५५ |
| २ | याशोदा फर्मा ट्रेडर्स | ११३०१३४.०१ |
| ३ | राम लक्ष्मण फार्मेसी | ९९३७४९.२४ |
| ४ | नयन मेडिको फर्मा | ९५६२४९.७५ |
| ५ | सेतीदेवी मेडिसिन सप्लायर्स प्रा.लि. | ७८५९७३.६ |
| ६ | मेडि गोल्ड इन्टरनेशनल प्रा.लि | ५६९९०२.५४ |
| ७ | समुन्द्र मेडिको फर्मा | ५०४८०९.१४ |
| ८ | चुन चुन फार्मेसी | ४९०४०० |
| ९ | यज्ञराज मेडिसिन सप्लार्यस काठमाण्डौं | ९६४३९५ |
| | जम्मा | ९००२६४९.८३ |

७३ **खर्चको पुष्ट्याईं :-**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **६७६,८३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

७४ **विद्युतमा जरिवाना :-**

कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ को बुँदा नं. २१ मा विजुली पानी टेलिफोन महशुल मिटर रिडिङ पछि तोकिएको समयमा भुक्तानी गरी छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ ।पालिका तथा अन्तर्गतका कार्यालयको विद्युत महशुल वापतको रकम प्रत्येक महिना समयमा नै भुक्तानी गरी छुट लिनुपर्नेमा बजेट हुदा हुदै निम्न रकम भुक्तानीमा बिलम्ब २५ प्रतिशत जरिवाना वापत रु.१२२५२६ विद्युत प्राधिकरणलाई भुक्तानी गरेको देखियो यसरी समयमा नै विद्युत महशुल नबुझाउने पालिकाको प्रवृतीमा सुधार गरी छुट पाउने समयमा नै भुक्तानी लिनेतर्फ पालिकाले ध्यान दिनपर्ने देखिन्छ ।

| क्र.स. | बिल नं | विद्युत महशुल | जरिवाना प्रतिशत | जरिवाना रकम |
|---|---|---|---|---|
| १ | ०१४२४८६ | ५३६०२२ | २५ | ४६०९७ |
| २ | ०१४२४९१ | | २५ | ८५२२ |
| ३ | ०१४२४९३ | | २५ | ९५३७ |
| ४ | विभिन्न १६ मिटरको | ३९४८३८ | फरक/फरक | ५८३७० |
| जम्मा | | | | १२२५२६ |

| अनियमित भएको | १,२२,५२६ |
|---|---|

७५ **हस्तान्तरण गरेको सवारी मर्मत :-** (34-२०८०-५-२६):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिकाले फोहोरमैला संकलनको लागि जय श्री पाथिभरा

इन्भाइयोमेन्ट केयर प्रा.ली.लाई हस्तान्तरण गरेको को १ त १७७१ को ट्राक्टर मर्मत वापत अशिष सर्भिसिङ्ग सेन्टरलाई रु.१८५००० भुक्तानी गरेको देखिन्छ । सो ट्राक्टर फोहोर मैला संकलनको लागि मिति २०७५।१२।२४ मा जय श्री पाथिभरा इन्भाइयोमेन्ट केयर प्रा.ली.लाई हस्तान्तरण गरेको देखिन्छ । सम्झौताको बुदा नं. ४ मा फोहोरमैला संकलनका लागि प्रयोग भएका सवारीको मर्मत सम्भार गर्नुपर्दा आपसी समझदारीमा हुने उल्लेख भएकोमा पालिका र प्रा.ली.बिच कुनै समझदारी नभई पुरै रकम पालिकाले भुक्तानी गरेको छ। अत: फोहोर मैला संकलनकर्ताले सम्झौता गरी ट्राक्टर बुझेको र मर्मत गर्दा आपसी समझदारीमा मितव्ययी तवरमा कार्य संचालन गर्नु पर्ने देखिएको छ । सम्झौताको पालना गर्नु पर्दछ ।

७६ **नर्म्सभन्दा बढी भुक्तानी -**

७६.१ उर्लावारी नगरपालिकाको कार्यसञ्चालन निर्देर्शिका,२०७७ को बुदा नं.१४मा तालिम सेमिनार र गोष्ठी सम्बन्धि व्यवस्था गरेको छ । जसमा प्रशिक्षकलाई प्रतिसेसन २००० का दरले भुक्तानी गर्ने र सेसन कम्तिमा १ घण्टा ३० मिनेटको हुनुपर्ने व्यवस्था रहेको सोहि आधारमा दिनको अधिकतम ४ कक्षा संचालन गर्न सकिने व्यवस्था रहेको छ । निम्न कार्यक्रममा पालिकाले जारी गरेको निर्देशिकाले तोकेको भन्दा बढी कक्षा संचालन वापतको रकम भुक्तानी भएको देखिदा बढी भुक्तानी भएको देखिदा बढी भुक्तानी भएको रकम कार्यक्रम संयोजकबाट असुल हुनुपर्ने रु.

| भौ.न. | विवरण | दिनुपर्ने | दिएको | फरक | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ७९०-२०८०।११।१५ | जनप्रतिनिधीलाई कानूनी शिक्षा कार्यक्रम | ८ | १२ | ४ | १५०० | ६००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

७६.२ ( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७७ **प्रमाण पेश :-** (१५६९-२०८१-३-२३):

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **३९६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७८ **अवलोकन भ्रमण :-**

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका भ्रमण सँग सम्बन्धित खर्च भुक्तानी गर्दा भ्रमण गरिएको स्थान भ्रमण गर्नुको उदेश्य, भ्रमणमा संलग्नहरुको विवरण तथा भ्रमण सम्पन्न पश्चात अवलोकन भ्रमणका सिकाई र खर्चको उपादेयता पुष्टि हुने गरी प्रतिवेदन नलिएको तथा तपसिलमा उल्लेखित व्यहोरामा ध्यान नदिई खर्च भुक्तान गरेको रु.

| भौ.न. | कार्यक्रम | रकम | भ्रमण गरेको स्थान |
|---|---|---|---|
| ६४१-२०८०।१०।४ | पदाधिकी तथा कर्मचारीलाई भ्रमण खर्च वडा नं. १ | १००००० | सुर्यदयो नगरपालिका ईलाम २ दिन |
| १५७६-२०८०।३।२३ | पदाधिकारी तथा कर्मचारीको भ्रमण खर्च | ५०००० | रोङ्ग गाउपालिका ईलाम |
| ६७०-२०८०।१०।१८ | सुशासन तथा संस्थागत विश्लेशण तालिमको खर्चअध्ययन अवलोकन भ्रमण | ३१७२०० | संस्था नखुलेको |
| १३००-२०८०।३।५ | कर्मचारी तथा जनप्रतिनिधीलाई सिकाईका लागि अध्ययन भ्रमण वडा नं. ८ | ५०००० | २ दिन सुर्योदय ईलाम |

- भौ.न.६४१ बाट वडा नं. १ ले वडाले यस आ.ब.मा बिनीयोजित बजेट शिर्षकबाट भ्रमण गरी रकम भुक्तानी गरेको देखिन्छ ।
- भौ.न.६७० बाट अध्ययन अवलोकन भ्रमण वापत ३१७००० भुक्तानी भएको छ । खर्च रकम सम्बन्धित फर्मलाई भुक्तानी भई रु.९४३५० हरि खतिवडालाई भुक्तानी भएको देखिन्छ । खर्चको प्रयोजन नखुलेको सम्बन्धमा छलफल गर्दा अन्य स्थानीय तहका पदाधिकारीहरुको स्वागत तथा अतिथी सत्कारमा खर्च भएको जनाएको छ। यस प्रकारको खर्च गर्दा खर्चसँग सम्बन्धित सान्दर्भिक विल भरपाई र प्रयोजन स्पष्ट खुलाई खर्च लेख्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।
- कार्यक्रम प्रस्ताव अनुसार अवलोकन भ्रमणको उद्बेश्य योजना निर्माणमा सघाउने स्थानीय तहलाई सबल बनाउने तथा अनुभव आदानप्रदान गर्ने रहेको देखिन्छ । तर जनप्रतिनिधिको अवलोकन भ्रमण प्रतिवेदन अनुसार वडा पालिकाको विकासमा सघाउ पुर्याउने गरी कही कतैपनि अनुभव आदानप्रदान गरेको पुष्टयाई हुने कागजात संलग्न गरेको छैन । यस प्रकारका अवलोकन भ्रमणलाई सिकाईको अवसर र पृष्ठपोषण प्राप्त गरी नगरपालिकाको कार्यप्रक्रियामा सुधारको लागि उपयोग गरिनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ५,१७,२०० |

७९ **फरक खर्च शिर्षक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा स्वीकृत भएको कार्यक्रम तथा शीर्षकमा खर्च भए नभए यकिन गरी मात्र खर्च लेख्नु पर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिम खर्च शिर्षकबाट सभाबाट पारित गरेकोमा बर्षान्तमा आएर शिर्षक परिवर्त गरी खर्च गरेको देखियो । यसरी कार्यान्वयन नहुने योजना राखी र कार्यान्वयन नहुने अवस्था आएपश्चात तुलनात्मक सरल र सहज शिर्षक परिवर्तन गरी खर्च गर्ने गरेको देखिदाँ आवश्यकता र कार्यान्वयन योग्य योजना तर्जुमा तथा कार्यान्वयन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं. र मिति | सभाबाट पारित शिर्षक | खर्च | भुक्तानीको व्यहोरा | रकम रु. |
|---|---|---|---|---|
| १५२५-२०८०।३।२१ | चिल्ड्रेन पार्क वृक्षारोपण कार्यक्रम | डस्टबिन खरिद | ५० थान डस्टबिन खरिद | ९५२०२ |
| १५३०-२०८०।३।२१ | नाला सरसफाई कार्यक्रम | मोकै छोडाउने मेशिन | लागत साझेदारीमा १४ थान | ९१८७५ |
| १५३२-२०८०।३।२२ | स्टिल तथा काष्ठ फर्निचर तालिम कार्यक्रम | चापाकटर खरिद | ६ थान लाग साझेदारीमा | १९०७७० |
| १३८१-२०८०।३।१२ | कर्मचारी तथा जनप्रतिनिधीको क्षमता विकास योजना | सामाजिक परिक्षण | पूर्व न्यूज मिडियालाई भुक्तानी | २७०५१० |

८० **निजी संस्थालाई भुक्तानी :-** (1457-२०८१-३-१७):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिकाले मन कराते सेन्टरलाई रु.१००००० भुक्तानी भएको छ ।सामाग्री खरिद तथा कार्यक्रम संचालन वापत भनी रकम भुक्तानी भएको छ । संलग्न व्यवसाय दर्ता प्रमाणपत्रमा व्यवसायको प्रकृती निजी भनेकोमा समेत पालिकाले रकम भुक्तानी दिएको देखिन्छ । यसरी व्यक्तिगत संस्थालाई कार्यविधी वेगर दिईने भुक्तानीलाई नियमित मान्न नसकिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

८१ **दोहोरो खर्च :-**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१९,९७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८२ **रेडक्रस सहयोग कार्यक्रम :-**

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम पालिकाले सेवा प्रवाहको लागि करार वा स्थायी कर्मचारीमार्फत सेवा प्रावह गर्ने उल्लेख छ । पालिकाले नेपाल रेडक्रस सोसाईटी उर्लाबारी उपशाखालाई सर्पदंश कार्यक्रम वापत मासिक ४ जनालाई तलब भत्ता वापत मासिक ८५००० का दरले बार्षिक रु.१०२०००० भुक्तानी गरेको देखिन्छ । पालिकासँग सर्पदंश कार्यक्रम सञ्चालन सम्बन्धी कुनै सम्झौता नभएको र उपचारमा सहुलियत सम्बन्धमा कुनै विवरण उल्लेख नगरी अन्यत्र संस्थाका कर्मचारीलाई नियमित रुपमा तलब भत्ता भुक्तानी गरेको रकम नियमित मान्न नसकिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,२०,००० |

८३ **पुस्तक प्रकाशन खर्च :-** (1426-२०८१-३-१४):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **६०,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८४ **आवधिक योजना अध्यावधिक :-** (1295-२०८१-३-४):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालकिले आवधिक योजना अध्यावधिक कार्यका लागि पाथिभरा अनुसन्धान सेवा एवं परामर्श सेवा प्रा.ली.लाई रु.६९७११९ भुक्तानी भएको छ । २०७९।८० देखी ०८३/०८४ सम्मका लागि निर्माण भएको योजना निर्माण भएको एक बर्षसमेत पुरा नभई संसोधन भएको देखिन्छ ।जसमा देखिएका व्यहोरा निम्न रहेको छन् ।

• परामर्श सेवा प्रस्ताव गर्दा परामर्शदाताले ९० दिनमा कार्यसम्पन्न गर्ने भनी प्रस्ताव गरेकोमा कार्यालयले २०८० मंसिर २६ बाट जेष्ठ मसान्त सम्म सम्झौता गरेको देखिन्छ ।प्रस्ताब भन्दा बढी समय दिएर सम्झौता गर्नुपर्ने आधार र कारण पालिकाले खुलाएको छैन ।

• ०७८/०७९ मा निर्माण भएको योजना संसोधन भनेकोमा पहिलो योजनामा के के संसोधन गरिएको हो खुलाएको छैन ।जसबाट संसोधन भएका व्यहोरा यकिन हुन सकिएन । जसबाट भएको खर्च पुष्टि हुननसक्ने हुँदा पहिलो योजना भन्दा संसोधित योजनामा के के विषयमा संसोधन गरीयो सो को प्रमाण संलग्न गर्नुपर्दछ ।

• संसोधन गरिएको योजनाको ठोस कार्यान्वयन हालसम्म भएको देखिएन विश्वसनिय योजना तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

८५ **भत्ता रकम** - (१३४९-२०८१-३-९):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **३७,७४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **३७,७४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८६ **आन्तरिक लेखापरीक्षणको बेरुजू:**

पालिकाले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नुपर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गरी फछ्यौंट गरिसक्नुपर्ने व्यबस्था भएता पनि देहायबमोजिमका व्यहोराहरु फछ्यौंट गरेको प्रमाण पेश नभएकोले बेरुजु कायम गरिएको छ ।

८६.१

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ८६.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८६.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा कुनै पनि खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा परामर्श सेवा खरिद गर्दा कार्यक्षेत्रगत शर्त तयार गरी सो बमोजिम प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) मा सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्न मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता तथा निर्माण व्यवसायीबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने उल्लेख छ । सेवा तथा परामर्श खर्च अन्तरगत चिरन्जिवी प्रसाद मन्डललाइ भुक्तानी भएकोमा संझौता अनुसारको कार्यक्षेत्रगत शर्त तथा विवरण नभएको कम्तिमा ३ वटा परामर्शदाता बाट उत्कृष्ट परामर्श सेवा छनौट गर्नुपर्नेमा सो नगरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,९०,००० |

८६.३ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८६.४ **उर्लाबारी नगरपालिका पुजिगत :-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१,३०३,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ८६.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८६.५ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **६२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८६.६ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८७ **ईन्डक्सन चुल्हो**

पालिकाले नविकरणीय उर्जा प्रविधि जडान कार्यक्रमअन्तर्गत मनकामना अटो मोबायल्स बिराटनगरबाट रु ३५०० दरका २२८ थान ईन्डक्सन चुल्हो रु ७९८००० मा खरिद गरेको छ । गत आर्थिक वर्षमा समेत रु ८ लाख बराबरको चुल्हो खरिद गरीएको, २०८०।५।३१ को कार्यपालिका बैठकको निर्णय नं १८ मा १४५ थान मौज्दात रहेकोले प्रतिवडा १५ र बाकीलाई सामाजिक संघ संस्था एवं नगर पालिकामार्फत वितरण गर्ने निर्णय भएकोमा यस आर्थिक वर्षमा खरिद गरेका चुल्हो लेखापरीक्षण अवधि २०८१।८।२० सम्म जिन्सी मौज्दात रहेबाट खरिद भएका सामाग्री आवश्यकता र मागका आधारमा खरिद भएको देखिएन । यसप्रकारका वितरणमुखी कार्य गर्दा लाभग्राहीको छनौट, लागत सहभागिता र आवश्यकता मुल्यांकन गरी व्यवस्थित कार्यविधिका आधारमा लाभग्राही नदोहोरीने यकिन भएको प्रमाण पुष्ट्याईसाथ खरिद भएका सामाग्री वितरण र उपयोग भएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९८,००० |

८८ **शैक्षिक गुणस्तर तथा साक्षरता परियोजना**

८८.१ पालिकामा २०८० देखी २०८३ सम्मका लागि शैक्षिक गुणस्तर तथा साक्षरता परियोजना सञ्चालनमा रहेको छ । पालिकाले राष्ट्रिय योजना आयोगमा पेश गरेको परियोजना प्रस्तावना बमोजिम शैक्षिक गुणस्तर तथा साक्षरता परियोजनाका लागि कुल रु १० करोडमध्ये पालिकाले रु १ करोड लागत साझेदारी गर्ने गरी विभिन्न ३ वटा थिम अन्तर्गतका क्रियाकलाप समावेश छ । पालिकाले यसरी प्राप्त बजेटमा कार्यपालिकाको बैठकमा पटक पटक निर्णय गरी विनियोजन र खर्च गर्ने गरेको, प्राप्त बजेटलाई अबण्डाकै रुपमा राखि योजना छनौट गर्ने गरेको तथा आर्थिक वर्ष २०८०।८१ मा खर्च भएको रु १८१७४८६५ को १० प्रतिशत रु १८१७४८६ खर्च नगरेको र मर्मत सम्भार कोषबाट सञ्चालित १ योजनाको खर्च मध्ये रु २ लाख गरी जम्मा २०१७४८६ संघीय सरकारअन्तर्गतको श्रोत खर्च गरेको छ । सशर्त अनुदानअन्तर्गत विद्यालयहरुका लागि तोकिएबमोजिम अनुदान प्राप्त हुने गरेको, विद्यालयहरुसँग सम्झौता गरी कार्य गराउँदा लागत सहभागिता हुने नगरेको, सञ्चालन गरिने थिमअन्तर्गतका योजना संख्या र क्रियाकलापलाई विस्तृतीकरण गरी पटक पटक निर्णय गर्ने प्रवृत्तिमा सुधार गरी पालिकाबाट गर्नुपर्ने लागत सहभागिता नभएकोले सञ्चालित क्रियाकलाप दोहोरो नपर्ने गरी परियोजनाको बाँकी समयावधिभित्र उक्त रकम बराबरको लागत सहभागिता भएको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,१७,४८६ |

८८.२

- **परियोजना प्रस्ताव:** (भौ न २४-१।१२) पालिकाले सामुदियक विद्यालयको शैक्षिक विकास तथा साक्षरता परियोजना कार्यक्रमको प्रस्तावना तयारीका लागि शैक्षिक सहयोग तथा प्रवर्तन केन्द्र नेपालसँग रु ४९५००० को सम्झौता गरी भुक्तान गरेको छ । परियोजना प्रस्तावमा विभिन्न थिम अन्तर्गत क्रियाकलापका शिर्षक तोकिएतापनि सम्पादन गरिने योजना छनौट पालिकाले पटक पटकको निर्णयबाट गर्ने गरेको र परियोजनाका लागि राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०८०।८१ को बजेटबाट रकम व्यवस्था गरी उर्लाबारी नगरपालिकामा २०८०।१२।२८ मा उपलब्ध गराईसकेको अवस्थामा सम्पादन गरिने क्रियाकलाप सम्बन्धमा परियोजना प्रस्ताव तयार गर्ने कार्यमा खर्च गरेको उपयुक्त देखिएन ।
- **भवन र जस्तापाता:** पालिकाले १२ सामुदियक विद्यालयको भवन निर्माण र जस्तापाता फेर्ने कार्यका लागि डि डि कन्स्ट्रक्सनसँग मिति २०८०।११।१४ मा सम्झौता गरेकोमा प्रथम भेरिएशनपश्चातको रु ८९१६१७५।५३ मध्ये कार्य सम्पन्न पश्चात रु ८८७७७४९।७२ भुक्तानी दिएको छ । शुरु लागत अनुमान रु ११३०६३२००।८४ रहेको यस निर्माण कार्यको लागि व्यवसायीले पेश गरेको माछापुच्छ्रे बैंकको रु १५५७६०७ बराबरको शर्त सहितको कार्य सम्पादन जमानत स्वीकार गरेको छ । निर्माण कार्यको सञ्चालन र व्यवस्थापन गर्दा लिईने जमानत शर्त रहितको हुनुपर्नेमा शर्त सहितको जमानत स्वीकार गरी कार्य गराएको उपयुक्त नदेखिएकोले यसप्रकारका खरिद कार्यको जमानत स्वीकार गर्दा शर्त बेगरको निशर्त जमानत लिनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

८८.३ **विद्यालयमा ई हाजिर:**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **९९३,६०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८८.४ **सिलिङ्ग पंखा जडान: (**भौ न ६२-३।२२) पालिकाले २२ सार्वजनिक विद्यालयहरुमा १८५ थान पंखा फिटिङ्ग कार्यका लागि रविना बिजुली भण्डारलाई रु ९५३६४९ बराबरको भुक्तानी दिएको र ई हाजिरीका लागि अग्नी प्लाजालाई रु ९९३६०९ भुक्तानी दिएकोमा एकै पटकको खरिदमा प्रतिस्प्रधात्मक तरिकाले खरिद गर्न सकिनेमा सो गरेको छैन । मिल्दोजुल्दो प्रकृतिका सामाग्रीहरु खरिद गर्दा स्वीकृत खरिद योजना र प्रतिस्प्रधात्मक खरिद विधि अवलम्बन गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

८८.५ **बढी भुक्तानी:** (भौ न ३९-२।२२) पालिकाले सार्वजनिक माध्यामिक विद्यालय वडा नं ९ ग्राउण्ड पुर्ने कार्यका लागि रु २ लाख भुक्तान गर्दा कार्य मुल्यांकन रु १९५००० भएकोले बढी भुक्तान भएको रकम विद्यालयबाट असुल भई दाखिला भएको छ ।

८८.६ **शौचालय निर्माण:**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **८९४,०२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८८.७ **वृत्त चित्र निर्माण:** (भौ न ४७-३।६) पालिकाले पालिकाभरका विद्यालयको वृत्तचित्र निर्माणका लागी युवामन नेपाल प्रालीसँग सम्झौता गरी रु २९८०८२ भुक्तान गरेको छ । उक्त सम्झौतामा वृत्तचित्रको अवधि, विषय वस्तु, प्रकाशन वा प्रशारण सम्बन्धमा कुनै पनि व्यहोरा उल्लेख नभएको तथा निर्मित वृत्तचित्रको उपयोग र आवश्यकता सम्बन्धमा कुनै मुल्यांकन भएको नदेखिएबाट यसप्रकारको खर्च उपलब्ध बजेट खर्च गर्ने कार्यमा सिमित भएको छ । उपयोगविहिन रहने यसप्रकारका कार्यक्रम सञ्चालनमा पालिकाको श्रोत व्यय गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,९८,०८२ |

८८.८ **शिक्षक कम्प्यूटर तालिम :**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१३** को निर्णयले रू **४८९,०६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८८.९ **बढी सामाग्री र दर:** (भौ न ६०-३।२१) पालिकाले लक्ष्मी माध्यामिक विद्यालयका लागि फर्निचर खरिद गर्नका लागि रु ५४४००० लागतमध्ये विद्यालयले रु ४४ हजार व्यहोर्ने गरी सम्झौता भएबमोजिम रु ५ लाख भुक्तान भएको छ । उक्त भुक्तानीसाथ संलग्न कार्य मुल्यांकनमा २५१६ केजी फलामको रु ११८।९५(मुअकर बाहेक) को दर बमोजिम लागत अनुमान तयार भएतापनी पेश भएका बिलभरपाईमा ५१६६ केजी फलाम ८८।५० देखी १०८ को दर (औसत दर रु ८१।३८) ले खरिद भएको देखिएबाट मुल्यांकनमा भएको परिमाण(२५१६ केजी) र प्रयुक्त विल (५१६६ केजी) भरपाई फरक देखिएको छ । यस्तै प्रकृतिको तयारी डेक्स बेन्च दुर्गा मा वि उर्लावारीले प्रतिगोटा मुअकर सहित रु ५२०० मा खरिद गरेको भएतापनी यस योजनामा प्रतिगोटा दर रु ८३७० कायम रहेकोले खरिद मितव्ययी समेत रहेको छैन । अत: पेश भएको बिल र लागत सहभागिताको अनुपातका आधारमा प्रतिकेजी रु ४२।४५ को दरले

गणना गर्दा हुन आउने रु १०६८१५ मा लागत सहभागिताको अंश रु ८६३१ घटाउँदा हुने रु ९८१८५ बढी भुक्तान भएको असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९८,१८५ |

८८.१० **तलव र मसलन्द खर्चः** (भौ न ८८-३।२४) पालिकाले शान्ति क्षेत्र आधारभूत विद्यालयमा ३ शिक्षकको असार महिनाको तलव सहित विभिन्न मसलन्द सामाग्रीका लागि आर्थिक सहयोग माग भएबमोजिम रु १ लाख व्यवस्थापन खर्च भुक्तान गरेको छ । विद्यालयहरुको लागि आवश्यक शिक्षक तलव दरवन्दीबमोजिम सशर्त शिर्षकबाट प्राप्त हुने तथा चालु प्रकृतिका खर्चमा परियोजनाको बजेट खर्च गरेको उपयुक्त नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

८९ **संस्थागत विद्यालय**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत ४० वटा संस्थागत विद्यालय रहेका छन् । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

९० **शैक्षिक सुधार अनुदान :-** (२५६-२०८०-७-१):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिकाले दुर्गा माध्यामिक विद्यालय उर्लाबारीलाई शैक्षिक सुधारवापत रु.३४०००० निकासा दिएको देखिन्छ ।संलग्न विद्यालयको निवेदन बमोजिम निजी शिक्षको तलब भत्ता भक्तानीका लागि रु.२०४००० निकासाको लागि अनुरोध भएकोमा पालिकाले बजेटमा विनीयोजन भएको पुरै रकम निकासा दिएको देखियो ।अत: विद्यालयबाट माग नभई रकम निकासा भएको र पालिकाले थप रकम समेत निजी शिक्षकको तलब भत्तामा खर्च भएको भनी उल्लेख गरेकोमा सो पुष्टी हुने कागजात पेश भएको नदेखिदा भुक्तानी भएको खुल्ने बैंकका पठाएको कागजात सहित प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०४,००० |

९१ **स्यानिटरी प्याड**- (३६८-२०८१-३-२४):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **४२,६८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९२ **निशुल्क पाठ्यपुस्तक रकम निकासाः**

कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० कालागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमाविद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँविद्यालय भर्नाको विवरण,

पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरीनपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पहिलो पटक निकासा रु.४२,३६,२२२.०० विभिन्न २२ विद्यालयको नाममा पठाएको छ । दोस्रो पटक निकासा रु.४७२,९५५.०० गर्दा शैक्षिक सत्रमा भएको नयाँविद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेरमात्र निकासा दिनु पर्नेमा यकिननै नगरी विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि निकासा गरिएको छ । पाठ्यपुस्तक खरिद गरी IEMIS प्रणालीमा व्यवस्थित विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ । लेखापरीक्षणका लागि छनौट गरिएका केही विद्यालयहरु मध्ये देहायका विद्यालयहरुमा IEMIS भन्दा बढी विद्यार्थीलाई निकासा दिएकोले एकिन गरि असुल गर्नुपर्ने व्यहोरा औँल्याइएकोमा निम्नानुसारका विद्यालयको असुल भई दाखिला प्रमाण पेश भएकोले बाँकी विद्यालयहरुको समेत पालिकाबाट यकीन गर्नु पर्दछ ।

| क्रसं | विद्यलयको नाम | कक्षा | विद्यार्थी संख्या | | फरक | दर | रकम |
|---|---|---|---|---|---|---|---|
| | | | भएको | भुक्तानी | | | |
| १ | सुनपकुवा मावि | १ | ६१ | ६५ | ४ | ५२० | २०८० |
| | | २ | ४२ | ५० | ८ | ५५६ | ४४४८ |
| | | ३ | ५५ | ५९ | ४ | ५८० | २३२० |
| | | ५ | ६४ | ७९ | १५ | ६३२ | ९४८० |
| | | ६ | ९३ | ९५ | २ | ७०७ | १४१४ |
| | | ७ | ८७ | ९० | ३ | ७४८ | २२४४ |
| | | ९ | ११९ | १२५ | ६ | ७६७ | ४६०२ |
| | | १० | ११८ | १२० | २ | ९२२ | १८४४ |
| | | ११ | ५४ | ९५ | ४१ | २७० | ११०७० |
| | जम्मा | | | | | | ३९५०२ |
| २ | अरनिको मावि | ९ | ७६ | ८१ | ५ | ७७० | ३८५० |
| | | ८ | ५६ | ६० | ४ | ८८२ | ३५२८ |
| | | ११ | ३९ | ४० | १ | ३१२ | ३१२ |
| | | १२ | ४२ | ५९ | १७ | ३८८ | ६५९६ |
| | जम्मा | | | | ० | | १४२८६ |
| ३ | श्रीराधिका मावि ६ | ० | १३७२९०२ | १३७७७४९ | ४८४७ | १ | ४८४७ |
| ४ | श्रीलक्ष्मी मावि १ | १ | १८ | २० | २ | ५२० | १०४० |
| | | ३ | २७ | २९ | २ | ५८० | ११६० |
| | | ६ | २१ | २४ | ३ | ७०७ | २१२१ |
| | | ९ | ३३ | ३६ | ३ | ७६७ | २३०१ |
| | | १० | २९ | ३१ | २ | ९२२ | १८४४ |
| | जम्मा | | | | | | ८४६६ |
| ५ | भानु आवि | ५ | २१ | २५ | ४ | ६४० | २५६० |
| | | ६ | १८ | २१ | ३ | ७१२ | २१३६ |
| | | ७ | २५ | २७ | २ | ७५२ | १५०४ |
| | जम्मा | | | | | | ६२०० |
| ६ | दर्गा मावि | ५ | २५ | ३० | ५ | ६४१ | ३२०५ |
| | | ६ | २६ | ३० | ४ | ७१५ | २८६० |
| | | ७ | २८ | ३० | २ | ७५३ | १५०६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ८ | ३४ | ३६ | २ | ८९० | १७८० |
| | | ९ | ३१ | ३५ | ४ | ७७७ | ३१०८ |
| | | १० | ४२ | ४५ | ३ | ९२१ | २७६३ |
| | जम्मा | | | | | | १५२२२ |
| ७ | शान्ती आवि २ | १ | १३ | १५ | २ | ५२० | १०४० |
| ८ | सृजना आवि | २ | १३ | १५ | २ | ५५६ | १११२ |
| | | ३ | २३ | २६ | ३ | ५८० | १७४० |
| | | ४ | २२ | २९ | ७ | ५९६ | ४१७२ |
| | | ५ | ३७ | ४५ | ८ | ६३२ | ५०५६ |
| | | ६ | २६ | ३० | ४ | ७०७ | २८२८ |
| | जम्मा | | | | ० | | १५९४८ |
| ९ | शारदा मावि | १ | २२ | ३६ | १४ | ५२० | ७२८० |
| | | २ | १५ | २२ | ७ | ५५६ | ३८९२ |
| | | ४ | २३ | २५ | २ | ५९६ | ११९२ |
| | | ६ | ३२ | ३६ | ४ | ७०७ | २८२८ |
| | | ७ | २८ | ३६ | ८ | ७४८ | ५९८४ |
| | | ८ | ४० | ४४ | ४ | ८७८ | ३५१२ |
| | जम्मा | | | | | | २४६८८ |
| १० | नुनसरी आवि | २ | ११ | १३ | २ | ५५६ | १११२ |
| | | ४ | १३ | १६ | ३ | ५९६ | १७८८ |
| | | ६ | १० | १३ | ३ | ७०७ | २१२१ |
| | जम्मा | | | | | | ५०२१ |
| | कुल जम्मा | | | | | | १३५२२० |

९३ **छात्रवृति वितरण कार्यक्रम**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।८१ को क्रियाकलाप नं २.८.४ माउल्लेखित आवासीय एवम् गैर आवासीय छात्रवृति प्राप्त गर्ने सङ्ख्या यकिन गरी तोकिएको दरअनुसार शीर्षक खोली स्थानीय तहमा बजेट माग गर्ने तथा छात्रवृति अनुदान प्राप्त विद्यालयकोविव्यसले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावकसङ्घ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान(छात्रवृति) मध्येबाट विद्यालयव्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृति पाउने छात्रछात्राहरुको नामवालीसहितकोविवरण अधावधिक गर्ने तथा सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रुपमा टाँस्नलगाई सोही अनुरुप छात्रवृति वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न भौचर नं. वाट रु.१४,४०,६००.०० रकम छात्रवृतिका लागि २२ विद्यालयको नाममा निकासा पठाएको छ । पालिकाबाट प्रभावकारी ढंगले अनुगमन गरी सम्बन्धित विद्यार्थीहरुले तोकिएको छात्रवृति पाए नपाएको यकिन गर्नुपर्दछ । लेखापरीक्षणका लागि छनौट गरिएका केही विद्यालयहरु मध्ये देहायका विद्यालयहरुमा

IEMIS भन्दा बढी विद्यार्थीलाई निकासा दिएकोले एकिन गरि असुल गर्नुपर्ने व्यहोरा औँल्याईएकोमा असुल प्रमाण पेश भएकोमा बाँकी विद्यालयहरुको समेत पालिकाले यकीन गर्नु पर्दछ ।

| क्रस | छात्रवृत्तीमाग गर्ने विद्यालय | विद्यालयबाटमाग भएको | निकासा | फरक |
|---|---|---|---|---|
| १ | भानु आवि ४ | ४३६०० | ४५२०० | १६०० |
| २ | सुनपकुवामावि | १४४४०० | १७५६०० | ३१२०० |
| ३ | प्रभात आवि | २०८०० | २२४०० | १६०० |
| ४ | राधिकामावि ६ | २३५२०० | २६९२०० | ३४००० |
| ५ | लक्ष्मीमावि १ | ४६००० | ५४८०० | ८८०० |
| ६ | सृजना आवि | ४८४०० | ७१६०० | २३२०० |
| ७ | दुर्गामावि | ६२००० | ८८४०० | २६४०० |
| ८ | सरस्वतीआवि | ३२४०० | ३४८०० | २४०० |
| **जम्मा** | | **६३२८००** | **७६२०००** | **१२९२००** |

९४ **शिक्षकको तलब भत्ता निकासा -**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा लेखापरीक्षणका लागि छनौट गरिएका केही विद्यालयहरु मध्ये देहायका विद्यालयहरुमा तलवि प्रतिवेदनमा स्वीकृत ग्रेड भन्दा बढी ग्रेड रकम रु.१८९२८ निकासा दिएको व्यहोराऔँल्याइएकोमा असुल भइ दाखिला प्रमाण पेश गरेको छ ।

९५ **नमुना विद्यालयः** (१०७-२०८०-१०-२१):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **४,५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

९६ **सहकारी नियमन -**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र १९ वटा सहकारी संस्था रहेकोमा, ४ वटा वटा निष्कृय रहेको र सक्रिय १५ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण प्रविष्ट गरेको देखिन्छ ।

९७ **नीति तथा कार्यक्रम कार्यान्वयन**

उर्लाबारी नगरपालिकाकामा हरेक आर्थिक वर्षमा नगर प्रमुखबाट नीति तथा कार्यक्रम र उप प्रमुखबाट बजेट प्रस्तुत हुने गरेको छ । पालिकामा उपलब्ध जनशक्ति र पदाधिकारीसँग छलफल हुँदा आर्थिक वर्ष २०८०।८१ मा घोषित नीति तथा कार्यक्रमको कार्यान्वयन

अवस्था निम्नानुसारको रहेको छ :

| क्र स | घोषित कार्यक्रम, योजना वा विषय | कार्यान्वयन अवस्था |
|---|---|---|
| १ | हरित नगर-एक घर दुई फलफुल विरुवा | लक्षित किसानहरुलाई 15 हजार सुपारीको बिरुवा वितरण गरिएको । |
| २ | कष्टम हायरिङ्ग सेन्टर र शित भण्डार निर्माण | नभएको । |
| ३ | किसान सूचीकरण कार्य सम्पन्न गरी किसान कार्ड उपलब्ध गराउने | किसान सुचिकरण कार्य सम्पन्न भई कार्ड वितरण प्रकृयामा गएको । |
| ४ | बाझो जग्गा व्यवस्थापन कार्यविधि निर्माण | नभएको । |
| ५ | संक्रामक रोऊ नियन्त्रण कोष स्थापना | नभएको । |
| ६ | सिमसार क्षेत्रलाई जोड्ने Bio-link Road को निर्माण गरिने | नभएको । |
| ७ | २००० जनालाई सीपमुलक तालिम सञ्चालन गरि रोजगारीमा जोडिने | बारिष्ठा, ड्राइभिङ, कम्प्युटर तालिम,लेखा सम्बन्धी तालिम, सहकारीको कोपोमिस ,ब्युटी पार्लर, अचार बनाउने, साबुन बनाउने, मखमली जुत्ता चप्पल, स्विटर बनाउने, ढाका कपडा बुनाई, सिलाई कटाई, भवन निर्माण सम्बन्धी मेशन तालिम, घरनक्शा सम्बन्धी EBPS , माटो परिक्षण तथा विषादी प्रयोग सम्बन्धी तालिम गरि 1000 बढीलाई तालिम दिएको । |
| ८ | सार्वजनिक स्थानमा शुद्ध पिउने पानी उपलब्ध गराउने | मंगलबारे हटिया (उर्लाबारी नगरपालिका-3) र केहि सार्वजनिक विद्यालयहरुमा खानेपानीको धारा जडान । |
| ९ | विद्यालयमा छात्रा र महिला शिक्षिकालाई चेन्जिङ्ग रुमको व्यवस्था | सार्वजनिक माध्यमिक विद्यालयमा स्थापना गरिएको । |
| १० | वडा नं ९ को अम्बारी खेलमैदानको स्वामित्व विवाद समाधान | समाधानका लागि सरोकारवालहरुसँग वडा कार्यालय तथा नगरपालिकामा बैठक बसी प्रयास गरीएको, पुर्ण रुपमा समाधान हुन नसकेको । |
| ११ | रु १५ लाखभन्दा माथिका योजनामा अनिवार्य रुपमा विद्युतिय खरिद प्रक्रिया अवलम्बन गरिने | 95% भन्दा बढी योजनामा कार्यान्वयन भएको । |
| १२ | निर्मित भवन संरचनाको अभिलेख व्यवस्थापन गरी घर नक्शा अभिलखिकरण | भएको । |
| १३ | कम्तिमा ३ स्थानमा सार्वजनिक शौचालय निर्माण | १ स्थानमा निर्माण (आमबारी हटिया, उर्लाबारी-८) |
| १४ | नागरिक सञ्तुष्टि सर्वेक्षण | ३ पटक सार्वजनिक सुनुवाई संचालन भएको । |
| १५ | कर चुक्ताको स्टिकर टाँस गर्ने | नभएको । |

| | | |
|---|---|---|
| १६ | राजस्व र कर भुक्तानीलाई अनलाईन र ईपेमेन्ट प्रणालीमार्फत गरिने | नभएको । |
| १७ | सार्वजनिक र ऐलानी जग्गाको अभिलेख तथा संरक्षण | आशिंक रुपमा भएको । |

पालिकाले कार्यान्वयन गर्ने गरी नीति अवलम्बन गरेका तथा कार्यान्वयनमा लगेका योजना तथा कार्यक्रमलाई नेपाल सरकारका अन्य निकायसँग दोहोरो नपर्ने गरी व्यवस्थित गर्नुका साथै उपलब्ध श्रोत र क्षमताको विश्लेषणका आधारमा नीति तथा कार्यक्रम तर्जुमा गर्ने र घोषित नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि श्रोत व्यवस्थापन सहित प्रभावकारी कार्यान्वयन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

९८ **सामाजिक सुरक्षा भत्ता वितरण -**

पालिकाले यसवर्षको सामाजिक सुरक्षा भत्ता लाभग्राहीको खातामा ई.एफ.टि. मार्फत वितरण गरेको देखिन्छ ।यस वर्ष पहिलो, दोस्रो, तेस्रो र चौथो चौमासिकमा रु.२८,१०,०३,६८९।०० सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

९८.१ **मृत्यु भएको व्यक्तिको नाममा निकासा -**

सामाजिक सुरक्षा भत्ता वितरण कार्याविधि २०७७ को बुँदा १५ अनुसार भत्ता खाईपाई आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मात्र निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यालयमा बैंकबाट प्राप्त स्टेटमेण्ट र ब्याच ईन्ट्रीको परीक्षण गर्दा मृत्यु भएका व्यक्ति र एकल महिलाले विवाह गरी लगत कट्टा गरीसके पश्चात पनि रकम लाभग्राहिको बैँक खातामा जम्मा गरेको देखिएकोले पालिकाले आवश्यक छानबिन गरी बढी भुक्तानी भएको रकम असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| व्यक्तिगत नं | नाम | जन्म मिति | नागरिकता नं | लगत कट्टी मिति | कारण | वडा नं | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| २००९०९२८०१७७७ | डिल्ली बहादुर बोहोरा | २००९।९।२८ | २२१० | २०८०।५।६ | मृत्यु | १ | ४८००० | ८२६७ | ३९७३३ |
| १९९२०२१००१९८४ | डीक बहादुर तामाङ | १९९२।२।१० | २०९२८८७ | २०८०।१०।२७ | मृत्यु | १ | ४८००० | २७४६७ | २०५३३ |
| जम्मा | | | | | | | | | ६०२६६ |

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१,८६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **३६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१,७३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१,४६७**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **२,६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ६०,२६६ |
|---|---|

९८.२ आर्थिक वर्ष २०७८।०७९ देखि २०८०।०८१ सम्मको सामाजिक सुरक्षा पाउने लाभग्राहीको संख्याको र खर्चको अवस्था देहाय बमोजिम रहेको छ :




**(विस्तृत विवरण बेरूजु दफा ९८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९८.३ **सार्वजनिक सुनुवाई** -

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ (१) मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्नेछ । ३४(२) मा उपदफा १ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्य स्थानीय तहले आफुले सक्ने विषय सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो गरेको छैन ।

९८.४ **अनुगमन तथा सुपरीवेक्षण :-**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको नदेखिएकले कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ ।

९९ **मुअकर कट्टी छुट** (६१२-२०८१-३-२४):

ठेक्का नं. १०।०८०/८१ उर्लावारी बहुमुखी क्याम्पस भवन निर्माण कार्यका लागि पालिकाले रु.९७४९७९७.०२ को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा अएहर्स इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन कप्पनी प्रालि (६०९७४५२३८) संग मिति २०८१ जेष्ठ ३० मा काम सम्पन्न गर्नेगरी रु.६३५०८२७.३० को ठेक्का सम्झौता भएकोमा हाल कार्यसम्पन्न वापत रु.५५१२५५८.०० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

यस कार्यको लागि अन्तिम विल वापत निर्माण व्यवसायीले रु.२८०१८००.०० (मुअकर सहित) ठेक्का विल पेश भएकोमा पालिकाले निर्माण व्यवसायीको मुल्यअभिवृद्धि कर ननफाईलर देखिएको जनाई मुअकर बाहेकको रकम रु.२४७९६२५.०० मात्र भुक्तानी दिएको

छ । यसरी पालिकाले भुक्तानी दिदा नियमानुसार कट्टा भै दाखिला हुने राजश्व रु.३२२१७४.९८ को ३० प्रतिशत रु.९६६५२.२० कट्टि दाखिला नभएकोले निर्माण व्यवसायीले उक्त रकम कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९६,६५२ |

१०० **अधुरा आयोजना -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| रु.हजारमा | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | योजनाको नाम | निर्माण व्यवसायी | संझौता मिति | सम्पन्न मिति | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति % |
| १ | अपाङ्गमैत्री भवन निर्माण, उर्लाबारी-3 | SJ Fourty Builders | २०८०।५।१३ | २०८१।९।३० | ५६८४ | ५७ |
| २ | कभर्डहल निर्माण, उर्लाबारी-6 | सिद्धदेवी निर्माण सेवा | २०८०।२।१७ | २०८०।६।२६ | ६६७४ | ५५ |

१०१ **नन्फाइलर** –

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१७७४०५४७.०० समेत रु.१६७७९६९१८.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेकोले कर विवरण पेश गरेको प्रमाण पुष्ट्याई पेश गर्नुपर्ने व्यहोरा औँल्याईएकोमा पालिकाले भुक्तानीको समयमा फाईलर रहेको परीक्षण गरी भुक्तानी दिएको जनाएको छ ।

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | ७० प्रतिशत मुअकर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| १२।२०८०।१०।३ | सिपेल ईन्फ्रा | ६०५१६७४९४ | ३४४५९४०४ | २७७५०४९ | Non-filer since २०८०/T/३ |
| १७।२०८०।१२।९ | सिपेल ईन्फ्रा | ६०५१६७४९४ | ४७५७३००८ | ३८३११०१ | Non-filer since २०८०/T/३ |
| ३५।२०८१।२।११ | सिपेल ईन्फ्रा | ६०५१६७४९४ | ८५७६४५०६ | ६९०६६९९ | Non-filer since २०८०/T/३ |
| जम्मा | | | १६७७९६९१८ | १३५१२८४९ | |

१०२ **मर्मत संभार कोष**

यस पालिकाको मर्मत संभार कोष सञ्चालन सम्बन्धी कार्यविधि-२०७५ को बुदा नं ७ मा मर्मत संभार कोषको परिचालन सम्बन्धि व्यवस्था रहेको छ । यस बुदामा नगरसभाको निर्णय नं २२ बमोजिम प्रत्यायोजित अधिकार अनुसार नगर प्रमुखले तत्कालै मर्मत सम्भार नगरी नहुने सार्वजनिक सम्पत्तिको पहिचान गरी रु.५ लाख सम्मका योजना छनौट गरी उक्त योजनासँग सम्बन्धित समुह, समिति, संघ

संस्थाको सहभागितामा मर्मत सम्भार गराइने छ । पालिकाले मर्मत सम्भारको भुक्तानी गर्दा अनुगमन समितिको सिफारिस अनिवार्य हुने उल्लेख छ । लेखापरीक्षणका लागि नमुना छनोट गरेका देहायका योजनाहरुमा कार्यविधि भन्दा ५ लाख भन्दा बढीका योजनाहरुमा कार्यगरी भुक्तानी गरेको देखियो । कार्यविधि अनुसार खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| **गोभौ नं र मिति** | **योजनाको नाम** | **भुक्तानी पाउने** | **लागत अनुमान** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| ६।२०८०।६।१ | १ नं वडाको सडक मर्मत संभार | नव सौरभ एण्ड फादर्स कन्स्ट्रक्सन | ५८१३६४ | ५६४५०२ | |
| ७२।२०८१।३।२ | धाउनेचोक राम्री खोला कल्भर्ट मर्मत | धाउनेचोक राम्री खोला कल्भर्ट कटान सं स | ५०५२२१ | ४९४५३५ | |
| ८०।२०८१।३।१८ | नदीजन्य पदार्थको उत्खनन् तथा घाटगद्दी | तुम्रोक कन्स्ट्रक्सन उर्लावारी ३ | ६१८८२१ | ६१८८२९ | |
| ९७।२०८१।३।२४ | अधुरो ड्रेन निर्माण, ग्राउण्ड मर्मत | आदर्श नेपाल कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा लि | ८७२३९७ | ६५०५२१ | |

१०३ **उज्यालो उर्लावारी कार्यक्रम**

स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना/कार्यक्रम प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, र लागत सहभागिता लगायतलाई उल्लेख गरेको र सोही अनुसार प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। उर्लावारी नगरपालिकाले आर्थिक वर्ष २०७६।७७ देखि नै उज्यालो उर्लावारी कार्यक्रममा निम्नानुसार बजेट विनियोजन र खर्च गरी कार्यक्रम सञ्चालन गरिरहेकोमा आर्थिक वर्ष २०८१।०८२ मा विनियोजित बजेट समेत हालसम्म निम्नानुसार खर्च भएको र यस आर्थिक वर्षमा आन्तरिक श्रोत बाट रु.५० लाख र राजश्व बाँडफाँडबाट रु.२५ लाख गरी रु.७५ लाखको बजेट विनियोजन भएकोमा रु.६६७५०८७.०० खर्च भएको सम्बन्धमा देहायको व्यहोरा देखिएको छ ।

| **आर्थिक वर्ष** | **कार्यविवरण** | **खर्च** |
|---|---|---|
| २०७६।०७७ | सडक बत्तीजडान | ९४३४४६ |
| २०७७।०७८ | सडक बत्तीजडान | ११६१६७४ |
| २०७८।०७९ | सडक बत्तीजडान तथा महशुल समेत | ६६८५२१९ |
| २०७९।०८० | उज्यालोउर्लाबारी कार्यक्रम(सडक वत्ती तथा महशुल समेत) | ७४३२८६८ |
| २०८०।०८१ | उज्यालोउर्लाबारी कार्यक्रम(सडक वत्ती तथा महशुल समेत) | ६६७५०८७ |
| २०८१।०८२ | उज्यालोउर्लाबारी कार्यक्रम(सडक वत्ती तथा महशुल समेत) विनियोजन | ३०००००० |
| **जम्मा** | | **२५८९८२९४** |

- उपभोक्ता समिति तथा टोल विकास समितिहरु संग प्रत्येक आर्थिक वर्षमा मर्मत तथा महशुल सम्झौता गर्ने गरेको छ ।
- सडक बत्तीको जडान मर्मतमा न्यूनतम २५ प्रतिशत र महशुलमा न्यनतम ५० प्रतिशत लागत साझेदारी अनिवार्य गर्ने बजेट तथा निति कार्यक्रममा समावेश भएको छ ।
- सोही अनुसार जडान तथा मर्मत गरेवापत लाग्ने लागत सहभागीता वापत रु.३२५३६७.०० पालिकाको आन्तरिक आयमा दाखिला भएको छ ।
- महशुलको हकमा निति अनुसार विल रकम भुक्तानी गरी ५० प्रतिशत रकमपालिकाले दावी गरे अनुसारसम्बन्धितलाई भुक्तानी गरेको छ ।
- नयाँ सेवा विस्तार तथा जडान मर्मतको लागि सामाग्री खरिद ठेक्का मार्फत तथा टुक्रे सोझै खरिद पनि गरेको देखिएको छ।

- जडान तथा मर्मत कार्यको लागि पालिकाले ईलेक्ट्रिशियन (दक्ष) र सहायक ईलेक्ट्रिशियन (अदक्ष) कामदारलाई डोर हाजिरको आधारमा जिल्ला दररेट रु.१ हजार र रु.८ सय का दरले ८ जनालाई १२ दिन देखि ४८ दिन सम्मको रु.२७९२००.०० भुक्तानी दिएको देखिन्छ ।
- पुनः अर्को योजना सडक वत्ती जडान व्यवस्थापन वापत रु.१२ लाख ७१ हजार बजेट व्यवस्था गरी रु.१२ लाख ३४ हजार खर्च भएको देखिन्छ ।

पालिकाले गत वितग देखि हाल सम्म पनि यस कार्यको लागि बजेट विनियोजन गर्ने र खर्च गर्ने प्रवृत्ति देखिन्छ । यस कार्यको लागि खरिद भएको सामाग्री के कति प्रयोग भयो कति वाँकी छ त्यो एकिन गर्न सकिएन । साथै सो कार्यको लागि के कति जनशक्ति आवश्यक पर्दछ सोको प्राविधिक ईस्टिमेट नभै डोर हाजिरको आधारमा भुक्तानी हुदा खर्चमा विस्वश्त हुन सकिएन । योजनाको निर्धारित अवधि तथा कार्य तोकी कार्यसम्पन्न गर्ने गर्नुपर्नेमा सालबसाली टुक्रे योजना बनाई कार्य गर्दा रकमको दुरुपयोग तथा कार्यको दोहोरोपना समेत हुने जोखिम देखिने हुदा यसरी गरेको कार्यको प्रभावकारीता समेत देखिएन । अतः पालिकाले वास्तविक माग र आवश्यकताको आधारमा विस्तृत अध्ययन प्रतिवेदन पश्चात अवधि र कार्य तोकी कार्यसम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१०४ **कृष्णचोक सुनझोडा सडक स्तरोन्नती कार्य**

१०४.१(२-२०८०-६-१६):

पालिकाले यो बर्ष संघिय शसर्त अनुदान अन्तर्गत कृष्णचोक सुनझोडा सडक स्तरोन्नती कार्यका लागि रू. २६,४९,०८,०००.०० बजेट विनियोजन भएको देखिन्छ । नगरपालिकाको कृष्णचोक सुनझोडा सडकको ५२७६ मिटर सडक कालोपत्रे गर्ने, सडकको दुवै साइडमा ड्रेन निर्माण, २१ वटा कल्भर्ट निर्माण लगायतका कार्य गर्न सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत विश्व वैङ्कको ऋण सहयोगमा संचालित URBAN GOVERNANCE AND INFRASTRUCTURE IMPROVEMENT PROJECT अन्तर्गत उक्त योजना कार्यान्वयनका लागि रु.५१,०३,४९,००४ (मु.अ.कर, फिजिकल र प्राइस कन्टिंनजेन्सी समेत) लागत अनुमान भएको योजनाको खुला बोलपत्रको माध्यमबाट सिआइपिएल इन्फ्रा, भारत सँग रू.३६,१२,४३,६१६.१० (मू.अ.कर समेत) को वोलपत्र स्विकृत भै २.५ बर्षमा निर्माण सम्पन्न गर्नेगरि मिति २०७९।११।२१ मा सम्झौता भएको छ।यस वर्ष दोश्रो किस्ताको मोविलाईजेशन पेश्की सहित रु.१७,१८,६९,५५०.००भुक्तानी भएकोमा यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

**मोविलाइजेशन पेश्कीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ वमोजिम निर्माण व्यवसायिलाई सार्वजनिक खरिद ऐनको दफा ५२क को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए वमोजिम पेश्की दिनसक्ने व्यवस्था छ साथै यस नियम वमोजिम दिएको पेश्की रकम जम्मा भएको वैङ्क खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायिले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले सम्झौतामा पार्टिकुलर कन्डिसन अफ कन्ट्रक्टको बुँदा नं १४.२ मा उल्लेखित व्यवस्था अनुसार सम्झौता भए पश्चात गत वर्ष ७.५ प्रतिशत पहिलो किस्ता मोविलाईजेशन पेश्की उपलब्ध गराएकोमा पुनः व्यवस्था अनुसार थप ७.५ प्रतिशत यो बर्ष रु.२,२९,८५,३६७.०० सहित रु.४,५९,६९,२६६.०० पेश्की उपलब्ध गराएको देखियो । तेश्रो रनिङ्ग विल सम्ममा रु.१,८९,१२,००१.०० पेश्की फस्योंट भएकोमा रु.२,७०,५७,२६५.०० बाँकी देखिन्छ । संलग्न फाँटवारीमा पेश्कीको बैंक जमानतको प्रमाणमा अवधि सकिएको देखिन्छ । पालिकाले अवधि थपको लागि ताकेता गर्दा पनि निर्माण व्यवसायीले म्याद थप नगरेकोले पेश्की बैंक जमानत रकम रु.२,७०,५७,२६५.०० जफत गरी मिति २०८१ असोज ८ (२४ सप्टेम्बर २०२४) मा पालिकाको ग.३.१ धरौटि खातामा दाखिला गरेको छ । अतः जफत भएको मोविलाईजेशन पेश्की वापतको रकम संघीय संञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने व्यहोरा औँल्याईएकोमा दाखिला प्रमाण पेश भएको छ ।

१०४.२ **कार्य प्रगतिः** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८१।११।२० मा सम्पन्न गर्नुपर्ने देखिन्छ। निर्माण व्यवसायिले लेखापरीक्षण अवधिसम्म करिव ७५ प्रतिशत भन्दा वढि समयावधि समाप्त भैसक्दा समेत निर्माण कार्य कार्यतालिका अनुसार भएको देखिदैन । निर्माण कार्य ७५ प्रतिशत अवधि समाप्त व्यतित भैसक्दा ४२ प्रतिशत वित्तीय प्रगति तथा ४१ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । निर्माण व्यवसायिले सम्झौताका वखत पेश गरेको निर्माण कार्यतालिका

वमोजिम निर्माण कार्य नगर्दा समेत पालिकावाट कुनै ताकेता समेत भएको देखिदैन। भुक्तानीका लागि वजेटको व्यवस्थापन गरी सम्झौताको अवधिमा निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

१०४.३ **मूल्य समायोजनः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **६१,८४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०४.४ **प्रमाण पेश गर्नुपर्नेः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **१३,९१९,७४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०४.५ **भेरियसन आदेश (VO):** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ मा लागत अनुमान तयार गर्नुपर्ने तथा उर्लावारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा १५ करोड भन्दा वढि लागत अनुमान भएको निर्माण कार्यको लागत अनुमानको स्विकृति पालिका प्रमुखवाट गर्नुपर्ने उल्लेख छ । आर्थिक वर्ष २०७८।०७९ मा नगरपालिकाले रु.५१,०३,४९,००४।०० लागत अनुमान नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना समन्वय कार्यालय बबरमहल काठमाण्डौंको २०७९।३।२९ को पत्रानुसार Bidding Document, Cost Estimates, Project को विस्तृत आयोजना प्रतिवेदन (DPR) परामर्शदाता CEMECA-BEAM-HOMELAND ले तयार गरी पठाएकोमा पालिकाले सोही कागजात वर्षान्तको अवधिमा स्वीकृत गरी २०७९।३।३१ गते सुचना प्रकाशन गरी खरिद कार्य अगाडि बढाएको छ । लागत अनुमानमा BOQ S.N.२१ Reinforcement को परिमाण ११ मेट्रिक टनको दर रु.१,२१,७११.४० भएकोमा निर्माण व्यवसायीले रु.१५०,०००.०० मा कबुल गरेको छ । आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) तथा लागत अनुमानमा Reinforcement (डण्डी) को परिमाण छुट भएको व्यहोरा सहित २०८०।११।२४ गतेको नगर कार्यपालिकाको निर्णय अनुसार २९३.१० (मे.ट) परिमाण थप गरी नयाँ परिमाण ३०४.१० मेट्रिक टन भेरिएसन आदेश (VO) स्वीकृत गरेको छ । यसमा निर्माण व्यवसायी र पालिकाको वार्ताद्धारा १२.१० (मे.ट) को रु.१५०,०००.०० र बाँकी २९२ (मे.ट) को रु.१३२,०००.०० नयाँ दर निर्धारण गरी रु.४,०३,५९,०६१.२५ को मुल्य निर्धारण भएकोमा शुरु परिमाण र मुल्य रु.१३,३८,८२५.०० घटाउदा बाँकी रु.३,९०,२०,२३६.२५ को थप व्ययभार परेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क. (२) मा लागत अनुमान तोकिए बमोजिमको विशेष कारण परी संशोधन गर्नुपरेमा बाहेक एक पटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा त्यस्तो संशोधन सुरुको लागत अङ्कमा पच्चीस प्रतिशतभन्दा बढी फरक परेमा वा त्रुटिपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाईन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारबाहीको भागिदार हुने व्यवस्था छ । पालिकाले यस आयोजनाको कार्यमा Reinforcement (डण्डी) र HDPE पाईप आईटमहरु छुट हुन गएको भनी परिमाण थप गर्दा १४.४३ प्रतिशत अर्थात रु.४,४२,१८,३०२.६ (मु.अ.कर तथा पि.एस. बाहेक) को थप व्ययभार पर्न गएको छ । यस किसिमको कार्यमा पालिकाले विशेष ध्यान दिनु दिनुपर्दछ ।

**यस सम्बन्धमा** पालिकाको प्राविधिक Team संग छलफल गर्दा असार मसान्तमा पालिकाको कार्यभार भएको अवस्थामा मिति २०७९।३।२९ गतेको पत्रानुसार Bidding Document, Cost Estimates, Project को विस्तृत आयोजना प्रतिवेदन (DPR) नेपाल शहरी विकास तथा भवन निर्माण विभाग नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना समन्वय कार्यालयबाट प्राप्त भइ यथाशिघ्र खरिद

प्रकृया अगाडी बढाउन निर्देशन भएको हुदा प्राप्त Document आएको भोलिपल्टै पालिका साँक्षीमात्र रहेर सोको खरिद प्रकृया अगाडी बढाएको भनाइ रहेको छ ।

१०४.६(३५-२०८१-२-११):

**बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात तथा बिल भर्पाइ पेस गर्नुपर्ने उल्लेख छ । पालिकाले यस निर्माण कार्यको तेश्रो रनिङ्ग विल भुक्तानीमा ठेक्का विल रु.८,३३,८८,६३९.०० मा मुल्य समायोजन वापत रु.१४,०४,०५०.०० गरी जम्मा रु.८,४७,९२,६८९.०० भुक्तानी दिनुपर्नेमा रु.८,५७,६४,५०६.०० भुक्तानी भएकोले विमा वापत रु.९,७१,८१६.०० दोहोरो भुक्तानी (पहिलो रनिङ्ग विलमा भुक्तानी भएको) भएकोले दोहोरो भुक्तानी भएको रकम असुल गरी संघीय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,७१,८१६ |

१०५ **प्रमाण पेश :-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१,७१२,३७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०६ **समि परियोजना (SaMi):**

बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन नेपाल सरकार र स्वीस सरकारबीच द्धिपक्षीय सम्झौता भई रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत सुरक्षित आप्रवासन कार्यक्रम (SaMi) सञ्चालनमा रहेको छ । यस कार्यक्रमका मुख्य क्रियाकलापहरु अन्तर्गत सूचना तथा परामर्श, सीप विकास तालिम, न्यायमा पहुँच, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता रहेका छन् । पालिकाले रोजगार प्रवर्द्धन कार्यक्रमलाई नतिजामूखी बनाउनका लागि सगरमाथा सामुदायिक विकास केन्द्रसँग कार्य सम्झौता गरी पालिकामा जम्मा बजेट रु.२९ लाख ७७ हजार विनियोजन भएकोमा कार्यक्रम संचालन खर्च वापत रु.८ लाख ९८ हजार, र तलब भत्ता खर्च वापत रु.२० लाख ६६ हजार गरी जम्मा खर्च रु.२९ लाख ६४ हजार गरेको देखिन्छ । यस कार्यक्रम सञ्चालनका लागि यो सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनका लागि वित्तीय मार्गदर्शन, २०७९ को व्यवस्था रहेको छ । कार्यक्रम र श्रोतगत रुपमा निश्चित गरी सम्बन्धित कार्यक्रममा मात्र खर्च गर्नुपर्नेछ । यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१०७ **परामर्स तथा डीपीआर खर्च** –

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.स | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत | कार्यान्वयन भए/नभएको (कार्यान्वयन भएको भए वजेट) |
|---|---|---|---|---|---|---|
| १ | Preparation of master plan and Detail engineering Report of Football Stadium at Salbari, Urlabari-३ | NKA Engineering Consultant Pvt. Ltd., Tarkeshwor-४, Kathmandu | ९१५२९६.९९ | ७९१००० | २३८१७८०४४.७ | नभएको |
| २ | Preparation of master plan and Detail Project Report for Construction of Dhimal Jatiya Bikash Kendra Pariyojana Sthal in Urlabari Municipality-३ | Embark Engineering Services Pvt. Ltd., New Baneshwor Kathmandu | ९९९५८६.७ | ८९४९६० | ३९८९८६५३५.८ | नभएको |
| ३ | Preparation of Masterplan & Detail Engineering Report of Storm Water Management from Tarun Chowk to Mawa Khola Urlabari-६, Morang | Tilak Consultant Pvt. Ltd., Katahari-२, Morang | १३६०८६.५६ | १२९९५० | ६४८३६८६२.४३ | |
| ४ | मावा सौन्द्रियकरण परियोजना | D.G. Engineering Consultancy Pvt. Ltd, Saptari | ५००००० | ४६४४३० | ३५४३२५३८३.९ | २५००००० |
| ५ | रात्रिकालिन बजार उर्लाबारी-५ | Multi Engineering Design Consult, Ithari-३, Sunsari | ५००००० | ४६१७१८ | १७९२३१०२.२६ | ४५००००० |
| ६ | विभिन्न रोडहरुको DPR | Integrated Development-NKA-Engineering JV, Baneshwor, Kathmandu | | ६८६८१४ | १५९०२५७७५५ | १००००००० |
| **जम्मा** | | | **३०५०९७०** | **३४२८८७२** | **२६६४५०७६८४** | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

१०८ **रेमि परियोजनाः**

बैदेशिक रोजगारीबाट फर्केका ब्यात्तिहरुको लागि पूनःएकिकरण (रेमि परियोजना) का लागि यस पालिकामा जम्मा बजेट रु.४७ लाख विनियोजन भएकोमा कार्यक्रम संचालन खर्च वापत रु.९ लाख ९७ हजार, संचालन खर्च वापत रु.४ लाख ९० हजार र तलब भत्ता खर्च वापत रु.२६ लाख ६५ हजार गरी जम्मा खर्च रु.४१ लाख ५२ हजार गरेको देखिन्छ । २९ वटा कार्य जिम्मेवारी तोकिएकोमा ३ वटा बाहेक अरु कार्य सम्पन्न भएकोमा समग्रमा ८७ प्रतिशत कार्य प्रगति गरेको देखिन्छ । परियोजनाले कार्यक्रमको उद्देश्य अनुरूप वैदेशिक रोजगारबाट फर्कीएका व्यक्तीहरुलाई नेपाल/स्वदेश भित्र नै सामाजिक, आर्थिक, साँस्कृतिक र राजनैतिक रुपमा सक्रिय बनाई समुदायमा पुनः स्थापित गराउने कार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

१०९ **लद्यु उद्यम विकास कार्यक्रम** (३४७-२०८१-३-२२):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **२६,१४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

११० **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाको ९ वडामा २१ योजना सञ्चालन गरी यस वर्ष १३९ जनालाई औसत ३७ दिन रोजगारी उपलव्ध गराई रु.३४,२६,८४०.०० श्रमिक ज्याला खर्च र २ वटा योजनामा पालिकाबाट बजेट छुट्याई सामाग्रि खरिद बापत रु.३,२४,६७७।०० समेत जम्मा रु.३७,५१,५१७।– खर्च गरेको छ । कार्यपालिकाको निर्णयानुसार योजना छनौट गरी कार्यक्रम संचालन गरेको छ । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

१११ **धार्मिक/जातिय कार्यमा खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा संलग्न अनुसूची बमोजिमका वभिन्न ६४ धार्मिक/जातिय कार्य वा धार्मिक समुदायसँग सम्बन्धित कार्यमा रु १ करोड २९ लाख विनियोजन गरि रु १ करोड २३ लाख खर्च गरेको छ । पालिकाको आन्तरिक आय तथा दिर्घकालिन दायित्व मुल्यांकन र कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गरी यसप्रकारका खर्चमा नियन्त्रण गर्नुपदर्छ ।

**(विस्तृत विवरण बेरूजु दफा १११ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

११२ **कभर्ड हल निर्माण**

(४-३।१७) पालिकाले प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमअन्तर्गत उर्लावारी ब्याडमिन्टन कभर्ड हल निर्माण कार्यका लागि २०८०।११।१४ मा एस विल्डर्स ईटहरीसँग रु ४४२५८०८।५६ मा खरिद सम्झौता गरेको छ । लागत अनुमान रु ७०८८५२२।८१ रहेको यस निर्माण कार्यका लागि कार्य मुल्यांकनबमोजिम रु ४३६२०४३।१७ भुक्तान गरेकोमा सो को श्रोत प्रदेश सरकारबाट रु १९ लाख र संघीय श्रोत(तराई मधेश समृद्धि कार्यक्रम)बाट रु २५ लाखमध्येबाट गरेको छ । २०८०।९।६ को नगरप्रमुखस्तरीय निर्णयबाट लागत अनुमान स्वीकृत हुँदा नपुग रकम स्थानीय कोषबाट व्यहोरीने गरी श्रोत सुनिश्चित गरिएतापनि संघ र प्रदेश सरकारबाट प्राप्त रकममात्र परिचालन भएको, कभर्ड हल सञ्चालनमा ल्याउनका लागि आवश्यक सम्पूर्ण आईटम समावेश नगरी अधुरो लागत अनुमान तयार गरेको र सोही बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । आर्थिक वर्ष २०७७।७८ को जिल्ला दररेटका आधारमा तयार भएको विस्तृत आयोजना प्रतिवेदनमा रु ३८४३४२६८ लागत अनुमान तय भएको यस कभर्ड हलको लागत अनुमान यस आर्थिक वर्षका लागि अधुरो तयार गरी निर्माण कार्यको सम्झौता गरेको, आर्थिक वर्ष २०७६।७७ देखी हरेक वर्ष उपभोक्ता समिति र निर्माण व्यवसायीमार्फत टुक्रा टुक्रा गरी निर्माण कार्य गराएको र उक्त निर्माण कार्यका लागि हालसम्म के कति रकम खर्च भएको हो सो को अद्यावधिक विवरण रहेको छैन । लागत सहभागिताको निर्णय कार्यान्वयन नगरेको र अधुरो निर्माण कार्यलाई सञ्चालनमा ल्याउने गरि चालु आर्थिक वर्षमा समेत बजेट विनियोजन नगरी निर्माण कार्य अधुरो छोड्ने कार्य उपयुक्त नदेखिएको साथै लागत अनुमान स्वीकृत हुँदाको अनुपात बमोजिम पालिकाले ३५ प्रतिशत लागत व्यहोर्नुपर्नेमा सो नगरी संघ र प्रदेशको प्राप्त बजेट मात्र खर्च गरेको नियमसम्मत नभएको रु



| | |
|---|---|
| अनियमित भएको | १५,२६,७१५ |

११३ **झोलुङ्गे पुल परामर्श**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१,२८६,४८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

११४ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिष्प्रर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १३.५५ देखि ४९.१५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| खरिद सम्झौता नं | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | लागत अनुमान रकम | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| URL-BLACKTOPROAD-WARD१,२&३-W-NCB-०१-०८०/८१ | Construction of blacktop road of pipaldangi dheki dingla chowk hudai miklajung simana samma jodna sadak ward१, aadarsa chowk bata ward karyalaya jana sadak ward२, Ward karyalaya jana sadak ward२, Chihandada sanjib budathoki ko ghar dekhi Ekta chowk jana sadak ward२ & Ramnagar dachhin jana sadak ward ३ | N.K Construction, Ratuwamai Municipality-१० | ११४९९९०३.७९ | ८६६३५०७.१२ | २४.६६ |
| URL-BLDNG-W-NCB-०३-०८०/८१ | Construction of Badminton Court (Kavard Hall) | S-Builders, Barachhetra-८ | ७०८८५२२.८१ | ४४२५८०८.५६ | ३७.५६ |
| URL-PAVER ROAD-WARD३&६-W-NCB-०५-०८०/८१ | Construction of Paver Road at Triveni Marga Ward no.३ and at Siddhartha Janjati & Buddha Marga Ward no ६ | Shiva Shivalaya Construction Pvt. LTd. | ४७०५६३७.८९ | ४०६८१९७.७१ | १३.५५ |
| URL-BOXCULVERT-W-NCB-१९-०७९/८० | Construction of Box Culvert at Ramri Khola Way to Abiral Chowk to Bakraha Khola, Urlabari १ | Jay Rajaji Baba Construction and Suppliers Pvt. Ltd., Tokha Kathmandu | ३११९८६८.७४ | २६६६४८२.१८ | १६.६७ |
| URL-DISABLE-BLDNG-W-NCB-१९-०७९/०८० | Construction of Apanga Maitri Bhawan, Urlabari | s.J fourty Builders Pvt. Ltd., Jhapa | १९५५०८६४.४१ | ११७०८०४१.१३ | ४०.११ |
| URL-ECL-GOODS-SQ-०१-०८०/८१ | उज्यालो उर्लाबारी कार्यक्रम/सडक बत्ती मर्मत कार्यको लागि विद्युत सामाग्री खरिद | धाराबिजुली सर्भिसेस प्रा.लि. | १८७३६९८.७५ | ९५२७०३ | ४९.१५ |
| URL-ECL-GOODS-NCB-०२-०८०/८१ | उज्यालो उर्लाबारी कार्यक्रम/सडक बत्ती विस्तारको कार्यको लागि विद्युत सामाग्री खरिद | रिमाल इन्टरप्राइजेज | ४०४९८२१.०८३ | २३८५४०७.४ | ४१.१० |
| URL-DRAIN-WARD४-W-NCB-०९-०८०/०८१ | Bhanu Sisauli Marga Drain Nirman, Urlabari-४ Morang | Ganga Jamuna Construction, Ratuwamai-५, Morang | २३५२३८१.५३ | १६४५०६३.७ | ३०.०७ |

११५ **सम्झौता भन्दा फरक दरमा भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । गत आव २०७९।०८० मा योजना सम्झौता गरी यस आव २०८०।०८१ सम्ममा कार्यसम्पन्न गर्ने गरी योजना सम्झौता भएको देखिन्छ । मर्मत संभारसँग सम्बन्धित कार्यहरु सोही आर्थिक वर्षमा सम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता नगरी अर्को आर्थिक वर्षमा सम्पन्न हुने गरी कार्य गराएको उपयुक्त नदेखिएको तथा सम्झौता हुँदाको आर्थिक वर्षको जिल्ला दररेट बमोजिम भुक्तानी नभई नयाँ आर्थिक वर्षको दर प्रयोग गरी उपभोक्ता समितिलाइ भुक्तानी दिने कार्य नियमसम्मत नदेखिएको रु.

| गोभौ नं र मिति | योजनाको नाम | कार्यविवरण | परिमाण | अघिल्लो आ.ब.को दर | नयाँ आव बमोजिमको भुक्तानी दर | फरक | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २।२०८०।५।१२ | वडाका विभिन्न सडकहरु मर्मत | Loose subbase gravel | ८७९.९ | ७३४.८८ | ९२७.२७ | १९२.४ | १६९२८७ | भुक्तानी |
| | | roadway Exacvation | २३४ | ८५.८८ | ९६.६ | १०.७२ | २५०८ | भुक्तानी |
| ६।२०८०।६।१ | १नं वडाको सडक मर्मत | Loose subbase gravel | ५४७.२ | ७३४.८८ | ९०० | १६५.१ | ९०३५३ | भुक्तानी |
| ४३।२०८०।१०।८ | २नं वडाको सडक मर्मत | Loose subbase gravel | १०८.४२ | ७३४.८८ | ७४१.६८ | ६.८ | ७३७ | भुक्तानी |
| ३८।२०८०।९।२४ | ९नं वडाको सडक मर्मत | Loose subbase gravel | ४२३ | ७३४.८८ | ८२० | ८५.१२ | ३६००५ | भुक्तानी |
| ७७।२०८१।३।१९ | ४नं वडाको सडक मर्मत | Loose subbase gravel | १८०.१४ | ७३४.८८ | ७४१.६८ | ६.८ | १२२४ | ला अ |
| **जम्मा** | | | | | | | **३००११७** | |

| | |
|---|---|
| अनियमित भएको | ३,००,११७ |

११६ **विपद् व्यवस्थापन कोष**

**यस आर्थिक वर्षको आय व्यय विवरणः**

| क्रस | आय | | क्रस | व्यय | |
|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | | **विवरण** | **रकम** |
| १ | गत आवको अल्या | ५४३६२३०.६३ | १ | यस वर्षको खर्च | ६१६१७१७.०० |
| २ | यस वर्षको आय | १२५००००००.०० | २ | बाँकी मौज्दात | ११७७४५१३.०० |
| **जम्मा** | | **१७९३६२३०.००** | **जम्मा** | | **१७९३६२३०.००** |

विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ को दफा ७ को (४) तथा ९ (ङ) मा उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमितरुपमा गरीने विकास निर्माण सम्बन्धी कार्यलाई विपद् व्यवस्थापनसँग आवद्ध गराएर कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाईनेछैन तथा विपद् जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न, गराउन नपाउने भन्ने व्यवस्था छ । पालिकाले देहायका योजनाहरु यस कोषबाट खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| गोभौ नं र मिति | भुक्तानी लिने | कार्यविवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ६।२०८०।६।२४ | ओम साई राम निर्माण सेवा एण्ड सप्लार्यस प्रालि | नाला सरसफाई तथा कल्वर्ट मर्मत | ३७३७२ |
| १६।२०८०।७।२३ | आदर्श नेपाल कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रालि | बरडंगा नाला सरसफाई तथा वाल निर्माण | ६६८२१ |
| २०।२०८०।९।११ | ओम एच पि निर्माण सेवा प्रालि | पैनी सरसफाई कार्य वापत | ९५२४९ |
| २१।२०८०।९।१२ | राधिका नमुना मावि उर्लावारी ६ | प्रगतिमार्ग ढल निर्माण | ३१०९२२ |
| ६२।२०८१।३।१८ | समिप सप्लार्यस एण्ड ट्रेडर्स | वडा कार्यालयको सामान खरिद | १८००० |
| ६१।२०८१।३।१७ | कुशुम कन्स्ट्रक्सन | वडा नं१ को स्वास्थ्य चौकी कम्पाउण्ड लगाउने कार्य | ९५७४० |
| ६०।२०८१।३।१७ | १ नं वडा कार्यालय परिसर पुराई उस | वडा कार्यालय परिसर पुराई | १७२९६४ |
| ७२।२०८१।३।२४ | टेक्नो कमर्सियल इम्पेक्स | कार्यालयको विविध प्रयोजनको लागि डष्टवीनहरु खरिद | १९६४४० |
| जम्मा | | | ९९३५०८ |

| | |
|---|---|
| अनियमित भएको | ९,९३,५०८ |

११७ **आयोजना परामर्श सेवा(DUDBC-216002-CS-QCBS)**

११७.१ पालिकाले १३ डिसेम्बर २०२२ मा ईकोकोड-मल्टी-टिएमएस-रेज-आरआईएमसी जेभीसँग Nepal Urban Governance and Infrastructure Project(NUGIP) अन्तर्गत रु २२८०९०५०(मुअकर समेत) बराबरको परामर्श सेवा खरिद सम्झौता भएको छ । ५.२७६ कि मि ४० एमएम अस्फाल्ट सडक निर्माणका लागि भएको उक्त सम्झौताअनुसार विशेषज्ञको पारिश्रमिकमा रु १९३२३००० र अन्यमा ३४८६०५० रहेकोमध्ये जम्मा रु १६४०४४७८।३३ भुक्तानी भैसकेको छ । मे १५ २०२२ मा पालिकाले नेपाल मेगा ईन्भेष्टमेन्ट बैंक लिमिटेलाई परामर्शदाताले निर्माण कार्य रोकिएको व्यहोरा खुलाई पेश्की जमानत रु २७०५७२२५ जफत गरी धरौटी खातामा राखेको छ । मार्च ४ २०२५ मा सम्पन्न हुने यस आयोजनाको पछिल्लोपटक १९ नोभेम्बर २०२४ मा १९८ दिनसम्म कार्य अवरुद्ध भएको, हालसम्मको प्रगति ९२.७८ प्रतिशत भैसक्नुपर्नेमा ४०.२७ प्रतिशत मात्र प्रगति रहेको व्यहोरा खुलाई सम्झौताको व्यवस्थाबमोजिम पुर्व निर्धारित क्षतिपुर्ति लगायतका व्यवस्थाको कार्यान्वयन हुने गरी पत्राचार गरेतापनि लेखापरीक्षण अविधि डिसेम्बर ५ २०२४ सम्म पनि निर्माण कार्य अवरुद्ध रहेको छ । निर्माण कार्य अवरुद्ध रहने तर सोही योजनाका लागि नियुक्त परामर्श सेवाको भुक्तानी नियमित हुनु उपयुक्त देखिएन ।

११७.२ **विज्ञ प्रतिस्थापन :**

मृत्यु वा गम्भिर स्वास्थ्य समस्या बाहेकको अवस्थामा परामर्श सेवाको सम्झौताको बुँदा ३८.१ मा Replacement of Key Experts को परिवर्तन नहुने उल्लेख भएतापनि निम्नानुसार परिवर्तन गरी भुक्तानी दिएको छ । सो मध्ये दिनेश मण्डलको प्रतिस्थापन उग्रसेन चौधरी भएको र रोहित श्रेष्ठको प्रतिस्थापन राजन श्रेष्ठ भएको पालिकाले निर्णय गरेको देखिएतापनि अन्यको निर्णय नभएको वा पालिकाबाट स्वीकृत भएपश्चात परामर्शदाताले नियुक्त गरी कार्य जिम्मेवारी दिएको नदेखिएकोले उक्त अवधिका लागि परामर्शदातालाई दिएको भुक्तानी नियमसम्मत देखिएको छैन । तोकिएको शर्त र सम्झौताबमोजिम कार्य गर्ने गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र स | पद | साविक विज्ञको नाम थर | नयाँ विज्ञको नाम थर | प्रतिस्थापन समय र विवरण | प्रतिस्थापन निर्णय बेगर भएको भुक्तानी |
|---|---|---|---|---|---|
| **1** | **Team Leader** | **Mr. Mohan Shojha KC** | **Mr. Dinesh P Mandal** | 14March2023(Left)and15March2023(Replacement) | **३६०१८७५** |
| **2** | **Team Leader** | **Mr. Dinesh P Mandal** | **Mr. Ugrasen Chaudhary** | 30April2024(Left)and<br>10 May 2024<br>(Replacement) | **Decided by Municipality Overpayment to Ugrasen Chaudhary of १० days = ९६०५०** |
| **3** | **Supervison & Quality Control Engineer** | **Mr. Sushil Kumar Yadav** | **Mr. Jiban K Koirala** | 12Feb2023(Left)and<br>15 Feb 2023<br>(Replacement),no any official replacement | **३१६९६५०**<br>**Overpayment to Sushil K Yadav of २ days = १२४३०** |
| **4** | **Social Development Specialist** | **Mr. Chintamani Sharma** | **Mr. Manoj Timsina** | 12Feb2023(Left)and<br>15 Feb 2023<br>(Replacement) | **५०८५००** |
| **5** | **Procurement Specialist** | **Mr. Rohit Sharma** | **Mr. Rajan Shrestha** | 22Jan2023(Left)and<br>6 March<br>2024(Replacement) | **Decided by Municipality** |
| | | | | **जम्मा** | **७३७६०७५** |

११७.३ **अबरुद्ध निर्माण कार्य:** मार्च ४ २०२५ मा सम्पन्न हुने यस आयोजनाको पछिल्लोपटक १९ नोभेम्बर २०२४ मा १९८ दिनसम्म कार्य अवरुद्ध भएको, हालसम्मको प्रगति ९२.७८ प्रतिशत भैसक्नुपर्नेमा ४०.२७ प्रतिशत मात्र प्रगति रहेको व्यहोरा खुलाई सम्झौताको व्यवस्थाबमोजिम पुर्व निर्धारित क्षतिपुर्ति लगायतका व्यवस्थाको कार्यान्वयन हुने गरी पत्राचार गरेतापनि लेखापरीक्षण अविधि डिसेम्बर ५ २०२४ सम्म पनि निर्माण कार्य अवरुद्ध रहेको छ ।

११७.४ **बढी भुक्तानी:**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१०६,४८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

११७.५ **सोधभर्ना भुक्तानी :** खरिद सम्झौताको विओक्यूमा सोधभर्ना भुक्तानी हुने खर्चमा रु १७ लाख र पिएस आईटममा रु १३ लाख ८५ हजार सहित जम्मा रु ३० लाख ८५ हजारमध्ये सातौ आईपिसिसम्म रु २३३८४०१ को मुअकर समेत रु २६४२३९३ भुक्तान भएतापनी सोधभर्ना हुने खर्च र पिएस आईटमको खर्च विवरण सहितका बिल भरपाई बेगर भुक्तान भएको देखिएकोले खर्चको पुष्ट्याई हुने कागजात र प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | २६,४२,३९३ |
|---|---|

११७.६

**बिमा कागजात :** राजन श्रेष्ठको बिमाको बिल छायाँप्रति समावेश गरी भुक्तानी दिएको रु १४७६०० तथापी कार्यरत भुक्तानी सूची बमोजिम परामर्शदाताको बिमा अवधि २०२४।४।१० मा समाप्त भैसकेको देखिएकोले तेश्रो पक्ष, जनशक्ति र पेशागत दायित्व बिमासँग सम्बन्धित 7th IPC सम्मको भुक्तानी रु २२८७३४ को सम्बन्धमा कार्यरत जनशक्तिको बिमा भएको प्रमाण पुष्ट्याई पेश गर्नुपर्दछ ।

११८ **विपद पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माण :-** (१६१८-२०८१-३-२४):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१३५,८१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

११९ **उपभोक्ताबाट विद्युतिकरण :-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाका निम्न योजनामा विद्युतको पोल सारेको भनी कार्यसम्पन्न प्रतिवेदन बमोजिम रकम भुक्तानी भएको छ। विद्युतको पोल सार्ने लगायतको काममा विद्युत प्राधिकरणले मात्र गर्ने अवस्थामा समेत उपभोक्ता समितिले विद्युत प्राधिकरणको विल तथा पत्राचार गरेको प्रमाण नराखी भुक्तानी भएको देखिदा खर्च भएको रकम यकिन हुन सकिएन सो सम्बन्धमा पालिकाले यकिन गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| ५८९ | थापाचोक उत्तरसुनपकुवा मार्ग अधुरो ड्रेन | ९९९२७ |
| ५०५ | गैरी गाउँमार्ग स्तरोन्नति | १२०३१ |
| कुल | | १११९५८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,११,९५८ |

१२० **ह्युप पाईप खरिद :-** (५९०-२०८१-३-४):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **८१९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **८२,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | प्रमाण कागज पेश भएको ।<br>( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** रू **२,३०२,५६०.९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।) | ० |
| २ | उर्लावारी नगर शिक्षा नियमावली २०७९ को नियम १३ मा संस्थागत विद्यालय खोल्ने अनुमती लिँदा विद्यालय सञ्चालनको सुरक्षाबापत पालिकाको आर्थिक प्रशासन शाखाको कर्मचारी र विद्यालयको संयुक्त दस्तखतबाट चल्ने विद्यालयको धरौटी खातामा राख्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०८०।५।१५ को कार्यपालिका निर्णयबमोजिम मिति २०८०।६।३० मा ओवल ल्याबरोटरी ईङ्गलिश स्कुल उर्लावारीलाई रु २ लाख, झारसाँदी ईङ्गलिस बोर्डिङ्ग स्कुल उर्लाबारीलाई रु ३ लाख ५० हजार र पल्लवी विद्या मन्दिर उर्लाबारीलाई रु १ लाख ५० हजार गरी जम्मा रु ७ लाख धरौटी फिर्ता दिएको छ । विद्यालय सञ्चालनबापत पालिकामा रहेको रकम विद्यालयलाई फिर्ता दिएको देखिएकोले उक्त रकम नियमावलीको व्यवस्था बमोजिम संयुक्त दस्तखत चल्ने धरौटी खातामा मौज्दात रहेको प्रमाण पेश हुनुपर्ने व्यहोरा औंल्याईएकोमा प्रतिक्रियासाथ खाता सञ्चालन संयुक्त रहने र मौज्दात खुल्ने प्रमाण पेश भएको छ । | 0.00 |
| ३ | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम सघिय कानुनको अधिनमा रहि स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधासम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धी व्यवस्थामा करारमा कार्यरत कर्मचारीहरुलाई सञ्चयकोष कट्टी गरी थप गर्ने व्यवस्था रहेको देखिँदैन । पालिकाले ३ बर्ष पुरा भएका करारका कर्मचारीको मासिक आधारभुत तलवमानको १० प्रतिशतले हुने रु.८६००६।६० का दरले १२ महिनाको रु.१०३२०७९।२० र स्वास्थ्यतर्फ ३०८१७।८ को १२ महिनाको कुल ३६९८१३।६० गरी कुल १४०१८९२८० भुक्तानी भएको छ । पालिकाले करार सेवाका कर्मचारी १० प्रतिशत कट्टी रकममा सोहि वरावरको रकम पालिकाको तर्फबाट थप गरी जम्मा गरिने निर्णय विगत वर्षमा गरेकोमा सो को निरन्तरताका आधारमा यो थप खर्च गरेको छ । यसरी ऐन कानूनमा व्यवस्था नभएको सेवा सुविधा प्रदान गरी खर्च गरेको थप १०% रकम सम्बन्धित कर्मचारीबाट असुल गरि सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यहोरा औंल्याईएकोमा प्रतिक्रियासाथ रु १२४७०५९ दाखिला प्रमाण पेश भएको र र सब ईन्जिनियर अमन चौधरीको रु ४१६७६ समेत असुल गरि पेश गर्नुपर्ने रु | 41676.00 |
| ४ | **उर्लाबारी नगरपालिका पुजिगतः** उज्यालो उर्लाबारी र क्षतिग्रस्त त्रिवेणी चौकको ट्रान्सफर्मर स्थानान्तरण अन्तरगत नेपाल विद्युत प्राधिकरणको नाममा पेश्कि फछ्र्यौट भएकोमा आबश्यक विल भरपाइ नदेखिएकोले प्रमाण पेश गर्नुपर्ने रु. | 130398.00 |
| ५ | स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २९९४ जना रहेका छन । पालिकाले अंकुर डाईग्रोष्टीक एण्ड सर्जीकल सेन्टरबाट १२३३५ थान स्यानिटरी प्याड रु.९९९११५।२० (मु अ कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा २०८१।३।२३ मा खरिद तथा दाखिला गरी २० विद्यालयलाई दामाशाहीको आधारमा ११८०८ थान हस्तान्तरण गरी ५२७ थान बाँकी रहेको फाँटवारीमा संलग्न गरेको छ । विद्यालयका विद्यार्थीहरुको माग र आवश्यकता अनुसार हस्तान्तरण गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि वितरण गरि बाँकी स्टोरमा राखेको देखिन्छ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र कार्यविधि अनुसार प्याड खरिद तथा वितरण गर्नुपर्ने तथा यस आर्थिक वर्षमा खरिद गरी बाँकी रहेको हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने व्यहोरा औंल्याईएकोमा प्रतिक्रियासाथ वितरण वा हस्तान्तरणको भरपाई पेश हुन आएको छ । | 0.00 |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| ६ | (५५-३।१३) पालिकाले पालिकाअन्तर्गतका झोलुङ्गे पुल निर्माणको सम्बन्धमा परिवर्तनका लागि हाम्रा हातहरु नेपाल(परिवर्तन नेपाल) लाई दोश्रो र तेश्रो किस्ताबापत सेवा शुल्क रु ४२७१९७ भुक्तान गरेको छ । परिवर्तन नेपाललाई पालिकाले आर्थिक वर्ष २०७६।७७ देखी नै सेवा शुल्क भुक्तान गर्दै आईरहेको र हालसम्म सुत्रबाट प्राप्त विवरण अनुसार रु १२८६४६० भुक्तान गरेको देखिएतापनी कुन कुन पुल निर्माणका लागि के कति सेवा शुल्क निर्धारण भएको र कुन कुन मितिमा कुन किस्ताबापत रकम भुक्तान भएको हो सो को विवरण पालिका(पूर्वाधार विकास शाखा) सँग माग गरिएतापनि सो को विवरण पेश हुन नआएको सम्बन्धमा प्रतिक्रियासाथ खर्चको विवरण पेश भएको छ यसबाट पालिकाले निर्माण सम्पन्न गरेका र निर्माणाधिन झोलुङ्गे पुलको कार्य सम्पन्न स्थिति, गुणस्तर परिक्षण र भुक्तानी अवस्था सम्बन्धमा पर्याप्त प्रमाण पुष्ट्याईसाथ यकिन गरेर मात्रै भुक्तानी गर्नुपर्दछ । | 0.00 |
| ७ | **शिक्षक कम्प्यूटर तालिम :**<br>(भौ न ५८-३।१८) पालिकाले विभिन्न विद्यालयमा कार्यरत ५० शिक्षकलाई २२० घण्टाको कम्प्यूटर तालिम सञ्चालन गर्न साईवर स्पेस कम्प्युटर इन्स्टिच्यूट दमक झापासँग सम्झौता गरेको छ । उक्त भुक्तानीसाथ इन्स्टिच्युटले एकै मितिमा एकै प्रयोजनमा दुई फरक फरक कर बिजक जारी गरेको देखिएको सम्बन्धमा सम्बन्धित कर कार्यालयबाट सो को आधिकारिकता यकिन हुने कागजात पेश गर्नुपर्ने तथा उक्त अवधिको तालिम सम्पन्न गरेपश्चात सहभागीले प्रमाणपत्र प्राप्त गरेको समेत नदेखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने व्यहोरा औल्याईएकोमा प्रमाण पत्र पेश भएतापनि कर विवरण समावेश भएको पुष्ट्याई पेश नभएकोले सो पेश हुनुपर्दछ । | 0.00 |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : उर्लाबारी नगरपालिका, मोरङ , उर्लाबारी नगरपालिका , मोरङ्ग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अर्जुन निरौला | २०८०-५-४ | २०८०-११-२१ |
| कार्यालय प्रमुख | अग्नि प्रसाद अधिकारी | २०७८-११-२२ | २०८०-५-४ |
| कार्यालय प्रमुख | राज कुमार के.सी. | २०८०-११-२२ | २०८१-५-१९ |
| कार्यालय प्रमुख | अभय कुमार गुप्ता | २०८१-५-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गोविन्द कार्की | २०७३-१२-२२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८,५३८,०१५.६६ | ७,५६७,३०१ | ३९,०९३,१०२ | ० | ० | ५०३,२७७ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५५,७०१,६९५.६६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४१,६६५,५५३.९५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | २,४७४,६३४.९५ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १६,५१०,७७६.६६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २००८९९५००.७८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६८७८४७०८० | चालु खर्च | ४५९११६७२८.३ |
| प्रदेश सरकारबाट अनुदान | २८९७४००० | पूँजीगत खर्च | ४४६५०७९९८.५५ |
| राजश्व बाँडफाँट | १६१४८५५२६.१२ | वित्तीय/अन्य व्यवस्था | ४३९५७५९३९.०७ |
| आन्तरिक आय | ६९१५२३४६.८८ | | |
| अन्य आय | ३४२७८४३८१.२३ | | |
| कुल आय | १२९०२४३३३४.२३ | कुल खर्च | १३४५२००६६५.९२ |
| बाँकी मौज्दात | | १४५९४२१६९.०९ | |

## बेरूजु दफा ४ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.सं. | व्यवस्थापन सहयोगका कार्यक्रम वा शिर्षक | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | सरस्वती सेवा समाज व्यवस्थापन | १५००००. | १४६२५०. |
| २ | अनन्त जिवन मण्डली व्यवस्थापन | १२४०००. | १०५९८१. |
| ३ | राधाकृष्ण मन्दिर व्यवस्थापन सहयोग | १०००००. | १०००००. |
| ४ | गुरु गोरक्षनाथमा पुजा तथा सलामी खर्च सहयोग | १०००००. | १०००००. |
| ५ | ओमेगा चर्चमा व्यवस्थापनपुरानो मंगलबारे | १०००००. | ९७५००. |
| ६ | शिवालय मन्दिर व्यवस्थापन | १०००००. | ९७५००. |
| ७ | राधाकृष्ण मन्दिर व्यवस्थापन | १०००००. | ९७५००. |
| ८ | पर्यटन प्रवर्द्धनका लागि पाथिभारा माता मन्दिर व्यवस्थापन | १०००००. | ९७५००. |
| ९ | सत्संग भवन मर्मत तथा व्यवस्थापन | १०००००. | ९७५००. |
| १० | पाथिभरा मन्दिर व्यवस्थापन सहयोग | १०००००. | ९७४९९. |
| ११ | ज्ञानुदय हरि किर्तन मण्डलीलाई नौमती बाजा बजाउने तालिम तथा सामान खरिद | ८००००. | ८००००. |
| १२ | आम्बारी काली मन्दिरमा दुर्गा पुजा व्यवस्थापन | ३००००. | ३००००. |
| १३ | ल्होसार पर्व व्यवस्थापन | ३००००. | ३००००. |
| १४ | दुर्गापुरी शिवालय मन्दिरमा दुर्गा पुजा व्यवस्थापन | ३००००. | ३००००. |
| १५ | क्रिसमस डे व्यवस्थापन | ३००००. | ३००००. |
| १६ | हनुमान मन्दिर पुजा सामग्री व्यवस्थापन सहयोग | २५०००. | २५०००. |
| १७ | राधाकृष्ण भजन किर्तन भण्डलीलाई सामाग्री खरिद | २५०००. | २५०००. |
| १८ | सिद्धिविनायक भजन किर्तन भण्डलीलाई सामाग्री खरिद | २००००. | २००००. |
| | जम्मा | १३४४०००. | १३०७२३०. |

## बेरूजु दफा ६ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|
| १ | राष्ट्रिय समाचार पत्र दैनिक | ३८४१५. |
| २ | प्राइम एफ.एम. प्रा.लि. | ४७६००. |
| ३ | पुर्वसन्देस दैनिक | ६८९५. |
| ४ | विगहव नेटवर्क | २९६८७१. |
| ५ | श्रम रोजगार प्रेस एण्ड मिडिया हाउस | २९५५. |
| ६ | वर्षा मिडिया प्रा.लि. | २९५५. |
| ७ | कदर मिडिया प्रा. लि | ३४४७. |
| ८ | पाथिभरा नेटवर्क प्रा.लि. | ४१६१७३. |
| ९ | पुर्व न्युज मिडिया | २५७५८२. |
| १० | हिम शिखर मिडिया प्रा.लि. | ४२८४८. |
| ११ | साहित्य सरोकार मिडिया प्रा.लि. | २९५५. |
| १२ | पाथीभरा एफ.एम.प्रा.लि. | ११११५०. |
| १३ | कोशी दैनिक मिडिया नेटवर्क | ५७१६८२. |
| १४ | वारपार नेपाल मिडिया | ५८६५०. |
| १५ | जोईन मिडिया हाउस प्रा.लि. | २४७४७४. |
| १६ | नवयुग मिडिया | ८८२९४. |
| १७ | इन्जो मिडिया | ९८५०. |
| १८ | मम नेपाल मिडिया प्रा.लि. | ३९४०. |
| १९ | फटाफट न्यूज एण्ड नेटवर्क प्रा.लि. | ९८५०. |
| २० | प्राइम एफ.एम. प्रा.लि. | २९१८९०. |
| २१ | पूर्व सन्देश दैनिक | १०७८५. |
| २२ | नमस्ते दैनिक | २९५५. |
| २३ | हिमशिखर टेलिभिजन | ४४४०४. |
| २४ | एस.के.मिडिया एडभरटाईजिङ्ग | ३९४०. |
| २५ | सुचनाको हक मिडिया प्रा लि | ७८८०. |
| | | |

| | | |
|---|---|---|
| २६ | न्यु सृष्टि दैनिक | १९७००. |
| २७ | मुलपानि मिडिया प्रा.लि. | २९५५. |
| २८ | जे.पि मिडिया प्रा.लि. | ५२५००. |
| २९ | सुनाखरी मिडिया प्रा. लि. | २८५६५. |
| ३० | बेतना दैनिक | ४९२५. |
| ३१ | दिब्य ज्योति मिडिया | १६०५१०. |
| ३२ | मावा टाइम्स मिडिया प्रा.लि. | २१६७०. |
| ३३ | मिडिया कनेक्सन सेन्टर | ५९१०. |
| ३४ | उभार मिडिया प्रा.लि. | १८४४१३. |
| ३५ | क्राईम नेपाल मिडिया | १७४३३. |
